# गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन २०७९

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, नेपाल

# गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, नेपाल

# मन्तव्य



नेपालको संविधान र सङ्घीय शासन प्रणाली अनुसार गण्डकी प्रदेश सरकार गठन भएको पाँच वर्ष पूरा भैसक्दा पनि प्रदेश सरकारको राजस्व सङ्कलन तथा परिचालनको अवस्था कमजोर रहेको छ। प्रदेश सरकारले तर्जुमा गरेको पहिलो आवधिक योजनाको मार्गचित्र अनुसार विकास कार्य संचालन गर्न र प्रदेशबासीमा सेवा सुविधा प्रवाह गर्न नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणबाट वार्षिक रुपमा प्राप्त हुने रकममा भर पर्नु पर्ने अवस्था रहेको छ। गण्डकी प्रदेश भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक स्रोत साधनले सम्पन्न रहेको छ। यस प्रदेशमा उपलब्ध उक्त स्रोत साधनको अधिकतम परिचालन गरी प्रदेशले लिएको **'समृद्ध प्रदेश र सुखी प्रदेशबासी'** को लक्ष्य पूरा गर्न सकिने देखिन्छ। यस प्रदेशमा स्थानीय सरकारले सम्पादन गर्न नसक्ने र नेपाल सरकारको प्राथमिकता नपरेको तर प्रदेशको आवश्यकता र प्राथमिकताको विकास कार्य सञ्चालन गर्न उल्लेख्य स्रोतको आवश्यकता छ।

प्रदेश सरकारले भोगेका विभिन्न समस्या र चुनौती मध्ये विकास कार्य संचालनमा स्रोत साधनको सीमितता र राजस्व परिचालन पनि एक प्रमुख समस्याको रुपमा रहेको छ। गण्डकी प्रदेशको राजस्व सुधार कार्ययोजना सहितको राजस्व सम्भाव्यता तथा व्यवस्थापन अध्ययन गरी तयार गरिएको यस प्रतिवेदनले वैज्ञानिक र यथार्थपरक ढङ्गले राजस्व सङ्कलनमा वृद्धि गर्नेछ भन्ने विश्वास लिएको छु।

यस कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यहरु डा. सुवास अधिकारी र माया तिम्सिनाप्रति आभार व्यक्त गर्दछु। नीति तथा योजना आयोगका सचिव लगायत अन्य कर्मचारीहरु, प्रमुख सचिव, प्रदेशस्तरीय विषयगत मन्त्रालयका सचिवहरु तथा अन्य कर्मचारीहरु, यो दस्तावेज तयार पार्ने कार्यमा आर्थिक सहयोग उपलब्ध गराउने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Level Governance Support Program, PLGSP) साथै यस अध्ययन कार्यमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभाग र अध्ययन कार्यको नेतृत्व गर्ने प्रा. डा. राम प्रसाद ज्ञवाली लगायत संलग्न टिमलाई विशेष धन्यवाद दिन चाहन्छु।

डा. रघुराज काफ्ले
**उपाध्यक्ष**
२०७९, मंसिर

# विषय सूची


चित्रहरूको सूची ........ vi
तालिकाहरूको सूची ........ vii
प्राक्कथन ........ Error! Bookmark not defined.
**परिच्छेद एकः परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ अध्ययनको उद्देश्य (Objectives of the Study) ........ २
१.३ अध्ययनको महत्व ........ ३
१.४ अध्ययनको विधि ........ ३
१.६ अध्ययन प्रतिवेदनको ढाँचा ........ ६
**परिच्छेद दुई: राजस्व सम्बन्धी संवैधानिक, कानूनी र नीतिगत व्यवस्था** ........ ७
२.१ सङ्घीय सरकारको व्यवस्था ........ ७
२.२ प्रदेश सरकारको व्यवस्था ........ ७
२.३ गण्डकी प्रदेशको कर तथा गैर-कर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिमको व्यवस्था ........ ८
२.४ स्थानीय सरकारको व्यवस्था ........ ९
२.५ राजस्वको बाँडफाँटको व्यवस्था ........ १०
२.५.१ मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट ........ १०
२.५.२ प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट ........ ११
२.५.३ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका सैद्धान्तिक एवम् अन्य आधारहरू ........ १२
२.५.४ पर्वतारोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा ........ १२
२.५.५ विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा ........ १३
२.५.६ वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा ........ १४
२.५.६.१ राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट ........ १४
२.५.६.२ संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँट ........ १६
२.५.६.३ खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा ........ १६
२.६ अनुदानको व्यवस्था ........ १७
२.६.१ वित्तीय समानीकरण अनुदान ........ १७
२.६.१.१ न्यूनतम वित्तीय समानीकरण अनुदान ........ १७
२.६.१.२ सुत्रमा आधारित न्यूनतम वित्तीय समानीकरण अनुदान ........ १७
२.६.१.३ कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदान ........ १८
२.६.२ सशर्त अनुदान ........ १८

२.६.३ समपूरक अनुदान ........................................................................................१९
२.६.४. विशेष अनुदान........................................................................................१९
**परिच्छेद तीनः आन्तरिक स्रोत परिचालनको अवस्था र सम्भावना** ........................................ २०
३.१ आन्तरिक राजस्वका शीर्षकहरु ........................................................................ २०
३.२ प्रदेश सरकारको एकल अधिकारको कर....................................................................... २४
३.३ बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क ........................................२६
३.४ गण्डकी प्रदेशलाई प्राप्त विभिन्न अनुदानहरु ........................................................२७
३.५ गण्डकी प्रदेशमा बाँडफाँट भई प्राप्त हुने रोयल्टी........................................................ २८
३.६ नमूना गाँउपालिका तथा नगरपालिकाहरुको प्रदेश सरकारको राजस्वमा योगदान.....................२९
३.७ गण्डकी प्रदेशमा राजस्व बढाउने सम्भावना र सुझावहरु ..............................................३५
३.७.१. करमा आधारित स्रोतहरू.................................................................................३५
३.७.१.१ मनोरञ्जन कर.............................................................................................३५
२.७.१.२ विज्ञापन कर ............................................................................................. ३६
२.७.१.३ ढुङ्गा, गिट्टी, र बालुवामा दहत्तर बहत्तर ............................................................. ३६
३.७.१.४ घर जग्गा रजिस्ट्रेसन.....................................................................................३८
३.७.१.५ सवारी साधन कर ..........................................................................................३८
३.७.२ गैरकरहरु (प्रदेश सरकारको) ............................................................................. ४०
३.७.२.१ सेवा शुल्क दस्तुर ........................................................................................ ४०
३.७.२.२ पर्यटन शुल्क............................................................................................. ४०
३.७.२.३ दण्ड जरिवाना............................................................................................ ४१
**परिच्छेद चारः राजस्व प्रशासन र प्रविधि** ............................................................... ४२
४.१ सार्वजनिक प्रशासन र सूचना प्रविधि.................................................................... ४२
४.२ प्रदेशको राजस्व प्रशासनमा सूचना प्रविधिको विद्यमान अवस्था........................................ ४३
४.२.१ घरजग्गा रजिस्ट्रेसन लगायतका शुल्क ................................................................. ४३
४.२.२ सवारी साधन कर सङ्कलनः ................................................................................४४
४.२.३. सेवा शुल्क ..................................................................................................४४
४.२.४. राजस्व प्रशासन..............................................................................................४४
४.२.५. अन्य राजस्व ................................................................................................४५
४.२.६ प्रदेशको वार्षिक बजेटमा सूचना प्रविधि.................................................................. ४५
४.३ राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगमा देखिएका चुनौतीहरू...................................... ४५
४.४ राजस्व प्रशासनमा सूचना प्रविधिको सम्भावना र सुझावहरू ........................................... ४५
४.४.१ नीतिगत तथा कानुनी व्यवस्था ........................................................................... ४५

४.४.२ संस्थागत तथा संरचनागत सुदृढीकरण ........ ४६
४.४.३ प्रस्तावित महाशाखाको दरबन्दी संरचना ........ ४६
४.४.४ प्राविधिक पूर्वाधारको स्पष्ट आधार तथा व्यवस्थापन ........ ४७
४.४.५ प्रणालीको विकास र अपनत्व ........ ४८
४.४.६ ई-भूक्तानीको आन्तरिकीकरण र विस्तार ........ ४८
४.४.७ प्रणाली विकासको र सञ्चालन ........ ४९
४.५ निष्कर्ष ........ ५०
**परिच्छेद पाँचः आन्तरिक स्रोत परिचालनको रणनीति र राजस्व सुधार योजना** ........ ५१
५.१ परिचय ........ ५१
५.२ आन्तरिक स्रोत परिचालन रणनीति ........ ५२
५.३ आन्तरिक राजस्व सुधार योजना ........ ५२
५.४ सारांश ........ ५५
**परिच्छेद छः राजस्व प्रक्षेपण** ........ ५६
६.१ विभिन्न परिदृश्य उठ्न सक्ने सम्भावित राजस्व र मान्यताहरू ........ ५६
६.२ आगामी तीन वर्षमा उठ्न सक्ने आन्तरिक राजस्वको लेखाजोखा ........ ६०
**परिच्छेद सातः निष्कर्ष तथा सुझावहरू** ........ ६२
७.१ निष्कर्ष ........ ६२
७.२ प्रदेश सरकारको कर राजस्वका स्रोतबारे सुझावहरू ........ ६३
७.२.१ मनोरञ्जन कर ........ ६३
७.२.२ विज्ञापन कर ........ ६३
७.२.३ ढुङ्गा, गिट्टी, र बालुवामा दहत्तर/बहत्तर ........ ६४
७.२.४ ऐन संशोधन ........ ६४
७.२.५ घर जग्गा रजिस्ट्रेसन ........ ६५
७.२.६ सवारी साधन कर ........ ६६
७.३ प्रदेश सरकारको गैरकर राजस्वका स्रोतबारे सुझावहरू ........ ६७
७.३.१ सेवा शुल्क दस्तुर ........ ६७
७.३.२ पर्यटन शुल्क ........ ६७
७.३.३ दण्ड जरिवाना ........ ६७
७.३.४ प्रविधि र राजस्व प्रशासन ........ ६८
**सन्दर्भ सामाग्री** ........ ७०

# चित्रहरूको सूची


चित्र नं. ३.१: राजस्वका मुख्य दश शीर्षकहरू (करोडमा; आ.व.२०७७/७८) ............................. २०

चित्र नं. ३.२: मुख्य दश राजस्वका शीर्षकहरु (प्रतिशतमा, आ.व.२०७७/७८ मा)........................... २२

चित्र नं. ३.३: आ.व. २०७७/७८ मा अन्य स्रोतहरूको योगदान (%)........................................ २३

चित्र नं. ३.४: प्रदेश र स्थानीय सरकारका साझा शीर्षकहरूबाट राजस्व (लाखमा)........................... २५

चित्र नं ३.५: बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (करोडमा)......................... २६

चित्र नं ३.६: गण्डकी प्रदेशलाई प्राप्त विभिन्न अनुदानहरु (करोडमा)........................................... २७

चित्र नं ३.७: बाँडफाँट भई प्राप्त हुने रोयल्टी (करोडमा)...................................................... २८

चित्र नं. ५.१: आन्तरिक राजस्व सुधार योजनाको मार्गचित्र...................................................... ५३

चित्र नं. ६.१: राजस्व उठ्न सक्ने पाँच परिदृश्यहरू (हजारमा)................................................ ५९

# तालिकाहरूको सूची


तालिका नं २.१: नेपाल सरकारले कर तथा गैरकर राजस्वका स्रोतहरु........................................ ७
तालिका नं २.२: प्रदेश सरकारले कर तथा गैरकर राजस्वका स्रोतहरु ........................................ ८
तालिका नं २.३: स्थानीय सरकारले कर तथा गैरकर राजस्वका स्रोतहरु..................................... ९
तालिका नं २.४: नेपालको संविधानले प्रदेशलाई दिएको अधिकार .............................................१०
तालिका नं २.५: सङ्घ, प्रदेश र स्थानीय सरकारको रोयल्टी बाँडफाँटको व्यवस्था (%) ....................१२
तालिका नं २.६: स्थानीय तहले प्राप्त गर्ने रोयल्टी निर्धारण....................................................१२
तालिका नं २.७: विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटको आधार......................................१३
तालिका नं २.८: राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको आधार................................... १४
तालिका नं २.९: संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँट ................................................१६
तालिका नं २.१०: खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटको आधार.......................१६
तालिका नं २.११: सङ्घीयबाट प्रदेश सरकारमा जाने सुत्रमा समानीकरण अनुदान...........................१७
तालिका नं २.१२: प्रदेश वा स्थानीय सरकारको विशेष अनुदानको व्यवस्था .................................१९
तालिका नं ३.१ अन्य राजस्वका स्रोतहरु (रु. हजारमा ) ......................................................२२
तालिका नं. ३.२: बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (हजारमा)......................२६
तालिका नं. ३.३: स्थानीय तहमा मनोरञ्जन कर (रु. हजारमा)................................................२९
तालिका नं. ३.४: स्थानीय तहमा विज्ञापनकर (रु. हजारमा) .................................................. ३१
तालिका नं. ३.५: स्थानीय तहमा सवारी साधन कर(रु. हजारमा).............................................३२
तालिका नं. ३.६: स्थानीय तहमा दहत्तर बहत्तर शुल्क (रु. हजारमा)........................................ ३३
तालिका नं. ३.७: स्थानीय तहमा घरजग्गा रजिस्ट्रेसन (रु. हजारमा) ........................................ ३४
तालिका नं. ६.१ : विभिन्न परिदृश्य र उठ्न सक्ने सम्भावित राजस्व र मान्यताहरू.........................५६
तालिका नं. ६.२ : आगामी वर्षहरूमा उठ्न सक्ने आन्तरिक राजस्वको प्रक्षेपण (रु. हजारमा)...........६०

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान जारी भए पछि मुलुक एकात्मक शासन पद्धतिबाट सङ्घीय पद्धतिमा परिवर्तन भई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था भएको छ। संविधानको अनुसूचीमा व्यवस्था भए बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरिएको छ। यस सन्दर्भमा संविधानले नै वित्तीय सङ्घीयताको आधारशिला खडा गरी सबै तहका सरकारका लागि एकल र साझा अधिकारका सूची अनुरूप राजस्व सङ्कलन र खर्चको जिम्मेवारी समेत सुम्पेको छ। यसरी तीनै तहको सरकारसँग कानुन बनाउने, बजेट तथा योजना तयार गर्ने र आफ्नै स्रोत परिचालन गर्ने संवैधानिक अधिकार निहित रहेको छ। तर, वित्तीय सङ्घीयताको आयाम प्रदेश सरकारका लागि नौलो अभ्यास भएका कारणले गण्डकी प्रदेशले यथेष्ठ रूपमा राजस्व सङ्कलन गर्न नसकेको यथार्थ नकार्न सकिँदैन।

सङ्घीय गणतन्त्र स्थापना पछि सिर्जित जन-आकाङ्क्षाहरूलाई सम्बोधन गर्न र गण्डकी प्रदेशमा विकास प्रक्रियालाई गति प्रदान गर्न प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन व्यवस्थित, प्रभावकारी, परिणाममुखी र अत्यन्त सम्भावनायुक्त (Potential) स्तरमा पुऱ्याउन जरुरी देखिन्छ। प्रदेशको आन्तरिक राजस्व स्रोत भन्नाले प्रदेश सरकारले संविधान, ऐन, कानुन बमोजिम लगाउन पाउने कर तथा उठाउन पाउने सेवा शुल्कलाई बुझाउँछ। यो राजस्व असुली नै प्रदेश सरकार सञ्चालनको प्रमुख आधारको रुपमा समेत रहेको हुन्छ। केन्द्र सरकारको अनुदान अर्को आधार हो अहिले यसको आकार ठूलो भए पनि आन्तरिक स्रोत नबढाउँदासम्म प्रदेश बलियो हुँदैन। अतः सङ्घीय शासन प्रणालीको मेरुदण्डको रुपमा स्थापित प्रदेश सरकारको आन्तरिक आय र राजस्व परिचालनलाई प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउन आवश्यक छ। यसका लागि राजस्व सम्भावनाको अध्ययन, विश्लेषण र प्रभावकारी राजस्व व्यवस्थापन कार्ययोजना तर्जुमा गर्न जरुरी छ।

वित्तीय सङ्घीयताको अवधारणा बमोजिम विगतमा केन्द्रीकृत राजस्व अधिकार विकेन्द्रित भई प्रदेश तथा स्थानीय तहसम्म पुगेको, तीनै तहका सरकारबीचको समन्वय र सहकार्यमा राजनीतिक प्रणालीको सुदृढीकरण गर्दै आर्थिक विकासको अवसर प्रदेश सरकारलाई प्राप्त भएको छ। साथै, संविधानको अनुसूचीमा रहेका अधिकारहरूको कार्यान्वयन गर्न प्रदेश तहमा संयन्त्र विकास हुँदै जानु र सार्वजनिक वित्तको परिचालनमा सबै पक्षको सक्रिय सहभागिता बढ्दै जानु राजस्व परिचालन क्षेत्रका अवसरहरु हुन्।

तर, प्रदेश तहमा संविधान र कानुन बमोजिम कर र गैरकरका आधार कमजोर रहेको, सङ्घीय संरचना अन्तर्गत प्रदेश सरकारको अभ्यास प्रारम्भिक अवस्थामा रहेको हुँदा कर तथा गैरकर सङ्कलन तथा व्यवस्थापन गर्ने संयन्त्र स्थापित भइसकेको छैन। यस अवस्थामा राजस्व सङ्कलन गर्ने पद्धतिको विकास

भैसकेको छैन। प्रदेश सरकार स्थापना र सञ्चालनको प्रारम्भिक अवस्थामा कर र गैरकर स्रोतबाट राजस्व सङ्कलनको अवस्था न्यून रहेको छ।

तसर्थ, राजस्व व्यवस्थापनमा वैज्ञानिक प्रणालीको विकास गरी राजस्व सङ्कलन तथा परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ। गण्डकी प्रदेशको विगत ३ वर्षको यस राजस्व सङ्कलनको अवस्थालाई केलाउने हो भने सुधारोन्मुख भए पनि राजस्व असुली प्रक्रियालाई अझै पनि व्यवस्थित गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

आर्थिक वर्ष ०७६/७७ को वार्षिक लक्ष्य ३.२८ अर्ब रहेकोमा असुली मात्र २.४१ अर्ब रहेको र आ.व. ०७७/७८ को लक्ष्य ५.०१ अर्ब रहेकोमा असुली मात्र ३.४१ अर्ब (स्रोतः प्रदेश अर्थ मन्त्रालय, गण्डकी प्रदेश, २०७८) भएबाट गण्डकी प्रदेशको कर तथा राजस्व असुली एवम् परिचालनको अवस्था कमजोर भएको देखिन्छ। महालेखा परीक्षकको ५७ औं प्रतिवेदनले पनि गण्डकी प्रदेशले स्रोत र साधनको प्राप्ती, उपयोग र राजस्व असुली सुधारको आवश्यकता औंल्याएको छ। यसैगरी आई.आई.डी.एस. को अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुसार गण्डकी प्रदेशको कुल राजस्व सङ्कलन सङ्घीय अनुदानको २५ प्रतिशत मात्र रहेको छ जुन राजस्व बाँडफाँटको दृष्टिकोणबाट ज्यादै न्यून हो।

अतः गण्डकी प्रदेशको कर तथा गैरकर राजस्व परिचालनका आधारहरू बढाउन जरुरी छ। यसका लागि प्रदेश सरकारको राजस्व अधिकार सम्बन्धी संवैधानिक, नीतिगत कानुनी व्यवस्था कस्तो छ ? आन्तरिक स्रोत परिचालनको विद्यमान अवस्था कस्तो छ ? र राजस्व परिचालनका थप सम्भावनाहरू के-के छन् ? राजस्व अभिवृद्धिका लागि विद्यमान नीति, कानुन, संस्थागत संरचनामा सुधार गर्न आवश्यक छ छैन ? राजस्व प्रशासन प्रविधि मैत्री छ छैन? भन्ने सम्बन्धमा एक विस्तृत अध्ययन गर्न आवश्यक छ। यस्तो अध्ययनले मात्र आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि र त्यसका लागि रणनीति तयार गर्न सहयोग पुऱ्याउँछ र व्यावहारिक राजस्व सुधार कार्ययोजना तयार गर्न सकिने हुन्छ। यही तथ्यलाई दृष्टिगत गरी यो अध्ययनले निम्न उद्देश्यहरू राखेको छ।

## १.२ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस कार्यको मुख्य उद्देश्य गण्डकी प्रदेशको राजस्व सुधार कार्ययोजना सहितको राजस्व सम्भाव्यता तथा व्यवस्थापन अध्ययन गरी प्रतिवेदन तयार गर्नु रहेको छ। यस अध्ययनका निर्दिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्।

- प्रदेश सरकारको राजस्व अधिकार सम्बन्धी संवैधानिक, नीतिगत, कानुनी व्यवस्थाको अध्ययन गर्ने,
- प्रदेश सरकारको आन्तरिक स्रोत परिचालनको सम्भावना र विद्यमान अवस्था विश्लेषण गरी स्रोत परिचालन सम्बन्धी अन्तर (Gap) पहिचान गर्ने,
- प्रदेशको प्रस्तावित स्रोत परिचालनका निम्ति आवश्यक पर्ने नीति तथा कानुन सुधारका लागि सुझाव पेश गर्ने,

- प्रदेश सरकारको राजस्व प्रशासन सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री र व्यवस्थित गर्न आवश्यक सुझाव पेश गर्ने,
- प्रदेश सरकारको आन्तरिक स्रोत परिचालनको रणनीति तयार गरी सो रणनीतिका आधारमा क्षेत्रगत/ शीर्षकगत स्रोत वृद्धिको सुझाव सहितको व्यवहारिक राजस्व सुधार कार्ययोजना तयार गर्ने,
- प्रदेश सरकारको आगामी ३ वर्षको शीर्षकगत राजस्वको प्रक्षेपण गर्ने।

## १.३ अध्ययनको महत्व

गण्डकी प्रदेशको प्रदेशगत राजस्वको सम्भाव्यताको अध्ययन भैरहेको छैन। सम्भवतः मुलुक सङ्घीय संरचनामा परिवर्तन भएपछि यो अध्ययन प्रथम अध्ययन हुनेछ। अतः यसको महत्व स्वतः प्रष्ट छ। यसले आन्तरिक स्रोत अभिवृद्धिका बाटाहरू पहिल्याउने हुँदा यस क्षेत्रको राजस्व वृद्धि गर्न यो सहयोगी हुनेछ।

## १.४ अध्ययनको विधि

यो अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै तथ्याङ्क विधिहरू प्रयोग गरिएको छ।

**पुस्तकालय विधिः** प्रदेश सरकारको राजस्व अधिकार सम्बन्धी संवैधानिक, नीतिगत, कानूनी व्यवस्थाको विद्यमान स्थितिको अध्ययन गर्नका लागि पुस्तकालय विधि प्रयोग गरिएको छ। नेपालको संविधान, अर्थ सम्बन्धी विभिन्न ऐनहरू, विनियमहरू, मापदण्डहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्रकाशित विभिन्न जानकारी पुस्तिकाहरू अध्ययन तथा विश्लेषण पुस्तकालय विधिबाट गरिएको छ।

**द्वितीय स्रोतका तथ्याङ्कहरूः** प्रदेश सरकारको विद्यमान राजस्वको अवस्था विश्लेषण गर्नका लागि द्वितीय स्रोतका तथ्याङ्क प्रयोग गरिएको छ। प्रदेश अर्थ मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, तथा प्रदेश नीति तथा योजना आयोग यसका प्रमुख स्रोत हुन्। यसका अतिरिक्त पोखरा महानगरपालिका, विनयी त्रिवेणी गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, बागलुङ्ग नगरपालिका, कुश्मा नगरपालिका र पुतलीबजार नगरपालिकाहरूबाट तिनले परिचालन गरेका विद्यमान राजस्वको अवस्थाको तथ्याङ्क सम्बन्धित पालिकाहरूबाट लिइएको छ।

**नमूना छनोटः** तथ्याङ्क सङ्कलन तथा अध्ययनका लागि आवश्यकता अनुसार निम्न पालिकाहरूको नमूना छनोट गरिएको छ। महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरू समेट्ने गरी पालिकाहरू छनोट गरिएको छ र ती पालिकाहरु यस प्रकार छन्।

- पोखरा महानगरपालिका, कास्की
- शुक्लागण्डकी नगरपालिका, तनहुँ
- व्यास नगरपालिका, तनहुँ
- बागलुङ्ग नगरपालिका, बागलुङ्ग
- कुश्मा नगरपालिका, पर्वत

- पुतलीबजार नगरपालिका, स्याङ्जा
- विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी

यसरी अध्ययनका लागि पालिकाहरू छनोट गर्दा ६ जिल्लाहरू समेटिएको छ।

**लक्षित समुह छलफल तथा कार्यशाला (Focus Group Discussion/ Workshop):** नवीनतम राजस्वका स्रोतहरूको सम्भावना, करका दर परिवर्तनका सम्भावना र कर राजस्वका आधार अभिवृद्धिका सम्भावनाका खोजका लागि सरोकारवाला समूहसँग Focus Group Discussion गरिएको छ। यसका लागि आवश्यक पर्ने प्रश्नावली तथा चेकलिस्ट अनुसूचीमा दिइएको छ। निम्न समूहहरूसँग छुट्टाछुट्टै ग्रुपमा छलफल गरिएको छ।

- प्रदेश अर्थमन्त्रालयमा कार्यरत विज्ञ तथा राजस्व परामर्श समितिका सदस्यहरू
- प्रदेश नीति तथा योजना आयोगमा कार्यरत विज्ञ तथा कर्मचारीहरू
- यातायातका आर्थिक गतिविधिसँग सम्बन्धित सरोकारवाला
- मनोरञ्जन, विज्ञापन, पर्यटन तथा सेवा सम्बन्धी सरोकारवाला
- उर्जा मन्त्रालयमा कार्यरत कर्मचारीहरू
- राष्ट्रिय वन तथा वातावरणसँग सम्बन्धित आर्थिक गतिविधिका सरोकारवाला
- राजस्वमा प्रदेश तहमा ख्यातिप्राप्त विज्ञहरू
- अन्नपूर्ण संरक्षण कोषमा कार्यरत कर्मचारीहरू
- पोखरा महानगरपालिका, कास्कीमा कार्यरत कर्मचारीहरू
- शुक्लागण्डकी नगरपालिका, तनहुँमा कार्यरत कर्मचारीहरू
- व्यास नगरपालिकामा कार्यरत कर्मचारीहरू
- बागलुङ्ग नगरपालिका, बागलुङ्गमा कार्यरत कर्मचारीहरू
- कुश्मा नगरपालिका, पर्वतमा कार्यरत कर्मचारीहरू
- पुतलीबजार नगरपालिका, स्याङ्जामा कार्यरत कर्मचारीहरू
- विनयी त्रिवेणी गाउँपालिका, नवलपरासीमा कार्यरत कर्मचारीहरू

**तथ्याङ्क विश्लेषण विधिः** द्वितीय स्रोतबाट प्राप्त सङ्ख्यात्मक तथ्याङ्कहरूको विश्लेषण साङ्ख्यीकीय पद्धतिबाट गरिएको छ। यसमा ग्राफ, पाइचार्ट, अनुपात, टेबल आदि प्रयोग गरिएको छ। Focus Group Discussion बाट आएका तथ्यहरूको विश्लेषण Synthesis पद्धतिबाट गरिएको छ। अतः गुणात्मक विधिमा अनुसन्धानकर्ताको Synthesis पछिको निचोड नै अनुसन्धानको उपलब्धि हुने हुँदा सोही अनुसार गरिएको छ।

**राजस्व सुधार कार्य योजनाः** राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि आन्तरिक स्रोत परिचालनको रणनीति तयार गरिने छ। राजस्व अधिकार सम्बन्धी संवैधानिक, नीतिगत र कानुनी व्यवस्थाको अध्ययनबाट निस्केका उपलब्धि, द्वितीय स्रोतबाट प्राप्त सङ्ख्यात्मक तथ्याङ्कहरूको विश्लेषणको निचोड तथा Focus Group Discussion बाट आएका तथ्यहरूको आधारमा आन्तरिक स्रोत परिचालनको

रणनीति तयार गरिनेछ। यो रणनीतिलाई कार्यशाला गोष्ठीमा परीक्षण गरी अन्तिमरूप दिइनेछ। रणनीतिसँग सम्बन्धित कार्यनीतिहरू तयार हुनेछन्। यसैका आधारमा राजस्व सुधार कार्ययोजना तयार हुनेछ।

**राजस्वको प्रक्षेपणः** प्रदेश तहको राजस्वको तथ्याङ्कको लामो ऐतिहासिक पृष्ठभूमि नभएका कारणले Time Series Analysis मा आधारित Econometric Analysis को विधि त्यति सान्दर्भिक रहँदैन। सङ्घीय संरचना सुरु भएपछिको तथ्याङ्कको आधारमा र राजस्व सुधार कार्ययोजनाबाट वृद्धि हुने राजस्वको अनुमान गरी अर्को आँकडा आँकलन गरी दुवै आँकडाको मिलानबाट प्रदेश तहको राजस्वको प्रक्षेपण गरिएको छ।

**स्थलगत निरीक्षणः** Focus Group Discussion बाट आएका तथ्यहरूबाट नयाँ करका सम्भावना र नयाँ क्षेत्रमा कर लगाउन सक्ने देखिएका स्थानहरूको स्थलगत निरीक्षण गरी गुणात्मक विधिबाट अध्ययन गरिएको छ। आर्थिक क्रियाकलाप र राजस्व सङ्कलनको यथास्थितिको जानकारी लिन निम्न पालिकाहरूमा स्थलगत निरीक्षण गरी अध्ययन गरिएको छ।

- पोखरा महानगरपालिका,
- शुक्लागण्डकी नगरपालिका
- व्यास नगरपालिका
- बागलुङ्ग नगरपालिका
- कुश्मा नगरपालिका
- पुतलीबजार नगरपालिका
- विनयी त्रिवेणी गाउँपालिका

**Key Informants Interview:** यो अध्ययनको शिलसिलामा प्रदेश तथा राष्ट्रिय स्तरमा ख्यातीप्राप्त विज्ञ र व्यक्तित्वहरूसँग अन्तरवार्ता लिइएको छ।

## १.६ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन निम्न परिच्छेदहरूमा विभाजन गरिएको छ। प्रथम परिच्छेदमा "परिचय" मा अध्ययनको पृष्ठभूमि, उद्देश्य, महत्त्व, अध्ययन विधि, अध्ययनको सङ्गठन प्रस्तुत गरिएको छ। द्वितीय परिच्छेदमा "राजस्व अधिकार सम्बन्धी संवैधानिक, नीतिगत र कानूनी व्यवस्थामा पूर्वकार्य समीक्षा र नेपालमा प्रदेशगत राजस्वको कानूनी र नीतिगत व्यवस्थाको व्याख्या गरिएको छ। तृतीय परिच्छेदमा "आन्तरिक स्रोत परिचालनको विद्यमान अवस्था र भावी सम्भावना" राजस्वको वर्तमान अवस्था र यसको वृद्धि गर्न सक्ने सम्भावनाबारे चर्चा गरिएको छ। चतुर्थ परिच्छेदमा राजस्व प्रशासन र प्रविधिमा राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने सम्भावनाहरूको विश्लेषण गरिएको छ। पाँचौं परिच्छेदमा "आन्तरिक स्रोत परिचालनको रणनीति र राजस्व सुधार योजनामा, राजस्व सम्बन्धी रणनीति र राजस्व सुधार योजना" को निर्माण र व्याख्या गरिएको छ। छैठौं परिच्छेदमा राजस्व प्रक्षेपण पेश गरिएको छ। सातौं परिच्छेदमा "निष्कर्ष र सुधारका सुझावहरूमा अध्ययनको निष्कर्ष तथा राजस्व वृद्धि तथा नीतिगत सुधारका लागि सुझावहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद दुई: राजस्व सम्बन्धी संवैधानिक, कानूनी र नीतिगत व्यवस्था

नेपाल वित्तीय सङ्घीयतामा प्रवेश गरिसकेको र नेपालको संविधान र प्रचलित कानुनहरूले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीनै सरकारहरूको आ-आफ्नो कार्यक्षेत्र र राजस्व उठाउने र बाँडफाँट गर्ने अधिकार तोकेको छ र तदनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजस्व बाँडफाँटका लागि विशेष आधार खडा गरेको पाइन्छ। प्रदेश सरकारलाई केन्द्रविन्दु मानी यसले के कस्ता शीर्षकहरूमा राजस्व उठाउन पाउँछ र यसका राजस्वका आधारहरू के के छन् भन्ने विषयमा यस अध्यायमा चर्चा गरिने छ। अन्ततः प्रदेश सरकारका राजस्वका सम्भावनालाई विश्लेषण गरी राजस्व सुधारका लागि सुझावहरू प्रस्तुत गरिएको छ।

## २.१ सङ्घीय सरकारको व्यवस्था

नेपालको संविधानले वित्तीय सङ्घीयताको आधारशिला खडा गरेको छ। सोही आधारमा नेपाल सरकारले अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्था गरेको छ। नेपाल सरकारले लगाउन सक्ने कर तथा गैरकरहरू अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची १ का अनुसार निम्नानुसार भएको पाइन्छ।

तालिका नं २.१: नेपाल सरकारले लगाउने कर तथा गैरकर राजस्वका स्रोतहरु

| | करहरू | | गैर-करहरू |
|---|---|---|---|
| १. | भन्सार महशुल | १. | राहदानी शुल्क |
| २. | अन्तःशुल्क | २. | भिसा शुल्क |
| ३. | मूल्य अभिवृद्धि कर | ३. | पर्यटन दस्तुर |
| ४. | संस्थागत आयकर | ४. | सेवा शुल्क दस्तुर |
| ५. | व्यक्तिगत आयकर | ५. | जुवा, चिठ्ठा, क्यासिनो |
| ६. | पारिश्रमिक कर | ६. | दण्ड जरिवाना |

## २.२ प्रदेश सरकारको व्यवस्था

प्रदेश सरकारले लगाउन सक्ने कर तथा गैरकर अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची २ का अनुसार निम्नानुसार छन्।

तालिका नं २.२: प्रदेश सरकारले लगाउने कर तथा गैरकर राजस्वका स्रोतहरु

| | करहरू | | गैर-करहरू |
|---|---|---|---|
| १. | घर-जग्गा रजिस्ट्रेसन शुल्क | १. | सेवा शुल्क दस्तुर |
| २. | सवारी साधन कर | २. | पर्यटन शुल्क |
| ३. | मनोरञ्जन कर | ३. | दण्ड जरिवाना |
| ४. | विज्ञापन कर | | |
| ५. | कृषि आयमा कर | | |

माथिका कर राजस्व सम्बन्धी शीर्षकहरू स्थानीय सरकारको पनि शीर्षकहरू भएको हुँदा यसबाट प्राप्त राजस्व प्रदेश सरकारका लागि आंशिक रूपमा मात्र उठ्नेछ। प्रदेश र स्थानीय सरकारले के कति उठाउन पाउने भन्ने तथ्य प्रदेश सरकारको ऐनले प्रष्ट पार्नेछ। गैर-करका शीर्षकहरू सङ्घीय सरकारको शीर्षकहरूसँग मिल्दछन्। शीर्षकमा प्रदेश कानुन अनुसार लगाउन सकिने अन्य करहरू पनि प्रदेश सरकारको राजस्वका स्रोतहरू हुन्।

## २.३ गण्डकी प्रदेशको कर तथा गैर-कर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिमको व्यवस्था

गण्डकी प्रदेश सरकारले कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। यो ऐन बमोजिम उठाएको घर जग्गा रजिस्ट्रेसन शुल्क मध्येबाट ६० प्रतिशत रकम गाउँ वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने हुन्छ। हाल घर जग्गा रजिस्ट्रेसन शुल्क मालपोत कार्यालयले उठाएको छ। सो रकम ६० प्रतिशत स्थानीय तहलाई र बाँकी ४० प्रतिशत प्रदेश सरकारलाई दिएको पाइन्छ।

गण्डकी प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिम उठाएको मनोरञ्जन कर मध्येबाट ६० प्रतिशत रकम गाउँ वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने हुन्छ। कर प्रशासनको काम गाउँ वा नगरपालिकाले गर्नेछ भनिएको छ।

यो ऐन मुताविक प्रदेशमा विज्ञापन राखेवापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ। उठाएको विज्ञापन कर मध्येबाट ६० प्रतिशत रकम गाउँ वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ। यसरी विज्ञापन कर उठाउने जिम्मा स्थानीय सरकारको हुनेछ तर राजस्व स्थानीय र प्रदेश सरकारले बाँडफाँट गर्नुपर्ने देखिन्छ।

**सवारी साधन कर:** गण्डकी प्रदेशको यो ऐन मुताविक सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाँइसराई गरेको स्थान वा कारोबार रहेको स्थानको प्रदेशको कर कार्यालय वा तोकिएको

स्थानमा सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ। यो ऐनमा जे लेखिए तापनि टाँगा रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ। अतः यी करहरूमा स्थानीय सरकारको मात्रै अधिकार रहने देखिन्छ।

**कृषिमा आयकरः** गण्डकी प्रदेशको यो ऐन मुताविक प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कृषि आयमा कर लगाउन पाउनेछ। यो प्रदेश सरकारको एकल अधिकार हो। कृषि उपज बिक्री गरेको बखत कृषिमा आय कर लगाइने छ। अतः कृषि आयमा प्रदेश सरकारको मात्रै अधिकार रहने छ।

**दहत्तर बहत्तर शुल्कः** गण्डकी प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ का अनुसार रोडा, ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क रकम मध्येबाट ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रको रोडा, ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) सङ्कलन गर्नु अघि स्वीकृतिका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारलाई पेश गर्नुपर्ने छ। प्रदेश सरकारले स्वीकृति दिएमा स्थानीय सरकारले त्यो स्थानमा रोडा, ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) सङ्कलन गर्न गराउन सक्ने छन्।

**पर्यटन शुल्कः** प्रदेश सरकारले तोकेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय, पर्यटकीय क्रियाकलापमा सेवाको लागत, सञ्चालन, व्यवस्थापन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउन सक्ने छ भनिएको छ।

### २.४ स्थानीय सरकारको व्यवस्था

यसको व्यवस्था पनि अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले गरेको छ। स्थानीय सरकारले लगाउन सक्ने कर तथा गैरकर अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची ३ मा उल्लेख गरिएको छ। स्थानीय सरकारले लगाउन पाउने करहरू निम्नानुसार छन्।

तालिका नं २.३: स्थानीय सरकारले कर तथा गैरकर राजस्वका स्रोतहरु

| करहरू | | गैर-करहरू |
|---|---|---|
| १. सम्पत्ति कर | ५. भूमि कर | १. सेवा शुल्क दस्तुर |
| २. घर बहाल कर | ६. मनोरञ्जन कर | २. पर्यटन शुल्क |
| ३. घर-जग्गा रजिस्ट्रेसन शुल्क | ७. विज्ञापन कर | ३. दण्ड जरिवाना |
| ४. सवारी साधन कर | ८. व्यावसायिक कर | |

माथि उल्लेखित करहरूमध्ये घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर प्रदेश सरकारको पनि अधिकार भएको देखिन्छ। बाँकी सम्पत्ति कर, घर बहाल कर, भूमि कर र

व्यावसायिक करमा **स्थानीय सरकारको मात्रै अधिकार** रहेको देखिन्छ। माथि उल्लेखित गैरकरहरूमा तीन वटै सरकारको अधिकार देखिन्छ।

स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने **अन्य करहरू** यस अन्तर्गत पर्दछन्। **गैरकरका शीर्षकहरू** तीनै तहका सरकारहरूको एउटै भएको हुँदा त्यस बीचको भिन्नता र समानता छुट्याउन आवश्यक भएको छ। करका शीर्षकहरूमा **घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर** प्रदेश र स्थानीय तहमा **दोहोरिएको** देखिन्छ।

नेपालको संविधानको अनुसूची-६ ले प्रदेशलाई निम्न अधिकारको दिएको छ।

तालिका नं २.४: नेपालको संविधानले प्रदेशलाई दिएको अधिकार

| **क्र.सं.** | **नेपालको संविधान (अनुसूची-६)** |
|---|---|
| क | प्रदेश भित्रको राष्ट्रिय वन तथा जल उपयोग र वातावरण व्यवस्थापन। |
| ख | प्रदेशस्तरको विद्युत, सिंचाइ, खानेपानी तथा परिवहन सेवा। |
| ग | रेडियो, एफ.एम., टेलिभिजन सञ्चालन। |

## २.५ राजस्वको बाँडफाँटको व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले परिच्छेद ३ मा राजस्वको बाँडफाँटको व्यवस्था गरेको पाइन्छ। शीर्षकगत करहरूबाट प्राप्त राजस्वको बाँडफाँट निम्न अनुसार हुनेछ।

### २.५.१ मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरेको छ र त्यस्तो रकम सो कोषमा जम्मा गर्ने गरिन्छ। यसरी सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने व्यवस्था यस ऐनमा गरेकोछ। नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरिने रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गरिनेछ र प्रदेशहरू तथा स्थानीय तहहरूलाई प्राप्त हुने रकम नेपाल सरकारले देहायको विभाज्य कोष खडा गरी त्यस्तो कोषमा सो रकम जम्मा गर्नेछ। प्रदेशहरूले प्राप्त गर्ने रकम प्रदेश विभाज्य कोषमा राखिने छ र स्थानीय तहहरूले प्राप्त गर्ने रकम स्थानीय विभाज्य कोषमा राखिनेछ। यसरी प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

बाँडफाँटबाट प्रत्येक प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइनेछ।

### २.५.२ प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानुन बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ। सो कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, (२०७४) को अनुसूची ४ बमोजिम वार्षिक रूपमा गर्नेछ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची ४ का अनुसार रोयल्टीको बाँडफाँट निम्नानुसार हुनेछ। पर्वतारोहण, वन, विद्युत, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट आउने रोयल्टीमा नेपाल सरकारले ५० प्रतिशत, सम्बन्धित प्रदेशले २५ प्रतिशत र बाँकी २५ प्रतिशत सम्बन्धित स्थानीय तहले हिस्सा राख्नेछन्। प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट सम्बन्धमा आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न सक्ने प्रावधान यस ऐनमा राखेको छ। यस बमोजिम बाँडफाँट भएको रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ भनिएको छ।

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस नेपालको संविधानले राज्यमा उपलब्ध प्राकृतिक तथा वित्तीय स्रोत सङ्घीय, प्रादेशिक एवम् स्थानीय सरकारका बीच समन्यायिक तवरले वितरण तथा बाँडफाँट गर्नका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई जिम्मेवारी दिएको छ। यसै सन्दर्भमा आयोगले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थबाट प्राप्त हुने रोयल्टी प्रदेश तथा स्थानीय तहमा बाँडफाँट गर्ने प्रावधान मापन निर्धारण गरेको भए तापनि अन्य प्राकृतिक स्रोतको भने गर्न सकेको छैन।

नेपालको संविधानको धारा ५९ अनुसार प्राकृतिक स्रोतको प्रयोग तथा विकासबाट प्राप्त लाभ सङ्घ, प्रदेश एवम् स्थानीय तह बीच समन्यायिक वितरण गर्नुपर्नेछ। साथै संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। यसैगरी नेपालको संविधानको अनुसूची ९ को बुँदा नं ६ र १४ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश एवम् स्थानीय तहको साझा अधिकारको सूचीमा समावेश गरिएको छ।

यसै सन्दर्भमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्राप्त रोयल्टीलाई सङ्घ, प्रदेश एवम् स्थानीय तहबीच बाँडफाँटको प्रतिशत निश्चित गरेको छ। जसलाई निम्न तालिका अनुसार प्रस्तुत गरिएको छ।

तालिका नं २.५: सङ्घ, प्रदेश र स्थानीय सरकारको रोयल्टी बाँडफाँटको व्यवस्था (%)

| क्र.सं. | रोयल्टीको शीर्षक | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

*स्रोत: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

### २.५.३ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका सैद्धान्तिक एवम् अन्य आधारहरू

दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्व सावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक न्यायको सिद्धान्त (Public Trust Doctrine), प्रदुषकले क्षतिपूर्ति वहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Permanent Sovereignty over Natural Resources), लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefits) र प्रवराधिकारको सिद्धान्त (Principle of Eminent Domain) समेतको न्यूनतम मर्म भित्र रहेर आयोगले रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसको सूत्र "रोयल्टी = बाँडफाँट हिस्सा x सङ्कलित रोयल्टी रकम" भनेर निर्धारण गरिएको छ।

प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण तल गरिएको छ।

### २.५.४ पर्वतारोहणबाट प्राप्त रोयलटीको हिस्सा बाँडफाँट सम्बन्धमा

पर्वतारोही दलले तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकम बुझाउनु पर्ने हुन्छ जसलाई पर्वतारोहण रोयल्टी भनिन्छ। नेपाल सरकारले ४१४ वटा हिमालचुली आरोहणका लागि खुला गरे तापनि ८५ वटा हिमचुलीहरूबाट मात्रै आरोहण रोयल्टी प्राप्त गर्दछ। यसै सन्दर्भमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने उद्देश्यले प्रभावित क्षेत्र प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टी निर्धारण गर्न वहन गर्ने भारको आधारमा रोयल्टीको हिस्सा निर्धारण गर्ने सूचकहरू निर्माण गरेको छ।

तालिका नं २.६: स्थानीय तहले प्राप्त गर्ने रोयल्टी निर्धारण

| क्र.सं. | आधार (आन्तरिक उपशीर्षकहरूको भार विभाजन %) | भार विभाजन (%) |
|---|---|---|
| १ | भौगोलिक अवस्थिति | ४० |

| | | |
|---|---|---|
| | *क. हिमाल रहेको स्थानीय तह (६०%)* | |
| | *ख. हिमाल रहेको स्थानीय तहसँग जोडिएको स्थानीय तह (४०%)* | |
| २ | आधार शिविर रहेको स्थानीय तह | १० |
| ३ | प्रभावित क्षेत्रको क्षेत्रफल | २५ |
| | *क. हिमाल रहेको स्थानीय तह (६०%)* | |
| | *ख. हिमाल रहेको स्थानीय तहसँग जोडिएको स्थानीय तह (४०%)* | |
| ४ | प्रभावित क्षेत्रको जनसङ्ख्या | २५ |
| | *क. हिमाल रहेको स्थानीय तह (६०%)* | |
| | *ख. हिमाल रहेको स्थानीय तहसँग जोडिएको स्थानीय तह (४०%)* | |
| ५ | जम्मा | १०० |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

### २.५.५ विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा

जल विद्युतलाई नेपालको संविधानले तीनै तहको साझा अधिकार एवम् सङ्घ प्रदेश तथा स्थानीय तहको अलग अलग अधिकार सूचीमा उल्लेख गरेको छ। जलविद्युत रोयल्टी हाल केन्द्रीय स्तरमा विद्युत विकास विभागबाट सङ्कलन भइरहेको छ साथै ८६ वटा आयोजनाबाट प्राप्त हुने अनुमानित रोयल्टीलाई बाँडफाँट सिफारिस गरिएको छ।

तालिका नं २.७ः विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटको आधार

| क्र.सं. | आधार (आन्तरिक भार विभाजन %) | भार विभाजन (%) |
|---|---|---|
| १ | भौगोलिक अवस्थिति | ५० |
| | *क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको स्थानीय तह) (५०%)* | |
| | *ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित स्थानीय तह) (३०%)* | |
| | *ग. वरिपरिको क्षेत्र (आयोजना स्थल वरपरको उपल्लो र तल्लो तटीय स्थानीय तह (२०%)* | |
| २ | प्रभावित स्थानीय तहको क्षेत्रफल | २५ |
| | *क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको स्थानीय तह) (५०%)* | |
| | *ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित स्थानीय तह) (३०%)* | |
| | *ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय स्थानीय तह) (२०%)* | |

| | | |
|---|---|---|
| ३ | प्रभावित क्षेत्र (स्थानीय तहको जनसङ्ख्या) | २५ |
| | *क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको स्थानीय तह) (५०%)* | |
| | *ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित स्थानीय तह) (३०%)* | |
| | *ग. वरिपरिको क्षेत्र (आयोजना स्थल वरपरको उपल्लो र तल्लो तटीय स्थानीय तह) (२०%)* | |
| ४ | जम्मा | १०० |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

जलविद्युत आयोजनाका कारणबाट प्रभावित हुने प्रदेश एवम् स्थानीय तहले पाउने रोयल्टी निर्धारण गर्न सूचकहरू निर्माण गरेको छ। यसलाई तालिका नं. २.३ मा देखाइएको छ।

### २.५.६ वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा

राष्ट्रिय वनबाट प्राप्त रोयल्टी प्रदेश तथा संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी सङ्कलन नेपाल सरकारबाट हुँदै आएको छ।

#### *२.५.६.१ राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट*

वन ऐन, २०७६ ले संरक्षित क्षेत्र तथा निजी वन बाहेकका सम्पूर्ण वन क्षेत्र, सरकारद्वारा व्यवस्थित वन, संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, प्रदेश भित्रको राष्ट्रिय वन वा अन्तर प्रादेशिक वनलाई जनाउँदछ। वन सम्बन्धी रोयल्टी स्थानीय तह अनुसार नभई प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयहरूबाट हुने हुनाले जिल्लाको तथ्याङ्कलाई आधार बनाई रोयल्टी बाँडफाँट गरिन्छ।

तालिका नं २.८ः राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको आधार

| **क्र.सं.** | **आधार सूचकहरू** | **भार (%)** |
|---|---|---|
| १ | वनको अवस्थिति (वन रहेको स्थानीय तह) | २० |
| २ | वनको क्षेत्रफल (स्थानीय तहमा रहेको वनको क्षेत्रफल) | ४० |
| ३ | स्थानीय तहको जनसङ्ख्या | २० |
| ४ | वनमा आश्रित जनसङ्ख्या | १० |
| ५ | वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १० |
| ६ | जम्मा | १०० |

स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

### *२.५.६.२ संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँट*

संरक्षित क्षेत्र भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष तथा संरक्षण क्षेत्रहरू पर्दछन्। नेपालमा हालसम्म २० वटा संरक्षित क्षेत्र छन् जसमध्ये ३ वटा राष्ट्रिय प्रकृति संरक्षण कोषले संरक्षण तथा व्यवस्थापन गर्ने जुन नेपाल सरकारले प्राप्त गर्दैन, १७ वटाबाट प्राप्त हुने रोयल्टी समेटिन्छ। सङ्कलित रोयल्टी निम्न आधारमा बाँडफाँट गरिन्छ।

तालिका नं २.९: संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँट

| **क्र.सं.** | **आधार सूचकहरू** | **भार (%)** |
|---|---|---|
| १ | स्थानीय तह मध्यवर्ती क्षेत्रको अवस्थिति | १० |
| २ | स्थानीय तह मध्यवर्ती क्षेत्रको क्षेत्रफल | ४० |
| ३ | स्थानीय तह मध्यवर्ती क्षेत्रको जनसङ्ख्या | ३५ |
| ४ | संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १५ |
| ५ | जम्मा | १०० |

स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

### *२.५.६.३ खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा*

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा खानी तथा खनिज पदार्थ ऐन, २०४२ ले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई खनिज भनी व्याख्या गरेको छ। हालसम्म ७३ वटा खनिज पदार्थबाट रोयल्टी सङ्कलन हदै आएको छ। यसै सन्दर्भमा प्रदेश तथा स्थानीय तहमा समन्यायिक तवरबाट रोयल्टी बाँडफाँट गर्न निम्न आधार तथा भार प्रस्तुत गरिएको छ।

तालिका नं २.१०: खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटको आधार

| **क्र.सं.** | **आधार (आन्तरिक उपसूचकहरूको भार विभाजन %)** | **भार विभाजन (%)** |
|---|---|---|
| १ | भौगोलिक अवस्थिति | ५० |
| | *क. खानी उत्खनन क्षेत्र रहेका स्थानीय तह (६०%)* | |
| | *ख. खानी उत्खननका लागि अनुमति दिइएको क्षेत्र (४०%)* | |
| २ | प्रभावित क्षेत्रको क्षेत्रफल | ३० |
| ३ | प्रभावित जनसङ्ख्या | २० |
| ४ | जम्मा | १०० |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

## २.६ अनुदानको व्यवस्था

अन्तर सरकारी वित्त हस्तान्तरण ऐन को परिच्छेद ४ मा अनुदानको व्यवस्था गरेको छ।

### २.६.१ वित्तीय समानीकरण अनुदान

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ। यो ऐन बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ। आ.व. २०७८/७९ का लागि सङ्घबाट प्रदेश तहलाई उपलब्ध गराइने वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निम्न अनुसारको सिफारिस गरेको छ।

#### *२.६.१.१ न्यूनतम वित्तीय समानीकरण अनुदान*

आ.व. २०७८/७९ का लागि प्रदेश तहले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानः कुल वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हुने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको छ। यो न्यूनतम वित्तीय समानीकरण अनुदान प्रदेशहरूलाई बाँड्दा जनसङ्ख्यालाई ५० प्रतिशत र क्षेत्रफललाई ५० प्रतिशत भार दिएको छ।

#### *२.६.१.२ सुत्रमा आधारित न्यूनतम वित्तीय समानीकरण अनुदान*

अन्तर सरकारी वित्त हस्तान्तरण ऐनले समानीकरण अनुदानको सिफारिसलाई बनाइएका आधारहरूलाई आयोगले ५ भागमा विभाजन गरेको छ। यसलाई तालिका नं २.६ मा देखाइएको छ। न्यूनतम वित्तीय समानीकरण अनुदान र कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदान घटाएर बचेको कुल समानीकरण अनुदानको रकमलाई विभिन्न सूचकाङ्कहरूलाई भार दिई सुत्रमा आधारित अनुदान वितरण गरिन्छ। मानव विकास सूचकाङ्कलाई १० प्रतिशत, आर्थिक समाजिक असमानतालाई १० प्रतिशत, पूर्वाधार विकासको अवस्थालाई १० प्रतिशत, राजस्वको अवस्थालाई ५ प्रतिशत र खर्चको आवश्यकता र राजस्व उठाउने क्षमतालाई ७० प्रतिशत भार दिई सुत्रमा आधारित न्यूनतम वित्तीय समानीकरण अनुदानको गणना आ.व. २०७८/७९ का लागि गरिएको थियो। यसको स्पष्ट ढाँचा तालिका नं २.६ मा दिएको छ।

तालिका नं २.११: सङ्घीय सरकारबाट प्रदेश सरकारमा जाने सुत्रमा आधारित समानीकरण अनुदान

| क्र.सं. | आधार (आन्तरिक भार विभाजन %) | भार विभाजन (%) |
|---|---|---|
| १ | मानव विकास सूचकाङ्क | १० |
| २ | आर्थिक समाजिक असमानता | |

| | | |
|---|---|---|
| ३ | पूर्वाधार विकासको अवस्था | ५ |
| | *क. सडकको घनत्व (६०%)* | |
| | *ख. विद्युतको सुविधा (१०%)* | |
| | *ग. सूचना प्रविधिको सुविधा (१०%)* | |
| | *घ. खानेपानीको सुविधा (१०%)* | |
| | *ङ. सरसफाइ (१०%)* | |
| ४ | प्रभावित क्षेत्र (स्थानीय तहको जनसङ्ख्या) | १० |
| ५ | राजस्वको अवस्था | ५ |
| ६ | खर्चको आवश्यकता र राजस्व उठाउने क्षमता | ७० |
| ७ | जम्मा | १०० |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

### *२.६.१.३ कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदान*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आ.व. २०७८/७९का लागि कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदानको सिफारिस गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, अन्तर सरकारी वित्त व्यवसथापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गर्नुपर्ने न्यूनतम प्रक्रियागत कार्यसम्पादन गरे नगरेको, कानुन तर्जुमा गरे नगरेको, उद्देश्य बमोजिम खर्च गरे नगरेको जस्ता विभिन्न सात सूचकाङ्कहरूको आधार लिएर प्रदेश सरकारको कार्यसम्पादन मापन गरिएको थियो। कार्यसम्पादनको स्तर उच्च भएका प्रदेशहरूलाई प्रोत्साहन गर्न वित्तीय समानीकरण अनुदानको कुल रकमबाट न्यूनतम वित्तीय समानीकरण अनुदानको रकम कट्टागरी हुन आउने रकमको ५ प्रतिशत रकमलाई कार्य सम्पादन मूल्याङ्कनको रकम मानी सिफारिस गरिएको थियो।

### २.६.२ सशर्त अनुदान

नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ। यसरी सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ।

### २.६.३ समपूरक अनुदान

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ। यस बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरूलाई आधार बनाइनेछ। योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकता, प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ। सो बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ। समपूरक अनुदान प्रदान गर्ने कार्य विधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

### २.६.४. विशेष अनुदान

नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ।

तालिका नं २.१२: प्रदेश वा स्थानीय सरकारको विशेष अनुदानको व्यवस्था

| **क्र.सं.** | **विशेष अनुदानका शीर्षकहरू** |
|---|---|
| क | शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने। |
| ख | अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने। |
| ग | आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने। |

प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम विशेष अनुदान प्रदान गर्न सक्नेछ। विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।


# परिच्छेद तीनः आन्तरिक स्रोत परिचालनको अवस्था र सम्भावना

गण्डकी प्रदेशको राजस्व तथ्याङ्कको त्यति लामो इतिहास छैन। आ.व. २०७५/७६ देखि मात्र तथ्याङ्क उपलब्ध छ। विगत तीन वर्षमा यो प्रदेशले कुन कुन शीर्षकमा के कति राजस्व प्राप्त गरेको छ भन्ने तथ्य अनुसूचीमा प्रस्तुत गरिएको छ। राजस्वको प्रवृत्ति कस्तो छ ? राजस्वका प्रमुख स्रोतहरु के-के छन् ? गण्डकी प्रदेशमा प्रदेश र स्थानीय तहका साझा शीर्षकहरुबाट प्राप्त राजस्वको रकम के कति छ? बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क वापतको राजस्वको स्थिति कस्तो छ ? यी कुराहरुको विश्लेषण यहाँ गरिनेछ। यस्तो यथास्थितिको विवेचनाले राजस्व अभिवृद्धिका सम्भावनाहरु के के छन् भन्ने अनुमान लगाउन सजिलो पर्नेछ।

## ३.१ आन्तरिक राजस्वका शीर्षकहरु

रेखा चित्र नं ३.१ मा गण्डकी प्रदेशका उच्चतम दश राजस्वका शीर्षकहरु (करोडमा) प्रस्तुत गरिएको छ। सवारी साधन करबाट आ.व. २०७७/७८ मा रु. १३७.९ करोड प्राप्त भएको देखिन्छ। सवारी साधन करले प्रथम स्थान ओगटेको छ। घर जग्गा रजिस्ट्रेसनले दोश्रो स्थान ओगटेको देखिन्छ। घर जग्गा रजिस्ट्रेसनबाट ६९.६ करोड राजस्व उठेको देखिन्छ। तेश्रो प्रमुख राजस्वको स्रोतका रुपमा अन्य प्रशासनिक सेवा शुल्क देखिन्छ, यसबाट रु. ३४ करोडको राजस्व उठेको देखिन्छ। चौथो स्थानमा चालक अनुमति पत्र परेको छ भने पाँचौ स्थानमा दहत्तर बहत्तर पर्दछ र यी दुवै शीर्षकहरुबाट क्रमशः २४.७ र २२.४ करोड राजस्व उठेको देखिन्छ। त्यस पछिका प्रमुख राजस्वका स्रोतहरुमा व्यवसाय रजिस्ट्रेसन दस्तुर, बेरुजु, प्रशासनिक दण्ड जरिवाना, यातायात क्षेत्रको आम्दानी र अनुदान फिर्ता पर्दछन्। प्रशासनिक दण्ड जरिवाना र अनुदान फिर्ता जस्ता शीर्षकहरु प्रशासनिक क्षेत्रसँग सम्बन्धित छन्। मुख्य दश शीर्षकहरुबाट ३१८.३५ करोड राजस्व रकम उठेको देखिन्छ। आ.व. २०७७/७८ मा कुल राजस्व ३२१.२३ करोड उठेको देखिन्छ। अतः यी दश शीर्षकहरु बाहेक अन्य शीर्षकहरुबाट मात्र तीन करोड राजस्व उठेको तथ्यले अन्य शीर्षकहरुको योगदान कुल राजस्वमा अत्यन्त न्यून देखिन्छ। अतः गण्डकी प्रदेशका प्रमुख राजस्वका शीर्षकहरुमा माथि उल्लेखित दश शीर्षकहरु पर्दछन् भन्न सकिन्छ।


चित्र नं. ३.१ः राजस्वका मुख्य दश शीर्षकहरू (करोडमा; आ.व.२०७७/७८)




*स्रोतः अर्थमन्त्रालय, गण्डकी प्रदेशको तथ्याङ्कमा आधारित भएर बनाइएको*

कुल राजस्वमा यी उच्चतम दश शीर्षकहरुले के कति योगदान गर्दछन् भन्ने तथ्य रेखा चित्र नं. ३.२ मा दर्शाइएको छ। सवारी साधन करले आ.व. २०७७/७८ मा कुल राजस्वमा ४२.९ प्रतिशत योगदान गरेको देखिन्छ। सवारी साधन करले प्रथम स्थान ओगटेको छ। दोश्रो स्थान ओगटेको घर जग्गा रजिस्ट्रेसनले कुल राजस्वमा २१.९ प्रतिशत योगदान गरेको देखिन्छ। तेश्रो स्थान ओगटेको अन्य प्रशासनिक सेवा शुल्कको योगदान १०.६ प्रतिशत देखिन्छ। चौथो स्थान ओगटेको चालक अनुमति पत्रको योगदान कुल राजस्वमा लगभग ८ प्रतिशत देखिन्छ। दहत्तर बहत्तरको योगदान कुल राजस्वमा ७ प्रतिशत देखिन्छ। त्यस पछिका प्रमुख राजस्वका स्रोतहरुमा व्यवसाय रजिस्ट्रेसन दस्तुर, बेरुजु, प्रशासनिक दण्ड जरिवाना, यातायात क्षेत्रको आम्दानी र अनुदान फिर्ता पर्दछन्। यी शीर्षकहरुको योगदान क्रमशः २.५, २.४,१.६, १.५ र १.३ प्रतिशत भएको देखिन्छ। यी उच्चतम दश शीर्षकहरुबाट कुल आन्तरिक वा आफ्नो स्रोतको राजस्वमा ९९.१ प्रतिशत योगदान रहेको पाइन्छ। अतः अन्य शीर्षकहरु राजस्वको योगदानको आधारमा नाम मात्रका देखिन्छन्।

चित्र नं. ३.२: मुख्य दश राजस्वका शीर्षकहरु (प्रतिशतमा, आ.व.२०७७/७८ मा)




*स्रोत: अर्थमन्त्रालय गण्डकी प्रदेशको डाटामा आधारित रेखाचित्र*

तालिका नं ३.१ अन्य राजस्वका स्रोतहरु (रु. हजारमा )

| **शीर्षक** | **राजस्व रकम (आ.व. २०७७/७८)** | **कुल आन्तरिक राजस्वमा योगदान (%)** |
|---|---|---|
| निकासा फिर्ता | १५६६९ | ०.४९ |
| अन्य राजस्व | ३६०० | ०.११ |
| परीक्षा शुल्क | २६५० | ०.०८ |
| सरकारी सम्पत्तिको बिक्री | १५४२ | ०.०५ |
| सरकारी सम्पत्तिको बहालबाट | १४४६ | ०.०५ |
| अन्य बिक्रीबाट प्राप्त गैरकर | १२८२ | ०.०४ |
| शिक्षा क्षेत्रको आम्दानी | ७६६ | ०.०२ |
| वन क्षेत्रको अन्य आय | ५६० | ०.०२ |
| पदयात्रा | ५५१ | ०.०२ |
| कृषि उत्पादनको बिक्रीबाट | ४९८ | ०.०२ |
| धरौटी सदरस्याहा | २२० | ०.०१ |


| | | |
|---|---|---|
| विज्ञापन कर | १५ | ० |
| विद्युत सेवा शुल्क | ७ | ० |
| न्यायिक दण्ड जरिवाना र जफत | २ | ० |
| अन्य निकायबाट प्राप्त आय | १ | ० |
| कृषि आयमा कर | ० | ० |

*स्रोतः अर्थमन्त्रालय गण्डकी प्रदेश*

गण्डकी प्रदेशका अन्य राजस्वका स्रोतहरु तालिका नं ३.१ मा प्रस्तुत गरिएको छ। तालिका नं. ३.१ का अनुसार अन्य राजस्वका शीर्षकहरुको योगदानलाई रु. हजार तथा प्रतिशतमा समेत दर्शाइएको छ। निकासा फिर्ता, अन्य राजस्व, परीक्षा शुल्क, सरकारी सम्पत्तिको बिक्री, सरकारी सम्पत्तिको बहाल, अन्य बिक्रीबाट प्राप्त गैरकर, शिक्षाक्षेत्रको आम्दानी, वनक्षेत्रको अन्य आय, पदयात्रा, कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय, धरौटी सदरस्याहा, विज्ञापन कर, विद्युत सेवा शुल्क, न्यायिक दण्ड जरिवाना, अन्य निकायबाट प्राप्त ब्याज र कृषि आय पर्दछन्। तर यी शीर्षकहरुको योगदान अत्यन्त न्यून छ। उदाहरणका लागि निकासा फिर्ताको ०.४९ प्रतिशत, अन्य राजस्वको ०.११ प्रतिशत, परीक्षा शुल्कको ०.०८ प्रतिशत, सरकारी सम्पत्तिको बिक्रीको ०.०५ प्रतिशत आदि।

यो विश्लेषणबाट के देखिन्छ भने गण्डकी प्रदेशको राजस्व वृद्धि गर्ने प्रमुख आधार भनेको सवारी साधन कर लगायतका उच्चतम दश करहरुमै विशेष ध्यान दिनुपर्ने देखिन्छ। यिनमा आएको सामान्य सुधारले पनि आन्तरिक राजस्वमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ।

चित्र नं. ३.३: आ.व. २०७७/७८ मा अन्य स्रोतहरूको योगदान (%)




स्रोतः अर्थमन्त्रालय गण्डकी प्रदेशको डाटामा आधारित रेखाचित्र


## ३.२ प्रदेश सरकारको एकल अधिकारको कर

**कृषि आयमा कर:** कृषि आयमा कर प्रदेश सरकारको एकल अधिकारको क्षेत्र देखिन्छ। कृषिमा आश्रित जनसंख्याको आयआर्जन सामान्यतया न्यून रहने हुँदा कृषि आयमा गण्डकी प्रदेशले कर लगाएको देखिँदैन। कृषि व्यवसायमा कर र कृषि आयमा कर दुई भिन्न कुराहरु हुन्। कृषि व्यवसायमा कर लगाउने अधिकार भने स्थानीय सरकारको रहेको छ। कृषि व्यवसाय दर्ता हुने, आम्दानीको सम्भावना पनि रहने भएको हुँदा स्थानीय सरकारले यसको अभ्यास गरेको देखिन्छ। तर कृषि आयमा कर राजनीतिक नेतृत्वका हिसाबले प्रत्युत्पादक हुन सक्ने कारणले प्रदेश सरकारले यसको अभ्यास गरेको देखिँदैन।

प्रदेश सरकारले आर्थिक विधेयक २०७८/७९ मा प्रदेश भित्र कृषि उपजको बिक्रीबाट प्राप्त हुने आयमा सोही विधेयकको अनुसूची-४ बमोजिम कर लगाई असुल उपर गरिनेछ भन्ने व्यवस्था गरेको छ। सो विधेयकमा करको प्रशासन प्रदेश सरकारको “भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नेछ” भन्ने व्यवस्था गरेको छ। वार्षिक १० देखि २० लाखसम्म आय हुनेहरुले १ प्रतिशतका दरले र वार्षिक २० लाख भन्दा बढी आय हुनेहरुले २ प्रतिशतका दरले कर तिर्नु पर्ने प्रावधान छ। कानुनतः सबै व्यवस्था भए तापनि व्यवहारमा कृषि आयकर उठाइएको पाइएको छैन।

**प्रदेश र स्थानीय तहका साझा शीर्षकहरु:** प्रदेश र स्थानीय तहका साझा राजस्वका शीर्षकहरु यहाँ चर्चा गरिने छ। खास गरी सवारी साधन कर, घर जग्गा रजिस्ट्रेसन, दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर प्रदेश र स्थानीय निकायका साझा राजस्वका स्रोतहरु पर्दछन्।

चित्र नं. ३.४: प्रदेश र स्थानीय सरकारका साझा शीर्षकहरूबाट राजस्व (लाखमा)





*स्रोत: अर्थमन्त्रालय गण्डकी प्रदेशको डाटामा आधारित रेखाचित्र*

दहत्तर बहत्तर भित्र पर्ने ढुङ्गागिट्टी बालुवाको बारेमा पछि छुट्टै चर्चा गरिनेछ। सवारी साधन कर बाहेक यी शीर्षकहरुमा उठेको राजस्व रकमको ६० प्रतिशत स्थानीय तहलाई र बाँकी ४० प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट गर्ने प्रावधान छ। सवारी साधन करको दर निर्धारण सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ (क) को उपदफा २ का अनुसार सङ्कलित रकमको ६० प्रतिशत प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट हुने व्यवस्था छ। यी यस्ता साझा शीर्षकहरुबाट प्रदेश सरकारलाई आ.व. २०७७/७८ मा प्राप्त राजस्व रकमको विवरण रेखा चित्र नं ३.३ मा दिइएको छ। चित्रका अनुसार करिब १ अर्ब ३७ करोड सवारी साधन कर प्रदेश सरकारलाई आ व २०७७/७८ मा प्राप्त भएको देखिन्छ। त्यस्तै घर जग्गा रजिस्ट्रेसनबाट ६९ करोड ५९ लाख रुपैया प्रदेश सरकारलाई राजस्व प्राप्त भएको देखिन्छ। दहत्तर बहत्तर शीर्षक अन्तर्गत २२ करोड ३८ लाख राजस्व प्राप्त भएको देखिन्छ। अत: यी तीन शीर्षकहरुले गण्डकी प्रदेशको राजस्व सिर्जनामा महत्वपूर्ण योगदान पुर्याएको पाइन्छ। विज्ञापन कर भने रु. १५ हजार मात्र प्रदेश सरकारलाई प्राप्त भएको देखिन्छ। मनोरञ्जन कर शून्य सरह देखिन्छ। साझा शीर्षक भए तापनि ऐनमा भएको व्यवस्थाले विज्ञापन कर र मनोरञ्जन कर प्रमुख राजस्वको स्रोत वन्न सक्ने सम्भावना रहन्छ तर गण्डकी प्रदेशले यी शीर्षकहरुबाट खासै फाइदा उठाउन सकेको देखिदैन। यसको अर्थ स्थानीय सरकारले पनि यी शीर्षकहरुबाट खासै फाइदा उठाउन नसकेको प्रष्ट हुन्छ।

## ३.३ बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क

बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको रकम रेखा चित्र नं ३.४ मा दर्शाइएको छ। सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको बाँडफाँटको व्यवस्था गरेको छ। दफा ६ को उपदफा २ का अनुसार ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेश सरकारलाई र १५ प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था छ। यो ऐन मुताविक गण्डकी प्रदेशले प्राप्त गरेको रकम चित्र नं ३.४ मा देखाइएको छ। आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ हरुमा मूल्य अभिवृद्धि करबाट प्राप्त रकम अन्तःशुल्कबाट प्राप्त रकम भन्दा बढी देखिन्छ। उदाहरणका लागि आ.व. २०७७/७८ मा मूल्य अभिवृद्धि कर वापत प्राप्त रकम ५अर्ब ३ करोड छ भने अन्तःशुल्कबाट प्राप्त रकम १ अर्ब ४५ करोड छ। यसरी मूल्य अभिवृद्धि कर प्रदेश सरकारको पनि राजस्वको प्रमुख आधार बनेको छ। माथि चर्चा भए अनुसार प्रदेश सरकारको आन्तरिक राजस्व लगभग ३ अर्ब २१ करोड मात्र थियो।

चित्र नं ३.५: बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (करोडमा)




*स्रोतः अर्थमन्त्रालय गण्डकी पद्रेशको डाटामा आधारित भएर बनाईएको*

तालिका नं. ३.२ मा बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको रकम रु. हजारमा देखाइएको छ।

तालिका नं. ३.२: बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (हजारमा)


| कोड न. | राजस्व शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| ११४११ | मूल्य अभिवृद्धि कर | ४९०९७७२ | ३७१२३६१ | ५०३३९४७ |
| ११४१२ | अन्तःशुल्क | ११८९६१४ | ११०४७०२ | १४५७१७९ |

*स्रोतः अर्थमन्त्रालय गण्डकी प्रदेश*

## ३.४ गण्डकी प्रदेशलाई प्राप्त विभिन्न अनुदानहरु

नेपाल सरकारले चार किसिमका अनुदानको व्यवस्था गरेको छ। त्यस मध्ये पहिलो वित्तीय समानीकरण अनुदान हो। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ। दोस्रो अनुदान भनेको सशर्त अनुदान हो। तेस्रो र चौथोमा विशेष र समपुरक अनुदान पर्दछन्। गण्डकी प्रदेशलाई प्राप्त विभिन्न अनुदानहरुको स्थितिलाई रेखा चित्र नं ३.६ मा प्रस्तुत गरिएको छ।

चित्र नं ३.६: गण्डकी प्रदेशलाई प्राप्त विभिन्न अनुदानहरु (करोडमा)




*स्रोतः अर्थमन्त्रालय गण्डकी प्रदेशको तथ्याङ्कमा आधारित भएर बनाइएको*


रेखा चित्र नं ३.६ का अनुसार समानीकरण अनुदान आ.व. २०७५/२०७६ मा भन्दा आ.व. २०७६/७७ मा वृद्धि भएको छ भने आ.व. २०७६/७७ र २०७७/७८ मा समान रहेको देखिन्छ। सशर्त अनुदानतर्फ आ.व. २०७५/७६ र २०७७/७८ मा लगभग आँकडा उस्तै रहेको तर आ.व २०७६/७७ केही उच्च रहेको देखिन्छ। विगतको वर्ष भन्दा आ.व २०७७/७८ मा सशर्त अनुदानको रकम कम हुनु खर्च गर्ने दक्षताका आधारमा त्यति राम्रो मानिदैन। समपूरक अनुदानको रकम विगतका तीन वर्षहरुमा क्रमशः वढेको देखिन्छ। विशेष अनुदानको रकममा खासै एकैनासको प्रवृत्ति देखिँदैन। समग्रमा चारै किसिमको अनुदान हेर्दा विगतका तीन वर्षहरुमा समानीकरण अनुदान लगभग सात अर्बको हाराहारीमा, सर्शत अनुदान पाँच अर्बको हाराहारीमा, समपूरक अनुदान वढ्दो क्रममा तर औसत एकानव्वे करोडको हाराहारीमा र विशेष अनुदान औसत बाउन्न करोडको हाराहारीमा

आएको पाइन्छ। तुलनात्मक रुपमा प्रदेश सरकारको खर्च धान्न समानीकरण अनुदानको सवभन्दा ठूलो योगदान रहेको देखिन्छ भने दोस्रो ठूलो योगदान सशर्त अनुदानको छ। तेस्रो ठूलो योगदान समपूरक अनुदानको देखिन्छ। विशेष अनुदानको स्थान चौथो छ। आ व २०७७/७८ मा चारवटै अनुदानको योग तेह्र अर्ब छयानव्वे करोड (१३.९६ अर्ब) देखिन्छ। अतः गण्डकी प्रदेश पनि, प्रदेश सरकारको खर्च थेग्नका लागि केन्द्र सरकारकै मुख ताक्न बाध्य देखिन्छ। गण्डकी प्रदेशमा आन्तरिक स्रोत भन्दा केन्द्र सरकारको अनुदानको रकम ४.३४ गुणाले बढी छ। यो गण्डकी प्रदेशको राजस्वको यथार्थ चित्र हो।

### ३.५ गण्डकी प्रदेशमा बाँडफाँट भई प्राप्त हुने रोयल्टी

नेपालको संविधानको धारा ५९ अनुसार प्राकृतिक स्रोतको प्रयोग तथा विकासबाट प्राप्त लाभको समन्यायिक बितरण सङ्घ, प्रदेश एवम् स्थानीय तह बीच गर्नु पर्नेछ। साथै संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तब्य र अधिकारको ब्यवस्था गरिएको छ। यसै गरी नेपालको संविधानको अनुसूची ९ को बुँदा नं ६ र १४ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश एवम् स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ। यसै सन्दर्भमा अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ ले प्राप्त रोयल्टीलाई सङ्घ, प्रदेश तथा स्थानीय तह बीच बाँडफाँटको प्रतिशत निश्चित गरेको छ। जस अनुसार वन, खानी, विद्युत, पर्वतारोहण र जलबाट प्राप्त रोयल्टी ५० प्रतिशत नेपाल सरकारलाई २५ प्रतिशत सम्बन्धित प्रदेशलाई र बाँकी २५ प्रतिशत सम्बन्धित स्थानीय तहलाई बाँडफाँट गर्ने व्यवस्था गरेको छ।

चित्र नं ३.७: बाँडफाँट भई प्राप्त हुने रोयल्टी (करोडमा)




*स्रोतः अर्थमन्त्रालय, गण्डकी प्रदेशको तथ्याङ्कमा आधारित भएर बनाइएको*

बाँडफाँट पछि गण्डकी प्रदेशमा प्राप्त हुने रोयल्टी रेखा चित्र नं ३.७ मा प्रस्तुत गरिएको छ। चित्रमा आ.व. २०७६/७७ को बाह्र महिनाको रोयल्टी रकम देखाइएको छ भने आ.व. २०७७/७८ को वैशाखसम्मको मात्रै प्रदेश सरकारलाई प्राप्त भएको रोयल्टी रकम देखाइएको छ। आ.व. २०७६/७७ को आँकडा हेर्दा प्रदेश सरकारलाई वन रोयल्टी वापत १५ करोड , खानी तथा खनिज बापत १ करोड, जलस्रोत बापत १ करोड, विद्युत रोयल्टी बापत ११. ५५ करोड र पर्वतारोहरणको शून्य सरह रोयल्टी आएको देखिन्छ। आ.व २०७६/२०७७ मा गण्डकी प्रदेशलाई रु. २८.५ करोडको रोयल्टी प्राप्त भएको थियो। २०७७/७८ को वैशाखसम्ममा ३०.६ करोड रोयल्टी प्राप्त भएको देखिन्छ। आ.व २०७६/२०७७ मा आन्तरिक राजस्वको ११.८ प्रतिशत रोयल्टी प्राप्त भएको देखिन्छ।

### ३.६ नमूना गाँउपालिका तथा नगरपालिकाहरुको प्रदेश सरकारको राजस्वमा योगदान

सवारी साधन कर, घर जग्गा रजिस्ट्रेसन, दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर प्रदेश र स्थानीय सरकारका साझा कर राजस्व सूचीमा पर्दछन्। अतः यी राजस्वका स्रोतहरुको स्थिति गाँउ तथा नगरपालिकाहरुमा के कस्तो रहेको छ भन्ने तथ्य जान्नु जरुरी छ। गाँउ तथा नगरपालिकाहरुको राजस्व आर्जनको स्थिति यी शीर्षकहरुमा मजबुत भए प्रदेशको पनि राजस्वको स्थिति मजबुत रहने गर्दछ। गाँउ तथा नगरपालिकाहरुको स्थिति कमजोर रहे प्रदेशको पनि स्थिति कमजोर रहने गर्दछ। माथि भनिए जस्तै सवारी साधन कर प्रदेश सरकारले उठाउने गर्दछ भने घर जग्गा रजिस्ट्रेसन, दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय सरकारले उठाउने गर्दछ। पछि यी करहरु बाँडफाँट गर्ने गरिन्छ।

**मनोरञ्जन कर**ः मनोरञ्जन कर प्रदेश सरकार र स्थानीय सरकारको साझा कर हो। स्थानीय सरकारले मनोरञ्जन कर उठाउने काम गर्दछ र उठेको करको ६० प्रतिशत स्थानीय तहलाई र बाँकी ४० प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट गरिन्छ। स्थलगत निरीक्षणबाट प्राप्त आँकडा अनुसार गाउँ तथा नगरपालिकाहरुमा मनोरञ्जन कर खासै उठाएको पाइँदैन। पोखरा महानगरपालिकाले आ.व. २०७५ /२०७६ देखि आ.व. २०७७/२०७८ सम्म लगातार रुपमा उठाएको देखिन्छ। आ.व. २०७६ /२०७७ मा अधिकतम ३३ लाख ८८ हजार उठेको पाइन्छ।

तालिका नं. ३.३ः स्थानीय तहमा मनोरञ्जन कर (रु.हजारमा)

| **पालिका ↓ तथा वर्ष→** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** |
|---|---|---|---|
| विनयी त्रिवेणीगाउँपालीका | ० | ० | ० |
| शुक्लागण्डकी नगरपालिका | ० | ० | ० |
| व्यास नगरपालिका | ११५.१ | ५१.९ | ४.७ |
| पुतलीबजार नगरपालिका | ० | ० | ० |
| कुश्मा नगरपालिका | ० | ० | ० |
| बागलुङ्ग नगरलालिका | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| पोखरा महानगरलालिका | २८०८.४ | ३३८८.४ | ३२४.६ |

स्रोतः सम्बन्धित पालिकाहरुको राजस्व शाखाबाट (स्थलगत निरीक्षण)

स्थलगत निरीक्षणबाट प्राप्त जानकारी अनुसार शुक्लागण्डकी नगरपालिकाले हालसम्म मनोरञ्जन कर उठाएको छैन। यहाँ रक गार्डेन, शहिद लालध्वज पार्क, एकले डाँडा एकीकृत पर्यटकीय क्षेत्र जस्ता स्थानहरुमा मनोरञ्जन कर लगाउने सम्भावना छ। प्रदेश र स्थानीय तहले संयुक्त लगानी गरी मनोरञ्जन कर उठाउन सक्ने सम्भावना छ।

व्यास नगरपालिकामा मनोरञ्जन कर उठाएको देखिन्छ तर यो क्रमशः घट्दै गएको पाइन्छ। आ.व. २०७७/७८ मा ४ हजार ७ सय मात्र उठेको देखिन्छ। व्यास नगरपालिकामा सिनेमा हल छ र सिनेमाहल चलेमा राम्रो राजस्व उठ्न सक्दछ। नगरपालिकाले निजी फनपार्कहरुलाई करको दायरामा ल्याउने निर्णय गरेको छ तर हालसम्म कार्यान्वयन भएको छैन। टिकटमा ५ प्रतिशत कर लगाएर यो कर उठाउने निर्णय भएको छ।

पुतलीबजार नगरपालिकामा विगतका तीन वर्षहरुमा मनोरञ्जन करबाट उठेको राजस्व शून्य देखिन्छ। पुतलीबजारमा एउटा सिनेमा हल थियो तर हाल बन्द भएकाले यो शीर्षकको करबाट राजस्व शून्य उठेको हो। मालेवगर बजारमा बेला-बेलामा महोत्सव लाग्ने गरेको छ। यसमा मनोरञ्जन कर लगाएमा राजस्वमा वृद्धि हुने सम्भावना छ। कुश्मा नगरपालिकामा आ.व. २०७५/७६ मा मनोरञ्जन कर शून्य भएको देखिन्छ। त्यस पछिका वर्षहरुमा आँकडा उपलब्ध हुन सकेन।

बागलुङ्ग नगरपालिकामा विगतका तीन वर्षहरुमा मनोरञ्जन करबाट उठेको राजस्व शून्य नै देखिन्छ। नगरपालिकाले मनोरञ्जन करका लागि खासै प्रयास गरेको पाइएन।

पोखरा महानगरलालिकाले राम्रो मात्रामा मनोरञ्जन कर उठाएको देखिन्छ। आ.व २०७५/७६ मा २८ लाख रुपैया मनोरञ्जन कर उठेको थियो। आ.व २०७६/७७ मा ३३ लाख रुपैया मनोरञ्जन कर उठेको थियो। कोभिड- १९ को संक्रमणका कारणले आ.व २०७७/७८ मा मात्र रु. ३ लाख २४ हजार मनोरञ्जन कर उठेको देखिन्छ। कार्यविधी बनाउने र निजी क्षेत्रलाई पनि करको दायरामा ल्याउन सकेमा मनोरञ्जन करको योगदान दोब्बर बनाउन सकिने यहाँका जानीफकारहरु बताउँदछन।

**विज्ञापनकरः** विज्ञापनकरको स्थिति पनि गण्डकी प्रदेशमा शैशव अवस्थामा रहेको पाइन्छ। विगतका तीन वर्षहरुमा यी नमूना पालिकाहरुमा विज्ञापन करको स्थिति तालिका नं ३.४ मा देखाइएको छ। पोखरा महानगरपालिका घनावस्ती भएको र शहरी क्षेत्र पनि भएकोले विज्ञापनका क्रियाकलापहरु प्रशस्त भेटिन्छन्। त्यसैले यो नगरपालिकामा विज्ञापनकरको रकम उठेको देखिन्छ। आ.व २०७५/७६ मा ८७ लाख ३२ हजार रुपैयाको विज्ञापनकर उठेको थियो। आ.व २०७६/७७ मा ७८ लाख ८३ हजार रुपैया बराबरको विज्ञापनकर उठेको थियो। आ.व २०७७/७८ मा रु. ६७ लाख ३५ हजार विज्ञापन कर उठेको देखिन्छ। आर्थिक क्रियाकलापहरु वृद्धि हुँदै जाने तर विज्ञापन करको मात्रा घट्दै जानु त्यत्ति युक्तिसंगत देखिँदैन।

तालिका नं. ३.४: स्थानीय तहमा विज्ञापनकर (रु हजारमा)

| पालिका ↓ तथा वर्ष→ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| विनयी त्रिवेणी गाउँपालिका | ० | ० | ० |
| शुक्लागण्डकी नगरपालिका | ७ | ० | ० |
| व्यास नगरपालिका | ३०२ | ४०० | ३६.३५ |
| पुतलीबजार नगरपालिका | __ | | ३९५* |
| कुश्मा नगरपालिका | ५०** | __ | __ |
| बागलुङ्ग नगरपालिका | 0 | 0 | ४८० |
| पोखरा महानगरपालिका | ८७३२.९ | ७८८३.९ | ६७३५.५ |

*स्रोतः सम्बन्धित पालिकाहरुको राजस्व शाखाबाट (स्थलगत निरीक्षण)*

**२०७४/७५ *२०७८/७९

विनयी त्रिवेणी गाउँपालिकामा विज्ञापन करबाट राजस्व शून्य उठेको पाइन्छ। शुक्लागण्डकी नगरपालिकामा आ.व. २०७५/७६ मा ७ हजारको राजस्व विज्ञापन करबाट उठेको थियो। त्यस पछिका वर्षहरुमा यो कर उठाउन सकेको देखिँदैन। यस नगरपालिकामा कार्यरत कर्मचारीहरुका अनुसार यो वर्ष (आ.व. २०७८/७९) २ लाखको ठेक्कामा लगाइएको छ। एफ.एम.हरु सञ्चालित छन् तर यसबाट विज्ञापनकर उठाएको पाइँदैन।

व्यास नगरपालिकामा विगतका तीन वर्षहरुमा लगातार विज्ञापन कर उठेको पाइन्छ। आ.व २०७५/७६ मा ३ लाख २ हजार रुपैया विज्ञापनकर उठेको थियो। आ.व २०७६/७७ मा ८ लाख रुपैया बराबरको विज्ञापन कर उठेको थियो। आ.व २०७७/७८ मा मात्र रु. ३६ हजार को विज्ञापन कर उठेको देखिन्छ। पुतलीबजार नगरपालिकामा विज्ञापनकर खासै उठाएको पाइँदैन। आ.व. २०७८/७९ का लागि रु. ३ लाख ९५ हजारमा ठेक्का दिएको पाइएको छ। ठेकेदार घाटामा रहेको गुनासो सुन्नमा आएको थियो। कुश्मा नगरपालिकामा आ.व. २०७५/७६ मा विज्ञापनकर उपलब्ध हुन सकेन तर आ.व. २०७४/७५ का लागि ५० हजार उठेको थियो। त्यस पछिका वर्षहरुमा पनि कुश्मामा आँकडा उपलब्ध हुन सकेन। बागलुङ्ग नगरपालिकामा आ.व. २०७५/७६, २०७६/७७ मा विज्ञापनकर उठ्न सकेन तर आ.व. २०७७/७८ का लागि ४ लाख ८० हजार उठेको थियो।

**सवारी साधन कर**: गण्डकी प्रदेश सरकारको सबै भन्दा ठूलो आन्तरिक राजस्वको स्रोत भनेको सवारी साधन कर हो। सवारी साधन कर उठाउने काम प्रदेश सरकारले गर्दछ। उठेको रकमबाट ६० प्रतिशत प्रदेश सरकारलाई र ४० प्रतिशत सम्बन्धित गाउँ तथा नगरपालिकालाई बाँडफाँट गरिन्छ। धेरैजसो पालिकाहरुले बाँडफाँट भई आएको सवारी साधन करको रकम छुट्टै महलमा प्रस्तुत नगरी बाँडफाँटबाट प्राप्त सबै राजस्व रकम एकै ठाउँमा राखेको हुँदा पृथक रुपमा विश्लेषण गर्न कठिन भयो। स्थानीय तहमा सवारी साधन करको स्थिति तालिका नं ३.५ मा दिइएको छ। कुश्मा नगरपालिकामा आ.व. २०७५/७६ मा सवारी साधन कर उपलब्ध हुन सकेन। त्यस पछिका वर्षहरुमा आँकडा उपलब्ध हुन सकेन।

बागलुङ्ग नगरपालिकाको हकमा आ.व २०७६/७७ मा  रु. ७३ लाख ६७ हजार को सवारी साधन कर बाँडफाँट भई आएको थियो। आ.व २०७७/७८ मा रु. १ करोड ३९ लाख २९ हजारको सवारी साधन कर बाँडफाँट भई प्राप्त भएको थियो। बागलुङ्ग नगरपालिकाका लागि सवारी साधनकर प्रमुख आय स्रोतका रुपमा देखिन्छ।

पोखरा महानगरपालिकाको हकमा आ.व २०७६/७७ मा  रु. ३ करोड ४७ लाख ४९ हजार को सवारी साधनकर बाँडफाँट भई आएको थियो। आ.व २०७७/७८ मा रु. ४ करोड ३७ लाख १ हजार को सवारी साधनकर बाँडफाँट भई प्राप्त  भएको थियो।

तालिका नं. ३.५: स्थानीय तहमा सवारी साधन कर(रु.हजारमा)

| पालिका ↓ तथा वर्ष→ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | कैफियत |
|---|---|---|---|---|
| विनयी त्रिवेणी गाउँपालिका | NS | NS | NS | |
| शुक्लागण्डकी नगरपालिका | ३८८६.२ | ८१५२ | १५४१३ | |
| व्यास नगरपालिका | NS | NS | NS | |
| पुतलीबजार नगरपालिका | | | २४.७ | ७५७* |
| कुश्मा नगरपालिका | NA | NA | NA | |
| बागलुङ्ग नगरपालिका | | ७३६७ | १३९२९ | |
| पोखरा महानगरपालिका | NS | ३४७४९ | ४३७०१ | |

*स्रोतः  सम्बन्धित पालिकाहरुको राजस्व शाखाबाट (स्थलगत निरीक्षण) र RIP  २०७८*

सवारी साधन कर प्रदेश आँफैले उठाउने भएको हुँदा यसको दायरा र अंक बढाउने प्रमुख जिम्मेवारी पनि प्रदेश सरकारकै हुन आउँछ। अन्य तथ्यहरु तालिका नं ३.५ बाट प्रष्ट हुन्छ। स्थानीय तहरुको भूमिका सवारी साधनकर सङ्कलनमा गौड रहेको र बाँडफाँट पछिको रकम मात्र उनीहरुको खातामा आउने हुँदा यो करबाट राजस्व बढाउने कार्यमा प्रदेश सरकारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ।

**दहत्तर बहत्तरः** गण्डकी प्रदेश सरकारको आन्तरिक राजस्वको अर्को प्रमुख स्रोतमा दहत्तर बहत्तर पर्दछ। आन्तरिक राजस्वमा योगदान गर्ने प्रमुख शीर्षकहरुमा यो पाँचौ नम्बरमा पर्दछ। यसको योगदान आन्तरिक राजस्वमा ७ प्रतिशत छ। गाउँ तथा नगरपालिकाहरुमा पनि यो शीर्षक प्रमुख राजस्वको स्रोतका रुपमा देखिन्छ।

विनयी त्रिवेणी गाउँपालिकामा आ.व. २०७५/७६ मा ६ करोड ७९ लाख ९ हजारको राजस्व यो शीर्षकबाट प्राप्त भएको थियो। आ.व. २०७६/७७ मा ६ करोड ३५ लाख १ हजारको राजस्व उठ्यो भने आ.व. २०७७/७८ मा ८ करोड ७ लाख १ हजार पुगेको देखिन्छ।

शुक्लागण्डकी नगरपालिकामा आ.व. २०७५/७६ मा ९१ हजारको राजस्व यो शीर्षकबाट प्राप्त भएको थियो। आ.व. २०७६/७७ मा ४ करोड ७६ लाख ९६ हजारको राजस्व उठ्यो भने आ.व. २०७७/७८ मा ११ करोड २१ लाख ६७ हजार पुगेको देखिन्छ।

तालिका नं. ३.६: स्थानीय तहमा दहत्तर बहत्तर शुल्क (रु. हजारमा)

| पालिका ↓ तथा वर्ष→ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | कैफियत |
|---|---|---|---|---|
| विनयी त्रिवेणी गाउँपालिका | ६७९०९ | ६३५०१ | ८०७०१ | |
| शुक्लागण्डकी नगरपालिका | ९१.१ | ४७६९६.८ | ११२१६७.७ | |
| व्यास नगरपालिका | ५६९२५.८ | ३५७१२.५ | २२३३१.९ | |
| पुतलीबजार नगरपालिका | २४६२.२ | ४९४५.४ | ८४४६.८ | २१०८०.४* |
| कुश्मा नगरपालिका | ८६०० | - | - | |
| बागलुङ्ग नगरपालिका | | २९७८.७ | ४०९५.६ | |
| पोखरा महानगरपालिका | १९१८११.६ | १२६७९२.४ | २१७९७४.५* | |

*स्रोतः सम्बन्धित पालिकाहरुको राजस्व शाखाबाट (स्थलगत निरीक्षण)*

व्यास नगरपालिकामा आ.व. २०७५/७६ मा ५ करोड ६९ लाख २५ हजारको राजस्व उठेको थियो। आ.व. २०७६/७७ मा घटेर ३ करोड ५७ लाख १२ हजारमा झरेको थियो भने आ.व. २०७७/७८ अझ तल झरी २ करोड २३ लाख ३१ हजार पुगेको देखिन्छ। यस पालिकामा आँकडा तल झरेपनि दहत्तर बहत्तर महत्वपूर्ण राजस्वका स्रोतका रुपमा रहेको पाइन्छ।

पुतलीबजार नगरपाालिकामा दहत्तर बहत्तर शीर्षकमा आ.व. २०७५/७६ देखि आ.व. २०७७/७८ सम्म हरेक वर्ष २४ लाख देखि ८४ लाखको बीचमा राजस्व उठेको देखिन्छ। आ.व.२०७८/७९ मा यो आँकडा वढेर २ करोड १० लाख पुगेको छ अर्थात् यो रकममा ठेक्का लागेको छ। दहत्तर बहत्तरको स्थिति पुतलीबजारमा वढ्दो क्रममा देखिन्छ। यहाँ पनि यसले महत्वपूर्ण राजस्वको स्रोतको भूमिका खेलेको पाइन्छ। कुश्मा नगरपाालिकामा दहत्तर बहत्तर शीर्षकमा आ.व. २०७५/७६ मा ८६ लाख उठेको थियो। त्यस पछिका वर्षहरुमा पनि लगातार उठेको थाहा भयो तर निश्चित अङ्क थाहा हुन नसक्दा यहाँ रिपोर्ट गरिएको छैन। अन्य नगरपालिकामा जस्तै यहाँ पनि प्रमुख राजस्वको स्रोत भनेको दहत्तर बहत्तर शुल्क हो।

बागलुङ्ग नगरपाालिकामा दहत्तर बहत्तर शीर्षकमा आ.व. २०७६/७७ मा २९ लाख ७८ हजार उठेको थियो। त्यस पछि २०७७/७८ मा रु. ४० लाख ९५ हजार उठेको थियो। अन्य नगरपालिकाहरुमा मा जस्तै यहाँ पनि प्रमुख राजस्वको स्रोत भनेको दहत्तर बहत्तर शुल्क हो।

पोखरा महानगरपालिकाले पनि दहत्तर बहत्तर शीर्षकबाट ठूलो मात्रामा राजस्व उठाएको देखिन्छ। तालिका नं. ३.६ का अनुसार आ.व. २०७५/७६ मा १९ करोड १८ लाख ११ हजारको राजस्व

उठेको थियो। आ.व. २०७६/७७ मा  यो मात्रा वढेर १२ करोड ६७ लाख ९२ हजारमा पुगेको पाइन्छ। आ.व. २०७७/७८ मा दहत्तर बहत्तर शीर्षक पोखरा महानगरपालिकाको राजस्व तालिकामा देखा पर्दैन। प्राकृतिक स्रोत कर नामक शीर्षकमा २१ करोड ७९ लाख ७४ हजार को राजस्व रकम देखिन्छ। अतः दहत्तर बहत्तर शीर्षक अन्तर्गतको राजस्व पनि  यही प्राकृतिक स्रोत करमा परेको अनुमान लगाउन सकिन्छ। दहत्तर बहत्तर शीर्षकको राजस्व बाँडफाँट नगरी प्राकृतिक स्रोत करमा राखेको आशंका गर्न सकिन्छ। यो कर बाँडफाँट गरेमा प्रदेश सरकारलाई ८ करोड ७९ लाख को थप राजस्व प्राप्त हुनेछ।

स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार दहत्तर बहत्तर शीर्षकबाट प्रशस्त मात्रामा राजस्व बढाउने सम्भावना देखिन्छ। विनयी त्रिवेणी गाउँपालिकामा विशालकाय ढुङ्गा , गिट्टी, बालुवा उठाउने वगर छ। यहाँ गाउँपालिकाले वार्षिक ठेक्कामा परिमाण तोकेर ढुङ्गागिट्टी, बालुवा उठाउन दिने चलन छ। ठेकेदारले के कति मात्रामा ढुङ्गागिट्टी, बालुवा उठायो भनी अनुगमन गर्ने चलन छैन। गाउँपालिकाको रोहवरमा गिट्टी, बालुवा उठाएको मात्राको नापजोख भएको पनि देखिँदैन। स्थानीय बासिन्दाका अनुसार तोकिएको परिमाण भन्दा धेरै बढी मात्रामा ढुङ्गा, गिट्टी, बालुवा उठाएको पाइन्छ। नापजोख र अनुगमन गर्ने गरेमा हालको भन्दा राजस्व तीन गुणा वढन सक्ने सम्भावना छ। पुतलीबजारमा पनि ठेककामा दिने चलन देखिन्छ। यहाँ पनि उठाएको मात्राको नापजोख तथा अनुगमन भएको देखिँदैन। यहाँ कार्यरत विज्ञका अनुसार ढुङ्गागिट्टी, बालुवाको उत्खननमा नीतिगत परिवर्तन आवश्यक छ। पक्की संरचना भन्दा तल  माथि एक हजार मिटरसम्म ढुङ्गागिट्टी, बालुवा उठाउन नपाइने नियम छ। तराई क्षेत्रमा यो नियम ठिक छ तर पहाडी क्षेत्रमा यो नियम त्यत्ति व्यवहारिक देखिँदैन। पहाडी धरातल ओरालो प्रकृतिको हुने र हजार मिटरको दूरी तय गर्न निकै समय लाग्ने गर्दछ। अतः यो नियम परिवर्तन गर्न आवश्यक छ। यहाँ कार्यरत विज्ञका अनुसार पहाडमा २०० मिटरको दूरी भए पुग्दछ।

व्यास नगरपालिकाको पनि अनौठो अनुभव रहेको छ। गत वर्ष कोभिडका कारण ठेक्का लाग्न सकेन। नगरपालिका आँफैले पुलिस र कर्मचारी खटाई ढुङ्गागिट्टी, बालुवा बिक्री गर्दा ठूलो मात्रामा राजस्व उठेको थियो। गण्डकी प्रदेशमा हरेक पालिकाहरुले प्रति क्यूविक फिट फरक फरक मूल्य निर्धारण गर्नु भन्दा प्रदेश सरकारले नै एउटै दर निर्धारण गरेमा राम्रो र सजिलो हुने थियो भन्ने यस नगरपालिकाबाट सुझाव आएको थियो।

**घरजग्गा रजिस्ट्रेसनः** कानुनतः घरजग्गा रजिस्ट्रेसन दस्तुर उठाउने जिम्मा स्थानीय तहको हो। स्थानीय तहको आधारभूत संरचना बनिनसकेको हुनाले जिल्लास्थित मालपोत कार्यालयहरुले घरजग्गा रजिस्ट्रेसन दस्तुर उठाउने गरिएको छ। संरचना बनिसके पछि स्थानीय तहले नै यो दस्तुर उठाउनेछन्।

तालिका नं. ३.७: स्थानीय तहमा घरजग्गा रजिस्ट्रेसन (रु. हजारमा)

| **पालिका ↓ तथा वर्ष→** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** |
|---|---|---|---|
| विनयी त्रिवेणी गाउँपालिका | -- | -- | -- |

| | | | |
|---|---|---|---|
| शुक्लागण्डकी नगरपालिका | | १६२३० | ११५०० |
| व्यास नगरपालिका | | -- | -- |
| पुतलीबजार नगरपालिका | -- | -- | -- |
| कुश्मा नगरपालिका | ८९६५.६ | NA | NA |
| बागलुङ्ग नगरपालिका | -- | १३४२१.६ | २०४९२.१ |
| पोखरा महानगरपालिका | २७०८८२.४ | ३८४५६९.१ | २७७५८२.३ |

*स्रोतः सम्बन्धित पालिकाहरुको राजस्व शाखाबाट (स्थलगत निरीक्षण)*

जिल्लास्थित मालपोत कार्यालयहरुले उठाएको घरजग्गा रजिस्ट्रेसन दस्तुरको ६० प्रतिशत स्थानीय तहलाई र ४० प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट गर्ने कानूनी प्रावधान छ। सबै स्थानीय तहको घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट उठेको राजस्व समान प्रकृतिबाट रिपोर्टिङ गरेको पाइएन। उपलब्ध तथ्याङ्कलाई तालिका नं. ३.७ प्रस्तुत गरिएको छ। शुक्लागण्डकी नगरपालिका, बागलुङ्ग नगरपालिका तथा पोखरा महानगरपालिकामा मात्र यस्तो तथ्याङ्क उपलब्ध हुन सक्यो। कुश्मा नगरपालिकामा आ.व २०७५/७६ को मात्र तथ्याङ्क प्राप्त भयो।

बागलुङ्ग नगरपालिकामा घरजगगा रजिस्ट्रेसनबाट आ.व. २०७६/७७ मा १ करोड ३४ लाख २१ हजारको राजस्व रकम उठेको थियो। आ.व. २०७७/७८ मा २ करोड ४ लाख ९२ हजार घरजग्गा रजिस्ट्रेसनबाट प्राप्त भएको थियो। घरजग्गा रजिस्ट्रेसन बागलुङ्गका लागि पनि प्रमुख राजस्वको स्रोत बनेको देखिन्छ।

पोखरा महानगरपालिकाले आ.व. २०७५/७६ मा २७ करोड ८ लाख ८२ हजारको बाँडफाँट पछिको घरजग्गा रजिस्ट्रेसन शुल्क प्राप्त गरेको थियो। आ.व. २०७६/७७ मा यो मात्रा वढेर ३८ करोड ४५ लाख ६९ हजारमा पुगेको पाइन्छ। आ.व. २०७७/७८ मा २७ करोड ७५ लाख ८२ हजार घरजग्गा रजिस्ट्रेसनबाट प्राप्त भएको थियो। अतः घरजग्गा रजिस्ट्रेसन शहरी क्षेत्रका पालिकाहरुको प्रमुख आय स्रोतका रुपमा रहेको पाइन्छ। घरजग्गा रजिस्ट्रेसनबाट राजस्व बढाउने सम्भावनाका वारेमा तल चर्चा गरिएको छ।

## ३.७ गण्डकी प्रदेशमा राजस्व बढाउने सम्भावना र सुझावहरु

### ३.७.१. करमा आधारित स्रोतहरू

#### *३.७.१.१ मनोरञ्जन कर*

अधिकांश पालिकाहरुमा मनोरञ्जन कर शून्य उठेको देखिन्छ। यो करको सम्भावना शहरी क्षेत्रमा ज्यादा देखिन्छ। सिनेमा, डकुमेन्ट्री , मेला महोत्सव, नाचगृह, फनपार्क आदि ठाँउहरुमा यो कर लगाउन सकिने छ। अतः प्रदेश सरकारले स्थानीय सरकारसँग मिली सिनेमा, डकुमेन्ट्री, मेला महोत्सव, नाचगृह, फनपार्क आदिको विकास र निर्माणमा जोड दिँदा मनोरञ्जन करको मात्रा पनि

वढ्ने छ। प्रवेश शुल्क लिई सञ्चालन गरिने मेला-महोत्सव, सर्कस, कन्सर्ट, सांस्कृतिक कार्यक्रम, खेलकुद, प्रर्दशनी आदिमा ५ प्रतिशत करको दर गण्डकी प्रदेश सरकारले तोकेको छ।

डुँगा चलाउने, न्याफ्टीङ्ग गर्ने, बन्जीजम्पिङ, प्याराग्लाइडिङ, खेल दर्शन, गायन महोत्सव, तिरेर पाइने टि.भी. सेवा, आदि कार्यहरुमा मनोरञ्जन कर लगाउने सम्भावना छ। यसरी कर लगाउदा एउटै कार्यमा दोहोरो कर लगाउन हुँदैन जस्तै मनोरञ्जन र पर्यटन शुल्क एकै कार्यमा।

शुक्लागण्डकी नगरपालिकामा आएको सुझाव अनुसार केही कार्यक्रमहरु जस्तै रक गार्डेन, शहिद लालध्वज पार्क, एकले डाँडा एकीकृत पर्यटकीय क्षेत्र आदिहरुमा प्रदेश तथा स्थानीय पालिकाहरुले संयुक्त लगानी गरी निर्माण गरेमा त्यसबाट प्राप्त हुने आय पनि संयुक्त रुपमा वृद्धि हुने थियो।

### *३.७.१.२ विज्ञापन कर*

अधिकांश पालिकाहरुमा विज्ञापन कर पनि शून्य उठेको देखिन्छ। यो कर पनि शहरी क्षेत्रमा बढी केन्द्रित भएको देखिन्छ। एफ. एम.हरुमा प्रसारण हुने विज्ञापनमा पनि विज्ञापन कर लगाउन सकिनेछ। छापाहरुमा (किताव, पत्रिका, मुखपत्र) हुने विज्ञापनहरुमा कर लगाउन सकिने छ।

कानुनतः विज्ञापन करको दर स्थानीय सरकारले तोक्ने र उठाउने जिम्मा पनि स्थानीय सरकारलाई दिइएको छ। पुतलीबजार, व्यास आदि नगरपालिकाहरुमा विज्ञापनकर उठाउन ठेक्कामा दिने गरेको पाइएको छ। जिल्ला सदरमुकामहरुमा स्थित नगरपालिकाहरुले ठेक्कामा दिनु भन्दा विज्ञापन युनिटको कार्यालय छुट्टै खोलेर कर उठाएमा विज्ञापनकर राजस्वमा वृद्धि गर्न सकिनेछ। हाललाई गाउँपालिकाहरुमा विज्ञापन युनिटको कार्यालय खोल्दा कुनै लाभ हुने देखिँदैन किनकि ती स्थानहरुमा विज्ञापनकरको सम्भावना न्यून देखिन्छ।

प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन र नियमन सूचना र सञ्चार हेर्ने मन्त्रालयले गर्नु पर्ने व्यवस्था छ। विज्ञापन ऐन विपरीत काम गर्ने व्यक्तिलाई रु. एक लाखसम्म जरिवाना गर्न सक्ने भएको हुँदा सूचना तथा सञ्चार मन्त्रालयले बेला वखतमा अनुगमन गर्न उचित रहनेछ।

स्थानीय स्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन र नियमन सूचना र सञ्चार हेर्ने स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ विपरीत काम गर्ने व्यक्तिलाई स्थानीय तहको न्यायिक समितिको आदेशले एक लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ।यसको कार्यान्वयन भएको पाइएन।

अधिकांश पालिकाहरुमा विज्ञापन कर पनि शून्य उठेको देखिन्छ। स्थानीय तह विज्ञापन करका वारेमा अलि अनविज्ञ रहेकाले यस सम्वन्धमा प्रशिक्षण दिन अनिवार्य देखिन्छ।

### *३.७.१.३ ढुङ्गा, गिट्टी, र बालुवामा दहत्तर बहत्तर*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा प्रदेश वा गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकारक्षेत्र भित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँटको शीर्षक राखिएको छ। यस शीर्षकको को उपदफा (१) को (घ) अनुसार ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरी ढुङ्गा, अभ्रख र दहत्तर

बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने भनिएको छ। यसबाट प्रष्ट हुन्छ कि ढुङ्गा, गिट्टी, र बालुवामा प्रदेश र स्थानीय सरकारको दोहोरो स्वामित्व रहन्छ। यस्तै गण्डकी प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ का अनुसार रोडा, ढुङगा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क रकम मध्येबाट साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ भनिएको छ। त्यस्तै ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ का अनुसार गाउँपालिका वा नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्न सक्ने भनिएको छ। यसबाट के प्रष्ट हुन्छ भने गाउँपालिका वा नगरपालिकाले रोडा, ढुङगा, गिट्टी बालुवा र दहत्तर बहत्तर बिक्री गर्न सक्ने छन् तर यसबाट उठेको रकम बाँडफाँट गर्नुपर्ने हुन्छ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन गरिएको छ। यो संशोधनमा दफा ६२ पछि ६२ (क) थपिएको छ। संशोधन पछिको दफा ६२ (क) का अनुसार गाउँपालिका वा नगरपालिकाले स्लेट, ढुङगा, गिट्टी, बालुवा र दह्त्तर बहत्तर बिक्री गर्न सक्ने छन र बिक्रीबाट प्राप्त रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ। यसैलाई आधार मानी केही नगरपालिकाले ढुङगा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बिक्रीबाट प्राप्त रकमको ४० प्रतिशत प्रदेश सरकारमा नपठाएको पाइएको छ। अतःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) को नम्वर ३ संशोधन गर्नुपर्ने देखिन्छ। किनकी सोही ऐनको दफा ६४ ले ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरलाई प्रदेश र स्थानीय सरकारको साझा अधिकारको क्षेत्रमा राखेको छ। यो भएमा गण्डकी प्रदेशको आन्तरिक राजस्व स्वतः वढ्ने छ।

आर्थिक ऐन, २०७५को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ खारेज गरेको हुँदा ढुङ्गा, गिट्टी, स्ले ट, बालुवा, दहत्तर बहत्तर आदिमा प्रदेश सरकारको साझा अधिकारको क्षेत्रमा अन्यौलता भएको हुँदा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६ पुनर्जीवित गर्न आवश्यक छ।

स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार गाउँपालिका तथा नगरपालिकाहरुले वार्षिक ठेक्कामा परिमाण तोकेर ढुङ्गागिट्टी, बालुवा उठाउन दिने वा बिक्री गर्ने चलन छ। ठेकेदारले के कति मात्रामा ढुङ्गागिट्टी, बालुवा उठायो भनी अनुगमन गर्ने चलन छैन। गाउँपालिकाको रोहवरमा गिट्टी, बालुवा उठाएको मात्राको नापजोख भएको पनि देखिँदैन। स्थानीय बासिन्दाका अनुसार तोकिएको परिमाण भन्दा धेरै बढी मात्रामा ढुङ्गागिट्टी, बालुवा उठाएको पाइन्छ। नापजोख र अनुगमन गर्ने गरेमा हालको भन्दा राजस्व तीन गुणा वढ्न सक्ने सम्भावना छ।

केही गाउँ तथा नगरपालिकाहरुमा मापदण्ड विपरीत स्थापना भएका क्रसर उद्योगहरुबाट हुने ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ को उपदफा १ का अनुसार क्रसर उद्योहरु राजमार्ग तथा नदी किनारबाट ५०० मिटरको दूरी भन्दा टाढा

हुनु पर्ने भनिएको छ। उदाहरणका लागि शुक्लागण्डकी नगरपालिकामा सञ्चालित क्रसर उद्योग यो मापदण्ड विपरीत देखिन्छ। मापदण्ड विपरीतका क्रसर उद्योगहरुको स्थापनाले चोरी निकासीको सम्भावना बढी हुने र चोरी निकासीको आशंका गर्ने ठाउँ पनि दिन्छ। अतः यस्ता उद्योगहरुको वैधताको छानविन गर्नुपर्ने हुन्छ। यो भएमा राजस्व वढ्नेछ।

प्रदेश सरकारले दररेट तोके तापनि गाउँ तथा नगरपालिकाहरले आ-आफ्नो हिसाबले निर्धारण गरेको पाइएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदेश सरकारलाई दररेट तोक्ने अधिकार दिएको छ। अतः एकरुपता हुन आवश्यक छ।

### *३.७.१.४ घर जग्गा रजिस्ट्रेसन*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को (ख) अनुसार घर जग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको सङ्कलन गाउँपालिका वा नगरपालिकाले गर्ने भनिएको छ। हाल गाउँपालिका तथा नगरपालिकाहरुको भौतिक संरचना तथा मानवीय संशाधनले नभ्याउने हुँदा मालपोत कार्यालयबाटै यो काम हुँदै आएको छ। स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार शहरी क्षेत्रका घर जग्गाहरुको मूल्याङ्कन बजार मूल्य भन्दा न्यून हुने गरेको छ। सरकारी मूल्याङ्कन बजार मूल्यको २५ प्रतिशत भन्दा पनि कम हुने हुँदा घर जग्गा रजिस्ट्रेसन गर्ने काम सरकारी दरबाटै हुने गरेकाले यसबाट प्राप्त हुने राजस्व कम हुने गरेको हो। समय सन्दर्भ अनुसार घर जग्गाहरुको मूल्याङ्कन दर पनि पुनरावलोकन गर्नुपर्ने हुन्छ। प्राप्त सूचना अनुसार प्रमुख जिल्ला अधिकारीको नेतृत्वको समितिले मूल्याङ्कन दर निर्धारण गर्ने गर्दछ। यसको पुर्नमूल्याङ्कन डेढीले मात्रै बढाए पनि सरकारी दर बजार मूल्यको लगभग ३७ प्रतिशत हुने गर्दछ। यसो गरेमा घर जग्गा रजिस्ट्रेसनबाट प्रदेश सरकारलाई प्राप्त हुने राजस्व ३५ करोडले बढ्ने छ।

घर जग्गाहरुको सरकारी मूल्याङ्कन दर निर्धारण गर्दा पक्की तथा कच्ची बाटोले ठूलो असर पारेको हुन्छ। पक्की बाटोमा परेका घर जग्गाहरुको मूल्याङ्कन दर उच्च हुने र कच्ची बाटोमा परेका घर जग्गाहरुको दर न्यून हुने गर्दछ। प्रदेश सरकारको प्रमुख काम भनेको प्रदेश भित्र पक्की सडकको सञ्जाल विकास गर्नु पनि हो। त्यसैले नगरपालिकाका बस्तीहरुमा पक्की सडक विस्तार गर्ने काममा नगरपालिकालाई प्रेरित गरेमा प्रदेश सरकारको पनि प्रशंसा हुने र प्रदेश सरकारलाई अप्रत्यक्ष रुपमा राजस्व पनि बढ्ने हुन्छ।

घर जग्गाहरुको कारोबारमा बिचौलियाहरुको ठूलो चलखेल भएको देखिन्छ। प्राइभेट वकिलहरुको पनि त्यतिकै सक्रियता देखिन्छ। यसको सट्टामा मालपोत कार्यालयमा सरकारी तहबाटै कर्मचारीहरु खटाई एउटा छुट्टै कार्यालय खडा गरी सेवा प्रदान गरेमा राजस्व वढ्ने सम्भावना भएको हुँदा यसको छुट्टै लघु अनुसन्धान गर्नु राम्रो हुने छ।

### *३.७.१.५ सवारी साधन कर*

सवारी साधन करको दर निर्धारण र सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ (क) को उपदफा २ का अनुसार सङ्कलित रकमको ६० प्रतिशत

प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट हुने व्यवस्था छ। सोही ऐनको दफा ५ को उपदफा १ मा सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने भनिएको छ।

प्रदेश सरकारको प्रमुख राजस्वको स्रोत भनेको सवारी साधन कर हो। सवारी साधनमा धेरै करका दरहरु छन्। सवारी साधनको मूल्य, सवारी साधनको सी.सी. आदिमा भर पर्दछ। अन्य मुलुकका तुलनामा नेपालमा सवारी साधन कर उच्च रहेको भनिन्छ। देश भित्र सवारी साधन नबन्ने भएका कारणले सवारी साधनको करको दर बढाउन प्रत्युपादक हुनेछ।

नेपालमा पुराना गाडीहरुको बाहुल्यता रहेको हुनाले दुर्घटनाको दर पनि उच्च रहने र वातावरण प्रदुषण पनि उच्च रहने गरेको छ। यसैले यसलाई नियन्त्रण गर्न गाडीहरुको आयु र गाडीले पार गरेको दूरीको आधारमा सवारी साधनको करको दर अनुपातिक हिसाबमा बढाउँदै लैजान उपयुक्त हुनेछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अनुसार एक प्रदेशमा दर्ता भएका सवारी साधन अन्य प्रदेशमा ठाउँसारी भई आएमा केही प्रदेशले राजस्व छुट दिने नीति लिएको पाइएको छ। यस्तो नीतिले समष्टी अर्थ व्यवस्थाको राजस्व वृद्धि हुन सक्दैन। यसले अस्वस्थ प्रतिस्पर्धाको विकास हुने हुँदा प्रादेशिक करको दरमा यथासम्भव समान रहने गरी करको दर निर्धारण गर्नु राम्रो हुनेछ।

( https://nnrfc.gov.np/uploads/fivesectors/2022-04-07/Vehicle (4)1.pdf )

गण्डकी प्रदेश सरकारको प्रमुख स्रोतको रुपमा सवारी साधन कर रहेको देखिन्छ। तथापि कार्यालयगत तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा दर्ता भएका सवारी साधनको तथ्याङ्क अनुसार कम्तीमा २ अर्ब उठ्नु पर्ने सवारी साधन कर १ अर्ब ३७ करोड मात्र सङ्कलन भएको देखिन्छ। यस अर्थमा गण्डकी प्रदेशमा दर्ता भएका सबै सवारी साधन धनीले कर नबुझाएको प्रष्ट हुन्छ। तसर्थ दर्ता भई नवीकरण नभएका सवारी साधनहरुको विवरण तयार गरी सवारी धनीहरुलाई कर तिर्न ताकेता गर्न सकिन्छ। ट्राफिक प्रहरीको सहयोगमा उक्त सवारी साधनहरुलाई प्रयोगको बखत जरिवाना सहित कर उठाउने व्यवस्था गर्न सकिन्छ।प्रविधिको प्रयोग मार्फत सवारी साधन कर बुझाउने प्रक्रिया सहज बनाई कर तिर्न प्रोत्साहन गर्न सकिन्छ।

हरेक गाउँ तथा नगरपालिकाहरुमा प्राइभेट (निजी) क्षेत्रले डोजरहरु किन्ने र भाडामा लगाएर आय आर्जन गरेको पाइन्छ। यस्ता डोजरहरु दर्ता त हुने तर नवीकरण नगर्ने र कर पनि नतिर्ने प्रवृति देखिएको छ। सार्वजनिक निर्माणको ठेक्का सम्झौतामा सवारी साधन र मेसिनरीको अनिवार्य नवीकरण पेश गर्नुपर्ने प्रावधान राखेमा थप राजस्व सङ्कलन हुने देखिन्छ।

निर्माण उद्योगहरुमा प्रयोग हुने Cement Roller गाउँ तथा नगरपालिकामा घर निर्माण तथा अन्य निर्माणका कार्यमा व्यापकरुपमा प्रयोग हुँदै आएको पाइन्छ। यस्तो उपकरण करको दायरामा नआएको हुँदा ल्याउन जरुरी छ। यसले प्रदेश सरकारको राजस्व वृद्धिमा ठूलो सहयोग गर्नेछ।

### ३.७.२ गैरकरहरु (प्रदेश सरकारको)

#### *३.७.२.१ सेवा शुल्क दस्तुर*

सेवा शुल्क भनेको प्रदेश सरकारका मन्त्रालय वा निकायहरुले सेवा प्रदान गरे बापत लिने महसुल हो। प्रदेश सरकारको सेवा शुल्कको प्रमुख स्रोत यातायात क्षेत्रको आम्दानी रहेको सर्वविदितै छ। यस क्षेत्रको आम्दानीमा वृद्धि गर्न राजस्व प्रशासन तथा सेवा प्रवाहमा सरलीकरण मात्र गरे पुग्छ। यसबाहेक प्रदेश सरकारका अन्य सम्भावित सेवा शुल्क तथा दस्तुरका क्षेत्रहरुका सम्बन्धमा सरकारले नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ।

प्रदेश सरकार अन्तर्गतको कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयले एफ एम, रेडियो, टेलिभिजन लगायतका अनुमति तथा नवीकरण गर्नुपर्ने कार्य गरिरहे तापनि कानुनको अभावमा उक्त क्षेत्रबाट सेवा शुल्क लिन सकिएको छैन। तसर्थ, यथाशीघ्र प्रदेश सरकारको यसतर्फ ध्यानाकर्षण हुन जरुरी देखिन्छ।

अर्को क्षेत्र लघु, घरेलु तथा साना उद्योग दर्ता सम्बन्धमा धेरै उद्योग स्थानीय स्तरमा मात्र दर्ता भएकोले प्रदेश सरकारको कार्यक्रमको नीतिमा नै प्रदेशमा दर्ता हुन प्रेरित गर्नुपर्छ। यसबाट प्रदेशमा सञ्चालित उद्योगहरुको तथ्याङ्क उपलब्ध हुन्छ र नवीकरणका लागि सोही अनुसार ताकेता, नवीकरण विलम्ब दस्तुर लगायतका सेवाशुल्क तथा दस्तुर प्राप्त गर्न सकिन्छ।

प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम जस्तैः सीप विकास तालिम, व्यवसाय सूचीकरण तथा अन्य सम्भावित वार्षिक कार्यक्रम (व्यवसाय लक्षित र विपन्न लक्षित रहित) मा दर्ता शुल्क भनी नयाँ स्रोत सङ्कलनको व्यापक सम्भावना रहेको देखिन्छ।

#### *३.७.२.२ पर्यटन शुल्क*

सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तर्गत रहेको र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले पनि राजस्व प्रशासन सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको क्षेत्र पर्यटन शुल्क हो। गण्डकी प्रदेश सरकारले पर्यटकीय क्षेत्रमा प्रत्येक वर्ष ठूलो लगानी गरेको छ तथा यस प्रदेशमा पर्यटकीय सम्भावना पनि अत्याधिक नै छ। तथापि सरकारको लगानीलाई सरकारको राजस्वसँग जोड्न सकिएको छैन।

स्थानीय स्तरमा प्रदेश कार्यालय नरहेको अवस्थामा थप कार्यालय भन्दा एकल कर प्रशासनलाई प्रदेश सरकारले लागु गरी स्थानीय तह मार्फत पर्यटकीय स्थल पहिचान, राजस्व सङ्कलन तथा बाँडफाँटको व्यवस्था गर्न उपयुक्त देखिन्छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४को उपदफा १ को (ड ) का अनुसार पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सङ्कलन गर्ने भनिएको छ। यसैमा उद्यान पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र सङ्कलन गर्ने भनिएको छ। दफा ६४ को शीर्षक पनि “प्रदेश वा गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँट” राखिएकोबाट सहलगानी र प्रतिफलको बाँडफाँटको सम्भावना रहन्छ। सहलगानी तथा प्रतिफल बाँडफाँटका

माध्यमबाट पर्यटन क्षेत्रको विकास, सम्वर्द्धन र संरक्षणका साथै दुवै तहको सरकारको आम्दानीको मुख्य स्रोतका रुपमा यसलाई विकास गर्न सकिने देखिन्छ। यस सन्दर्भमा पुतलीबजार नगरपालिकाले पर्यटन आयलाई बाँडफाँट गरेको उदाहरण अनुकरणीय रुपमा लिन सकिन्छ।

### ३.७.२.३ दण्ड जरिवाना

प्रदेश कानुन बमोजिम उल्लेखित कर तथा गैरकर राजस्व समयमा नबुझाउने तथा प्रदेश कानुन उल्लङ्घन गर्ने समयमा दण्ड स्वरुप जरिवाना लिने विश्वव्यापी प्रचलन रहेको छ। यसका लागि प्रत्येक क्षेत्रको तथ्याङ्क अत्यावधिक हुनु जरुरी छ। जस्तै घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका, दर्ता नभई सञ्चालनमा रहेका तथा नवीकरण नभएका उद्योगको तथ्याङ्क यकिन गर्न सकिएमा सोही अनुसार जरिवाना निर्धारण गरी शुल्क असुल गर्न सकिन्छ।

यसैगरी यातायात क्षेत्रमा सवारीको तथ्याङ्क, नवीकरण नभएका सवारी चालक अनुमति पत्रका तथ्याङ्क, दर्ता भई नवीकरण नभएका यातायात सेवाका तथ्याङ्क, प्रदेशबाट अनुमति प्राप्त गरेका तर नवीकरण नभएका एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिकाको तथ्याङ्क आदिको विवरण उपलब्ध भएमा दण्ड जरिवानालाई प्रभावकारी स्रोतको रुपमा विकास गर्न सकिन्छ। यसैले प्रदेश सरकारलाई यथाशक्य छिटो यी तथ्याङ्कहरु अपडेट राख्न सुझाव दिइएको छ।

यसका साथै नियम-कानुन उल्लङ्घन जस्तै सवारी चलाउँदा फोन प्रयोग गरेको लगायतका पहिचान भइसकेका विषयहरुमा कडा अनुगमन र सङ्कलनको संयन्त्र तयार गर्न सकिन्छ। सार्वजनिक स्थानमा धुम्रपान, मदिरा सेवन गरी सार्वजनिक कार्यक्रममा सहभागी भएको लगायतका आवश्यक विषयहरु पहिचान गरी जरिवानाको व्यवस्था गर्नुपर्छ।

# परिच्छेद चारः राजस्व प्रशासन र प्रविधि

## ४.१ सार्वजनिक प्रशासन र सूचना प्रविधि

सूचना प्रविधिको क्षेत्रमा भएको र भइरहेको विकासको गतिले विश्वलाई साँघुरो बनाउनुका साथै मानवको जीवनशैलीमा पनि व्यापक परिवर्तन ल्याएको छ। यसका बहुआयामिक उपादेयताका कारण हरेक क्षेत्र लाभान्वित भइरहेको अवस्थामा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा सरकारका काम कारवाही प्रति जनताको सकारात्मक धारणा विकास गर्न प्रदेश सरकारको सार्वजनिक प्रशासन क्षेत्रमा समेत सूचना प्रविधिको प्रयोग वाञ्छनीय देखिन्छ।

राजस्व प्रशासन सार्वजनिक प्रशासनको एक अहम् क्षेत्र हो। राजस्व प्रशासनको सुधार सार्वजनिक प्रशासनको सुधारको प्रथम प्राथमिकता हुनुपर्ने विश्वव्यवापी मान्यतासमेत रहिआएको छ। नेपालमा सार्वजनिक प्रशासनको सुदृढीकरणका लागि देहायका नीतिगत तथा कानुनी व्यवस्थाले प्रदेश सरकारलाई समेत राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगका लागि निर्दिष्ट गरिएको छ।

- संविधानको धारा २७ मा सूचनाको हक सम्बन्धी व्यवस्था
- विद्युतीय कारोबार ऐन, २०६३ तथा नियमावली, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- दूरसञ्चार ऐन, २०५३ र नियमावली २०५४
- ब्रोड ब्यान्ड नीति, २०७१
- आम सञ्चार नीति, २०७३
- दूरसञ्चार नीति, २०६०
- विद्युतीय सरकार गुरुयोजना, २०६२

पन्ध्रौं आवधिक योजनाले आमसञ्चार, दूरसञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य लिएको छ भने Digitization मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति पनि लिएको छ।

NEGIF Framework of Nepal: Digital Nepal Framework - One nation, eight sectors, eighty digitial initiatives ले डिजिटलमा आधारित सामाजिक-आर्थिक समृद्धि हासिल गर्ने मिसन लिएको छ। ज्ञानमा आधारित समाज र डिजिटल अर्थतन्त्रका लागि आधारशिला तयार गर्ने र दिगो विकास लक्ष्यहरु हासिल गर्न डिजिटल प्रविधिहरूको प्रयोगलाई बढावा दिने उद्देश्य राखेको छ। डिजिटल पूर्वाधार (Digital Foundation), कृषि (Agriculture), स्वास्थ्य (Health), शिक्षा (Education), ऊर्जा (Energy), पर्यटन

(Tourism), अर्थ (Finance), शहरी पूर्वाधार (Urban Infrastructure) गरी आठवटा क्षेत्रहरू समेटिएको Digital Nepal Framework का ८० वटा Digitial Initiatives तय गरिएका छन्।

उल्लेखित नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त गण्डकी प्रदेश सरकारले सार्वजनिक प्रशासनमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा देहायका व्यवस्था गरेको देखिन्छः

**संस्थागत व्यवस्थाः** कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय-प्रदेश सरकार अन्तर्गत सूचना प्रविधिसँग सम्बन्धित कार्यहरुः

- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- साइबर सुरक्षा अनुगमन
- प्रदेशस्तरमा सूचना प्रविधि प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन (स्रोतः प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४)

**अन्य व्यवस्थाहरुः**

- प्रदेश Data Centre को स्थापनाका लागि सम्भाव्यता अध्ययन भइसकेको र आगामी आर्थिक वर्षमा Data centre निर्माण गर्ने तयारी भइरहेको,
- IT Park का लागि जग्गा पहिचान भई कम्पाउण्ड वाल निर्माण भइसकेको,

## ४.२ प्रदेशको राजस्व प्रशासनमा सूचना प्रविधिको विद्यमान अवस्था

गण्डकी प्रदेशमा राजस्व सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयनका लागि सूचना प्रविधिको प्रयोग निम्नानुसार गरेको देखिन्छः

### ४.२.१ घरजग्गा रजिस्ट्रेसन लगायतका शुल्क

**Land Records Information Management System-LRIMS:** नेपाल सरकारले जग्गा प्रशासन सम्बन्धी सेवाहरूलाई समय सापेक्ष परिमार्जन गर्दै सूचना प्रविधिमा आधारित गराउन अत्यावश्यक महसुस गरी भूमि सुधार/मालपोत कार्यालयहरूमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) कार्यान्वयनमा ल्याएको छ। यो प्रणाली Intranet मार्फत सञ्चालन गरिएको केन्द्रीकृत प्रणाली भएकाले जग्गा प्रशासनका सूचनाहरू बढी सुरक्षित, भरपर्दो र केन्द्रीय स्तरबाट तत्काल (Real Time) कारोबारको स्थिति जानकारी लिन सक्ने व्यवस्था छ। यस प्रणालीमा जग्गा धनीको बायोमेट्रिक विवरण राखिने र कारोबारको जानकारीका लागि मोबाइल SMS मार्फत सम्बन्धित जग्गा धनीलाई सूचित गरिने भएकाले दूषित कारोबारलाई निरुत्साहित गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका रहेको छ।

**Public Access Model-PAM:** सेवाग्राहीलाई आफू अनुकूल तरिकाले इन्टरनेटको माध्यमबाट सहजतापूर्वक जग्गाको कारोबारका लागि अनलाइनबाटै निवेदन दिन सकिने गरी विकास गरिएको प्रणालीलाई PAM भनिएको छ। यस प्रणालीको माध्यमबाट मालपोत नियमावली, २०३६ (छैठौं संशोधन) को नियम २३ क मा व्यवस्था भएको भू-सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन समेत गरिएको छ। यस मार्फत जग्गाधनीले आफ्नो हक स्वामित्वमा भएको घरजग्गा (अचल सम्पत्ति) को

हक हस्तान्तरण गर्न आवश्यक पर्ने लिखत तथा निवेदन आफ्नो घर तथा आफूलाई पायक पर्ने भू-सेवा केन्द्र मार्फत अनलाइन नै भरी भराई सम्बन्धित भूमि सुधार तथा मालपोत कार्यालयमा पेश गर्न प्रणालीबाटै लिखत निवेदन प्रिन्ट गर्न सक्दछन्।

### ४.२.२ सवारी साधन कर सङ्कलनः

सवारी साधन कर सङ्कलनका लागि सङ्घीय सरकारबाट सञ्चालित Vechile Registration System -VRS प्रयोग गरिएको छ। उक्त प्रणाली मार्फत सवारी दर्ता, नामसारी तथा सवारी साधन कर सङ्कलनको विवरण अध्यावधिक गर्नका लागि प्रयोग गरिएको छ। अर्थात राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग भएको छ। तथापि सेवा प्रवाहमा भने यसको पूर्ण प्रयोग हुन सकेको देखिँदैन।

### ४.२.३. सेवा शुल्क

**यातायात क्षेत्रको अन्य आम्दानीः** सवारी साधन करबाहेक यातायात क्षेत्रको अन्य आम्दानीमा सवारी चालक अनुमति पत्रका लागि **Electronic Driveng Licencse Registration System -EDLRS** को प्रयोग गरिएको छ। यस प्रणाली मार्फत सेवाग्राहीले Online निवेदन प्रेषित गर्न सक्दछन् भने Biometric र राजस्व तिर्नका लागि भौतिक उपस्थिति नै आवश्यक रहेको देखिन्छ। यस क्षेत्रमा पनि प्रशासनको सञ्चालन सूचना प्रविधि मार्फत र सेवा प्रवाह आंशिक रूपमा मात्र प्रविधिमा आबद्ध रहेको देखिन्छ। सवारी चालक अनुमति पत्र बाहेकका सेवा शुल्क जस्तै सवारी रुट अनुमति, पटके रुट अनुमति, प्रमाणीकरण दस्तुर, सवारी जाँचपास लगायतका सेवा शुल्कमा प्रविधिको प्रयोग भएको देखिँदैन।

**प्रदेश लोकसेवा आयोगले सङ्कलन गर्ने सेवा शुल्कः** प्रदेश लोक सेवा आयोगले दरखास्त आवेदन, Approval तथा परीक्षा शुल्क सङ्कलनलाई पूर्ण रूपमा Digitize गरेको छ। तसर्थ भौतिक उपस्थिति बिना नै उम्मेदवारले सम्पूर्ण प्रक्रियामा सहभागी भई लिखित परीक्षा तथा अन्तर्वार्तामा मात्र उपस्थित हुने व्यवस्था रहेको छ। यस व्यवस्थालाई नमुनाका रूपमा लिई अन्य कर तथा गैरकर राजस्वमा समेत सोही किसिमको प्रणाली अवलम्बन गर्न सकिने देखिन्छ। तथापि उक्त प्रणाली समेत नेपाल सरकार अन्तर्गत National Information technology Centre -NITC मा रहेकाले समय समयमा उत्पन्न हुने प्राविधिक जटिलताका सन्दर्भमा सङ्घीय सरकार माथि नै निर्भर हुनुपर्ने अवस्था रहेको छ।

### ४.२.४. राजस्व प्रशासन

राजस्व प्रशासन अन्तर्गत राजस्व व्यवस्थापनका लागि सङ्घीय सरकारबाट Revenue Management Information System -RMIS लागु गरिएको छ। प्रदेश सरकारका मन्त्रालय, कार्यालय तथा अन्य निकायबाट सङ्कलन गरिने राजस्व बैंकले विभिन्न माध्यमबाट प्राप्त गरी RMIS मा दाखिला गर्छ र सम्बन्धित कार्यालय तथा निकायहरूले RMIS मार्फत सोको विवरण प्राप्त गरी सेवा प्रदान गर्दछन्। तसर्थ यस प्रणालीले राजस्व व्यवस्थापनलाई केही हदसम्म सूचना प्रविधि मैत्री तुल्याएको देखिन्छ। तथापि सेवा प्रवाहको सन्दर्भमा निश्चित कार्यालयहरूले मात्र सेवाग्राहीको भौतिक उपस्थिति बिना नै सेवा प्रदान गरेका छन्। जस्तै प्रदेश लोकसेवा आयोगको परीक्षा शुल्क RMIS मार्फत Connect IPS payment Gateway मार्फत बुझाउन सकिन्छ तर सवारी साधन कर, सवारी चालक अनुमति पत्र आवेदन

दस्तुर लगायतका यातायात क्षेत्रका अन्य आम्दानी तथा प्रदेश सरकारका अन्य राजस्व क्षेत्रका विषयहरूको सेवा प्रवाहमा सूचना प्रविधिको समुचित प्रयोग गर्न सकिएको छैन।

### ४.२.५. अन्य राजस्व

प्रदेश सरकारको कार्यक्षेत्र अन्तर्गतका अन्य राजस्वमा प्रदेश सरकारको एकल अधिकार क्षेत्र भित्रको कृषि आयमा कर, पर्यटन शुल्क तथा स्थानीय तहले सङ्कलन गरी बाँडफाँट गर्ने विज्ञापन कर र मनोरञ्जन करको व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग भएको छैन। साथै स्थानीय तहहरूको स्रोत सीमितता लगायतका कारण अध्ययन तथा अनुसन्धानमा पहलकदमी पनि देखिँदैन। तथापि प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरिएको राजस्वको विवरण RMIS मार्फत प्राप्त गर्न भने सकिन्छ।

### ४.२.६ प्रदेशको वार्षिक बजेटमा सूचना प्रविधि

आर्थिक वर्ष २०७८/०७९ को कुल बजेट ३० अर्ब ५ करोड ६७ लाख मात्र रहेकोमा प्रविधिसँग सम्बन्धित प्रत्यक्ष बजेट १४ करोड ५० लाख ८ हजार रहेको देखिन्छ। अर्थात् प्रविधिको हिस्सा कुल बजेटको अनुपातमा जम्मा ०.४८ प्रतिशत मात्र रहेको देखिन्छ।

## ४.३ राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगमा देखिएका चुनौतीहरू

गण्डकी प्रदेश सरकार अन्तर्गतका राजस्व प्रशासनका क्षेत्रमा विभिन्न प्रणालीहरूको प्रयोग मार्फत सूचना प्रविधिको सदुपयोग भइरहे तापनि लगभग सबै प्रणाली सङ्घीय सरकारबाट नै निर्माण भई कार्यान्वयन मात्र प्रदेश सरकार तथा मातहतका निकायबाट भइरहेको अवस्थामा प्रणालीहरूको थप सबलीकरण तथा विस्तार प्रदेश सरकार अघि ठूलो चुनौतीका रूपमा रहेको छ। यसका अतिरिक्त प्रदेश सरकारबाट विकसित प्रणालीहरू (जस्तैः प्रदेश लोकसेवा आयोग परीक्षा प्रणाली) को व्यवस्थापनका लागि Technical Infrastructure, Technical human Resources, Operational human Resources को Acquisition, Development, Maintenance and Retention पनि प्रदेश सरकारका मुख्य चुनौती हुन्।

## ४.४ राजस्व प्रशासनमा सूचना प्रविधिको सम्भावना र सुझावहरू

राजस्वका सिद्धान्त अनुसार सरकारले मितव्ययी ढङ्गले करदाताको सहजता र सुविधा अनुसार सेवा प्रदान गर्न राजस्व प्रणालीलाई सूचना प्रविधिमा आबद्ध गरी सेवालाई सरलीकरण र सहजीकरण गर्दै लैजानुपर्ने हुन्छ। प्रदेश सरकारले राजस्व प्रशासनमा सहजता ल्याउन गरेको प्रयासलाई थप सबल तुल्याउन र प्रदेश सरकारको आन्तरिक स्रोत व्यवस्थापनमा सकारात्मक परिवर्तनका लागि देहायअनुसारका सुझाव अबलम्बन गर्नुपर्दछ।

### ४.४.१ नीतिगत तथा कानुनी व्यवस्थाः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले सूचना प्रविधिका केही विषय (साइबर सुरक्षा तथा आइटी पार्कको सञ्चालन र व्यवस्थापन) कानुन, सञ्चार तथा प्रदेश सभा मामिलाको कार्य जिम्मेवारी अन्तर्गत समेटेको देखिन्छ। तथापि सम्बन्धित नीति तथा कानुन तर्जुमा एवम् कार्यान्वयन, Digital Framework, Technical Infrastructure लगायतका जिम्मेवारी बहन गर्ने संस्थागत व्यवस्थाको

अभावमा कानुनी संरचनाको अभाव हुनु स्वाभाविक नै हो। तसर्थ सार्वजनिक प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न सर्वप्रथम प्रदेश सरकार अन्तर्गत रहेको कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयको कार्य जिम्मेवारीमा देहायका विषयहरू समेट्नु पर्ने देखिन्छ।

- सूचना प्रविधि सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- सूचना प्रविधि क्षेत्रको अध्ययन तथा अनुसन्धान कार्य गर्ने गराउने
- सूचना प्रविधिलाई ग्रामीण जनस्तरमा पुऱ्याई यसको प्रयोगबाट प्राप्त हुने लाभांशमा सबैको पहुँच सुनिश्चित गर्ने (Reducing Digital Divide)
- विद्युतीय स्वरूपमा रहेका सरकारी तथ्याङ्कलाई अध्यावधिक र सुरक्षित राख्ने
- सूचना प्रविधि उद्योगको प्रवर्द्धन तथा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने
- सूचना प्रविधिका अन्तर्राष्ट्रिय प्रयासमा पहुँच पुऱ्याई त्यसलाई प्रदेशस्तरमा उपयोग गर्ने वातावरण सिर्जना गर्ने
- सूचना प्रविधि क्षेत्रमा प्रदेश सरकारको परामर्शदाताको रूपमा काम गर्ने
- सूचना प्रविधि क्षेत्रमा उपयुक्त मानव संशाधन विकास गर्न सहयोग पुऱ्याउने


सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थाहरूले समग्र प्रदेश सरकारलाई राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई निर्देशित गर्छ। यस अतिरिक्त राजस्व प्रशासन क्षेत्रका विषयगत कानुनहरूको अभावमा राजस्व सङ्कलन प्रभावित भएको छ। तसर्थ आवश्यक कानुन निर्माणले समग्र राजस्व प्रशासनलाई व्यवस्थित गरी आन्तरिक स्रोत अभिवृद्धिमा उल्लेखनीय योगदान प्रदान गर्नेछ।

### ४.४.२ संस्थागत तथा संरचनागत सुदृढीकरण

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम सूचना प्रविधिको जिम्मेवारी प्राप्त संस्था (मन्त्रालय) मा प्राविधिक जनशक्तिको रुपमा १ जना सूचना प्रविधि अधिकृत, स्तर आठौं मात्र रहेकोमा मन्त्रालयमा सूचना प्रविधिको छुट्टै महाशाखा खडा गरी सोही अनुसारको दरबन्दी व्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ। यस महाशाखाको विकल्पमा भिन्नै सूचना प्रविधि विभागको स्थापना समेत गर्न सकिन्छ तर प्रदेश सरकारको आन्तरिक स्रोतको अवस्था र प्रशासनिक खर्चको अवस्था विश्लेषण गर्दा पहिलो विकल्प नै उपयुक्त हुन्छ।

प्रस्तावित महाशाखाको दरबन्दी संरचना देहाय बमोजिम गर्न सकिन्छ।

### ४.४.३ प्रस्तावित महाशाखाको दरबन्दी संरचना




प्रदेश सरकारका राजस्व क्षेत्र संविधानतः सीमित भए तापनि हालसम्म सबै क्षेत्रको Business Process समेत तयार नभएको अवस्था रहेको छ। प्रशासनमा सूचना प्रविधिलाई समाहित गरी सार्वजनिक प्रशासन तथा सेवा प्रवाह सरलीकरणको पहिलो शर्त भनेको नै स्पष्ट Business Process हो। उदाहरणका लागि प्रदेश आर्थिक ऐन, २०७५ बाट नै कृषि आयमा कर सङ्कलनका लागि कृषि ज्ञान केन्द्रलाई जिम्मेवारी प्रदान गरियो र आय अनुसार दर समेत तोकिएको छ। आयको स्वयं घोषणा गर्ने प्रावधान राखिएको छ। तथापि, हालसम्म पनि यो कर उठेको देखिँदैन। यसका लागि प्रदेश सरकारले स्पष्ट कार्य प्रक्रिया तर्जुमा गर्नुपर्छ।

यसै गरी स्थानीय तहबाट सङ्कलन भई बाँडफाँट हुने मनोरञ्जन कर र विज्ञापन करका विषयमा स्थानीय तहको क्षमता अभिवृद्धिका लागि प्रदेश सरकारले नै नमुना कानुन तथा कार्यविधि तर्जुमा गरी Business Process व्यवस्थित गर्नुपर्छ।

पोखरा महानगरपालिकाले विज्ञापन करको ठेक्का प्रदान गरी कम्पनीले कर उठाउँदा उद्योग वाणिज्य महासङ्घको व्यापक विरोध आयो। यसको मुख्य कारण व्यापार/व्यवसाय सञ्चालनकै ठाउँमा रहेको बोर्डको समेत कर उठाइनु थियो। उक्त सन्दर्भमा विज्ञापन करको स्पष्ट व्याख्या तथा दायरा बिना नै प्रक्रिया थालनी गरिएकाले विवाद उत्पन्न भएको हो। तसर्थ, करको दायरा फराकिलो बनाउन सर्वप्रथम सरकारको आवश्यकता, स्पष्ट दृष्टिकोण, नागरिकको प्रतिक्रिया विश्लेषण तथा सेवा प्रवाहको मोडल निर्धारण गर्नु अत्यावश्यक देखिन्छ।

### ४.४.४ प्राविधिक पूर्वाधारको स्पष्ट आधार तथा व्यवस्थापन

सूचना प्रविधिको व्यवस्थापनको प्रथम लेयरको रूपमा अवस्थित प्राविधिक पूर्वाधारको स्पष्ट आधार तथा व्यवस्थापन अपरिहार्य हुन्छ। यस सन्दर्भमा अर्थ मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा प्रदेशमा डाटा सेन्टरको सम्भाव्यता अध्ययनका लागि pre Feasibility Study report for Center of Gandaki Province प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदनको सुझाव अनुसार प्राविधिक जनशक्तिको

पर्याप्ततामा प्रदेशमा Data Centre स्थापना गर्न सकिन्छ। साथै प्रदेशमा Data Centre स्थापना तथा सञ्चालन नहुँदासम्मका लागि देहायका विकल्प प्रयोग गर्न सकिने विकल्पहरू समेत प्रतिवेदनमा उल्लेख गरिएका छन्।

- केन्द्रीय स्तरमा NITC मा सञ्चालित Data Centre को पूर्वाधार प्रयोग गर्न सकिने
- Cloud Service Provider को पूर्वाधार आवश्यकतानुसार प्रयोग गर्न सकिने

  तथापि प्रदेश सरकारले प्राविधिक पूर्वाधार सम्बन्धमा उल्लेखित स्पष्ट नीति लिनु आवश्यक देखिन्छ।

### ४.४.५ प्रणालीको विकास र अपनत्व

राजस्व प्रशासन क्षेत्रको Business Process स्पष्ट हुनासाथ उक्त प्रक्रियालाई सूचना प्रविधि प्रणालीमा आबद्ध गरी प्राविधिक पूर्वाधार मार्फत सञ्चालनमा ल्याउन सकिन्छ। सो प्रक्रिया पूरा हुनासाथ राजस्व प्रशासन सम्बन्धी कार्यहरू सहज र सरल रुपमा सम्पन्न भई न्यूनतम जनशक्ति मार्फत अधिकतम कार्य सञ्चालन हुन्छ। यसरी सेवा प्रदाय तथा सेवाग्राही दुवैको समय लागतको कटौती हुने हुँदा सेवा शुल्क/दस्तुरमा सामान्य वृद्धि गर्दा सेवाग्राहीको सकारात्मक प्रतिक्रिया नै अपेक्षा गर्न सकिन्छ।

हाल प्रदेश सरकारका अधिकतम प्रणाली नेपाल सरकारले विकास गरी सञ्चालनमा रहेका छन्। यी प्रणालीहरूको हकमा प्रदेश सरकारले तथ्याङ्क तथा प्रणालीको स्तरोन्नतिका लागि आवश्यक Modulus को स्वामित्वका लागि सङ्घीय सरकारसँग समन्वय गर्नुपर्ने हुन्छ। साथै, प्रविधिको प्रयोग हुन नसकेको राजस्व प्रशासन क्षेत्रका लागि सरकारले स्वयम् र शीघ्र प्रणाली विकासतर्फ ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ।

### ४.४.६ ई-भूक्तानीको आन्तरिकीकरण र विस्तार

प्रदेश सरकारको आन्तरिक स्रोतमा सूचना प्रणालीको माध्यमबाट उल्लेखनीय अभिवृद्धि हुनसक्ने सम्भावनालाई सार्थकता प्रदान गर्न नयाँ निर्माण हुने प्रणाली तथा प्रयोगमा रहेका प्रणालीहरूमा E-Payment को Integration अपरिहार्य छ। प्रदेश सरकारको राजस्व प्रशासनमा सूचना प्रणालीको प्रयोग भइरहे पनि प्रदेश लोक सेवा आयोगको प्रणाली बाहेकका प्रणालीमा E-Payment अर्थात् विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था हुन सकेको छैन। प्रदेश सरकारमा सञ्चालित देहायका प्रणालीमा विद्युतीय प्रणालीलाई आबद्ध गरी समग्र राजस्व प्रशासनमा उल्लेखनीय परिवर्तन गर्न सकिन्छ।

- लोक सेवा आयोगको परीक्षा शुल्कमा समेत Connect-IPS बाहेकका Payment Gateway को व्यवस्था रहेको छैन। व्यापक चलन चल्तिमा रहेका Payment Gateway, M Debit Card, E-Sewa, Khalti आदिलाई समेत जोडी E-Payment लाई प्रभावकारी बनाउन सकिन्छ।
- प्रदेश सरकारको राजस्व प्रशासनको सबैभन्दा ठूलो क्षेत्र यातायात क्षेत्रको आम्दानी अन्तर्गतका सवारी साधन कर, सवारी साधन अनुमति पत्रको आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र, बाटो इजाजत दस्तुर लगायतका कर तथा गैरकर राजस्व तिर्न समेत लाइनमा बस्नुपर्ने अवस्था हटाउन मौजुदा प्रणाली EDLVRS मा E-Payment को Integration आवश्यक छ।

- सवारी चालक अनुमति पत्रको भुक्तानी E-Payment मार्फत हुन सकेमा समयमा नै शुल्क प्राप्त गरी राजस्वको निर्धारित लक्ष्य हासिल गर्न सकिन्छ। यसका साथै यस क्षेत्रका अन्य आम्दानी जस्तैः सडक रुट इजाजत, यातायात सेवा पञ्जीकरण, प्रमाणीकरण, पटके दस्तुर लगायतका सेवाहरू प्रणालीमा आबद्ध गरेमा राजस्व प्रशासनमा व्यापक सुधार हुने देखिन्छ।
- घरजग्गा कारोबारमा भू—सेवा केन्द्रले प्रयोग गरेका प्रणालीमा सेवा शुल्कका लागि E-Payment को प्रयोग गर्न सकिन्छ। साथै घर—जग्गा सम्बन्धी प्रशासनलाई पूर्ण रूपमा Digitized गरी राजस्व प्रशासनलाई सहजीकरण गर्नुपर्छ।
- लघु, घरेलु तथा साना उद्योगहरूका दर्ता, तथ्याङ्क अभिलेखीकरण तथा नवीकरणलाई प्रणालीमा आबद्ध गरी तथ्याङ्कको प्रयोग मार्फत नवीकरण हुनुपर्ने उद्योग पहिचान गरी थप शुल्कको दायरामा ल्याउन सकिन्छ।

### ४.४.७ प्रणाली विकास र सञ्चालन

सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान, निर्माण तथा विद्युतीय भुक्तानीको आबद्धता गर्नु मात्र पर्याप्त हुँदैन। सङ्घीयतापूर्व नेपाल सरकारले विभिन्न प्रणाली निर्माण गरी सञ्चालनमा ल्याउने प्रयास गर्दा गर्दै असफल भएको दृष्टान्तका प्रशस्त उदाहरण रहेका छन्। तसर्थ प्रणाली विकासको धारणापूर्व नै यसको प्राविधिक पूर्वाधारको सुनिश्चितता गरी सञ्चालनका लागि आवश्यक स्रोत (मानव संशाधन, आर्थिक स्रोत, तालिम आदि) र सम्भावित समस्याहरूको प्रक्षेपण गरी पूर्वतयारी गर्नुपर्दछ।

उल्लेखित मार्ग चित्रका अतिरक्त प्रदेश सरकारको राजस्व प्रशासनको अवस्था, प्रशासनमा सूचना प्रविधिको प्रयोग, सेवाग्राहीको अनुभव तथा अनुसन्धानका आधारमा राजस्व प्रशासनमा प्रविधिसँग सम्बन्धित देहायका सुधार आवश्यक देखिन्छन्।

  - राजस्व प्रशासन सम्बद्ध कार्यालयहरुको स्तरोन्नति (Digital Citizens Charter, Waiting Room with Free WIFI, Washroom, Drinking Water, E-Token System)
  - प्रत्येक कार्यालयहरूमा सहायता कक्षको व्यवस्था गर्नुपर्ने।
  - प्रविधिमैत्री कर्मचारीको छनौट गरी प्रोत्साहन सहित सेवा प्रदायक कार्यालयहरुमा व्यवस्थापन गर्नुपर्ने।
  - कार्य प्रक्रिया सरलीकरण (उदाहरणः विवरण भर्नुपर्ने फारमहरूको ढाँचा सरलीकरण, Online Form, एकद्वार प्रणालीको कार्यान्वयन आदि) गर्नुपर्ने।
  - प्रदेश सरकारबाट सञ्चालित प्रणालीहरूको उल्लेखित मार्गचित्र बमोजिम स्तरोन्नति गरी सेवा प्रवाहमा सरलीकरण गर्नुपर्ने।
  - Province Data Centre को कार्यलाई तीव्रता प्रदान गरी समानान्तर रुपमा प्रणाली विकास तथा कार्यान्वयन गर्नुपर्ने।
- राजस्व प्रशासनसँग सम्बन्धित तथ्याङ्कको डाटाबेस तयार गरी क्षेत्रगत रूपमा उठ्नु पर्ने राजस्वको विवरण तथा सङ्कलित राजस्वको तुलनात्मक अध्ययन मार्फत थप सुधारतर्फ अग्रसर हुनु पर्दछ। (उदाहरणः गण्डकी प्रदेशमा दर्ता भएका सवारीको विवरण र वार्षिक सवारी

साधन कर सङ्कलनको तुलनात्मक विश्लेषण गर्ने, नवीकरण नभएका सवारीको विवरण तयार गर्ने, प्रत्येक ट्राफिक प्रहरी समक्ष उक्त विवरण पुऱ्याउने र प्रहरीले स्थलगत अनुगमन तथा कारबाही गरी सवारी साधन करका अतिरिक्त थप जरिवाना प्राप्त गर्न सकिन्छ)

- प्रविधिको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा भइरहेका समानान्तर अभ्यासहरूको अध्ययन विश्लेषण गरी राष्ट्रिय परिवेश तथा प्रादेशिक क्षमताका आधारमा परिमार्जित रूपमा कार्यान्वयन गर्ने।

### ४.५ निष्कर्ष

राजस्व प्रशासनलाई प्रभावकारी तुल्याउन सूचना प्रविधि एक माध्यम मात्र हो। प्रविधिको प्रयोगले कार्य प्रणाली सहज हुने, पारदर्शी हुने, करदाताहरूको समय बचत हुने, लागत कम हुने, जस्ता कारणहरूले राजस्व प्रशासन जनताका लागि सहज हुने हुँदा राजस्वमा सुधार आउने अपेक्षा गर्न सकिन्छ। कुनै पनि कार्यालयको कार्य प्रक्रिया (Standard Operating Procedure) तथा जिम्मेवार र सक्षम जनशक्तिको व्यवस्थापनले सेवाग्राहीमा सकारात्मक प्रभाव पार्न सक्छ । सरकारले असुल गर्ने राजस्वका लागि चुस्त दुरुस्त र प्रविधि मैत्री राजस्व प्रशासन भएमा राजस्वका कार्य प्रक्रियालाई सूचना प्रविधिसँग आबद्ध गरी राजस्व असुलीमा उल्लेखनीय सुधार गर्न सकिन्छ। राजस्व प्रशासनको सुधारमार्फत राजस्व अभिवृद्धि, राजस्व चुहावट नियन्त्रण र थप राजस्व क्षेत्रको पहिचान तथा कार्यान्वयनलाई सार्थकता प्रदान गर्न सकिन्छ।

# परिच्छेद पाँच: आन्तरिक स्रोत परिचालनको रणनीति र राजस्व सुधार योजना

## ५.१ परिचय

समग्रमा प्रदेशको आन्तरिक राजस्व सङ्कलनको अवस्था सन्तोषजनक देखिँदैन। गत तीन वर्षमा तोकिएको लक्ष्य कहिल्यै पनि हाँसिल भएको देखिँदैन। राजस्व आयमा आन्तरिक राजस्वको भाग न्यून रहेकोले प्रदेश सरकार अलि बढी नै केन्द्रमा आश्रित रहेको भान पर्दछ। समग्र सङ्घीयताको दिगोपनामा नै प्रश्न उठ्ने हो कि भनेर पनि सोच्नुपर्ने देखिन्छ। त्यसका साथै जम्माजम्मी ३८ वटा राजस्वका स्रोत शीर्षकहरू मध्ये तीनवटाको आकार ७०% भन्दा बढी छ भने कुनै एउटा मात्र शीर्षकमा ४०% भन्दा माथिको भार पर्दछ। सवारी साधनसँग सम्बन्धित कर वा राजस्व माथि अति धेरै करको बोझ परेको देखिन्छ। तसर्थ आन्तरिक राजस्वको परिमाण, आधार र दर सबैमा ध्यान दिएर राजस्व परिचालन रणनीति र सुधारको योजना बन्नुपर्ने देखिन्छ।

आन्तरिक राजस्वका स्रोतहरूको वास्तविक नापनक्साको आधारमा केही प्रशासनिक सुधार र विभिन्न तहका सरकार बिच समन्वय गर्नुपर्ने देखिन्छ। जस्तै सानो आकारको भए पनि मनोरञ्जन कर र विज्ञापन करमा खासै ध्यान पुग्न सकेको देखिन्न। स्थानीय सरकारहरू पनि यो विषयमा अझै अन्योलमा नै रहेको देखिन्छ। अन्योलको प्रमुख कारण एक अर्को प्रशासनिक निकाय र सरकारहरू बिच समन्वयको कमी देखिन्छ। उदाहरणको रूपमा कुश्मा र बागलुङ्ग रहेका मनोरञ्जन उद्योग र विज्ञापनको असफल प्रयासलाई लिन सकिन्छ। त्यसरी नै वन र वन पैदावरसँग सम्बन्धित राजस्व सङ्कलन बारेको बुझाइ पनि अस्पष्ट देखिन्छ। गिट्टी-बालुवा परिचालन र त्यसका सरोकारका विषय साथै सङ्घीय कानुनले सिर्जना गरेका केही अप्ठ्याराहरू पनि सुल्झन जरुरी देखिन्छ। यसमा सर्वोच्च अदालतको निर्णयले काली नदीमा ठेक्कापट्टा हुन नसकेको एक ज्वलन्त उदाहरण छ। यसका कारण राजस्व रकम पनि उठेन भने खोलाबाट माल उठाउन पनि रोकिएन। त्यस्तै सानातिना पहाडी इलाकाका खोलाहरूमा कच्ची पुल र पक्की संरचनाको साँध निर्धारण गरी गिट्टी-बालुवा बेचबिखन गर्न पाइने कानुनी आधार परिवर्तन भएकोले राजस्वको प्रमुख स्रोत नै सुकेको पुतलीबजारको उदाहरण छ। यसबारे यो भन्दा पहिलाका परिच्छेदहरूमा विस्तृत व्याख्या गरिएको छ।

केही क्षेत्रहरूमा कर वा राजस्वको आधार बढाउन सकिने पनि देखिन्छ। निर्माणमा प्रयोग हुने धेरै डोजर लगायतका सवारी साधनहरू यातायात र स्थानीय निकायमा दर्ता भएका देखिँदैनन्। यी सवारी साधनले न प्रत्यक्ष कर वा आयकर तिर्छन् न यातायात वा सवारी साधन बापतको कर तिर्छन्। त्यस्तै पर्यटन र मनोरञ्जनसँग सम्बन्धित धेरै क्रियाकलापहरू करको दायरामा देखिँदैनन्।घर जग्गा बहाल र मालपोतसँग सम्बन्धित कर पनि निकै न्यून रहेको छ। प्रशासनिक कमजोरीका कारण यस प्रकारको कर धेरै छिद्रबाट चुहिने देखिन्छ। यो रकम प्रदेश सरकारलाई प्रत्यक्ष नआउने भए तापनि प्रशासन र स्थानीय सरकारहरू सबल भए भने प्रदेश सरकारको राजस्व र बाँडफाँटमा यसको सकारात्मक प्रभाव पर्ने देखिन्छ।

कर वा राजस्व प्रशासनमा सुधार गरेर पनि राजस्व सङ्कलनमा सुधार हुन सक्ने देखिन्छ। केही ठूला मालपोत लगायतका कार्यालयहरूमा पुरानो मिति जस्तै २०७५ भन्दा अगाडि झैं गर्नु गराउनु भनेर परिपत्र आउने र विभाज्य कोषमा जम्मा हुनुपर्ने रकम सङ्घीय एकल कोषमा जम्मा हुने गरेको पाइन्छ। त्यसै गरी नेपाल सरकारका केही कानुन सुधारलाई टेकेर ठूला स्थानीय सरकारहरूले विभाज्य कोषलाई छल्ने छिद्रहरू बनाएको पनि देखिन्छ। तसर्थ, प्रशासनिक सुधार केन्द्र सरकारसँगको समन्वय र स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्नु नै सबै भन्दा प्रभावकारी कदम हुने देखिन्छ। जम्मा एउटा मात्र एकल स्रोत प्रदेश सरकारसँग रहेकोले स्थानीय निकायहरूलाई कर सङ्कलन र प्रशासनमा सबल बनाउँदै विभाज्य कोषबाट प्रदेशमा थप राजस्व सङ्कलन गर्नुपर्ने बाध्यता। सङ्घीय सरकारबाट प्राप्त हुने राजस्व रकमको वृद्धिका लागि कानुन सम्मत तरिकाले चालिने रणनीतिक कदमहरू पनि महत्त्वपूर्ण हुने नै भए।

यसरी माथिको व्याख्यालाई आधार मानेर र स्थलगत अवलोकनबाट देखिएको वस्तुस्थितिलाई केलाउँदा निम्न लिखित आन्तरिक राजस्व सङ्कलनको रणनीति र सुधार योजना प्रस्तुत गर्न सकिन्छ।

## ५.२ आन्तरिक स्रोत परिचालन रणनीति

राजस्वको रकम तुलनात्मक रूपमा सानो हुनु, राजस्व उठाउन लिइएको लक्ष्य प्राप्त नहुनु र स्थानीय सरकारहरू तथा सङ्घीय सरकारसँग सरोकार राख्ने राजस्व सङ्कलन र वितरणबारे केही अस्पष्टता रहनु मूलरूपमा गण्डकी प्रदेशको राजस्व सम्बन्धी सरोकारको विषय देखिन्छ। यो तथ्यलाई आत्मसात गर्दै र स्थलगत वस्तुस्थिति र सरोकारवाला निकायसँगको छलफललाई आधार मानेर निम्न आन्तरिक राजस्व परिचालनको रणनीति तय गर्न सकिन्छ।

- आन्तरिक राजस्व प्रशासनलाई सबल र दिगो बनाउने,
- राजस्व प्रशासनमा नीतिगत सुधार गर्ने र स्थानीय निकायसँग समन्वय गर्ने,
- आन्तरिक राजस्व दोब्बर उठ्ने वातावरण बनाउने।

यी रणनीतिहरूले निर्दिष्ट उद्देश्य हासिल गर्नको निम्ति निम्नलिखित राजस्व सुधारका कार्यक्रम तथा योजना प्रस्ताव गर्न सकिन्छ।

## ५.३ आन्तरिक राजस्व सुधार योजना

आन्तरिक राजस्व सुधारको योजना बनाउँदा समयसीमा र चालिएको कदमले पार्ने क्रमागत प्रभावको विभिन्न चरण गरी दुईवटा आयामलाई ध्यान दिनुपर्ने देखिन्छ। पहिलो आयाम अन्तर्गत केही तत्काल नगरी नहुने र छोटो समयमा लागु हुनसक्ने कदमहरूलाई तत्कालीन समुहमा र अन्य सम्भावित सुधारका कदमहरूलाई एक वर्ष, दुई वर्ष, तीन वर्ष र चार वर्ष गरी चरणबद्ध प्रस्तुत गरिएको छ।

त्यसरी नै आन्तरिक राजस्व उठाउन चालिएका नीतिगत कदमहरूले (विभिन्न समयमा) पार्ने प्रभावलाई चार समुहमा बाँड्न सकिन्छ। नीतिगत कदमले ल्याउने सुरुवाती कार्यक्रमहरूलाई निवेश वा आगत (Input) को समुहमा राख्न सकिन्छ। यी कदमहरूलाई तत्काल लागु गर्नुपर्ने देखिन्छ। यसलाई राजस्व सुधारका प्रयासको कच्चा पदार्थ भनेर बुझ्न सकिन्छ। यस प्रकारका नीतिगत सुधार र


कार्यक्रमहरूले राजस्व सुधारसम्बन्धी आधारहरू निर्माण गर्दछन्। यी आधारहरूले राजस्व सङ्कलनमा सुधारको एक कदम अगाडि बढाउँदै प्रशासनिक र संरचनागत आधार बनाउँछ। यो पहिलो कदम पछि देखिने काम वा सुधार भएको र आगतसँग सोझो सम्बन्ध राख्ने हुनाले यो कुनै कारणको परिणाम हो। यस समुहलाई निर्गत (Output) भन्न सकिन्छ। यो चालिएको कदमको देखिने परिणाम हुन जान्छ। यसले राजस्व बढाउने वातावरण बनाउँछ जुन अन्तिम परिणाम होइन।

यसरी निर्दिष्ट आगत र निर्गतका कामहरू अगाडि बढाएर तेस्रो तहमा निस्कने परिणामहरूलाई नतिजा (Outcome) भनिन्छ। यो स्तरको हस्तक्षेपले परिणाममुखी नतिजा निकाल्छ। यो स्तरमा पुगेपछि राजस्वका आधार, दर, प्रशासनिक संयन्त्रहरूको व्यवस्थापन प्रष्ट भई एउटा स्पष्ट र दिगो आधार खडा हुन्छ। प्रदेश लेखा नियन्त्रकको कार्यालय र सबै ११ जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालसँगको सहकार्यमा अन्य सरकारी संरचनाहरूले प्रभावकारी रुपमा अनुमानित राजस्व र वास्तविक राजस्वको आँकलन र प्रकाशन गर्ने परिपाटी बस्ने भई नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा सहयोगी सिद्ध हुने देखिन्छ।

यो नतिजा स्तरको सुधार र सुधारका योजनाहरू अन्तर्गत रहेर बलियो तथ्याङ्क र सूचनाको विकास गरेर समय सापेक्ष करका दर र आधार अनि अन्य गैरकर राजस्व सङ्कलनमा प्रभावकारिता आयो भने आगामी चार वर्षसम्म वार्षिक २०% का दरले आन्तरिक राजस्व सङ्कलनमा सुधार ल्याउन सकिने आधारहरू छन्।

यसरी राजस्व सुधारका निम्ति के के कुराहरूको तयारी गर्ने र कुन कुन कानुनी पाटाहरूमा सुधार गर्ने निक्यौंल गर्ने खालको आगतलाई निर्गतमा बदल्ने खाका बनाएपछि दुईवटा महत्वपूर्ण तह पार हुन्छ। जसमा मौजुदा राजस्व प्रशासनका सरकारी निकायसँगको सहकार्यमा स्पष्ट कार्ययोजना बन्यो भने राजस्व सङ्कलनलाई दोब्बर पार्न सकिने देखिन्छ। अन्त्यमा आन्तरिक राजस्व परिचालन सुधार गर्न चालिएका कदमहरूको प्रभाव स्वरूप राजस्व सङ्कलनमा भएको सुधार मापन गर्न सक्ने देखिन्छ। यसरी विभिन्न चरणमा राजस्व सुधार योजना बनाउन सकिन्छ। माथि उल्लेखित योजना चित्र नं ५ मा प्रस्तुत गरिएको छ।

चित्र नं. ५.१ः आन्तरिक राजस्व सुधार योजनाको मार्गचित्र


आगत
करका दर, आधार र प्रशासनिक सुधारको स्पष्ट खाका
राजस्व सुधार योजना
समश्या पहिचान र संथागत संरचनाको पहिचान र ब्यबस्था
स्थानीय सरकारहरूको क्षमता बृद्धिमा सहजीकरण
गैरसरकारी सरोकारवालाहरू सँगको छलफल
समस्या पहिचान
योजनामा छलफल
प्रदेश निकायहरूमा
निर्गत
राजस्व सुधार रणनीति रकार्यक्रम
मध्यकालीन निर्गत
(१)राजस्वको श्रोत पहिचान, राजस्व परिचालनका मान्यताहरूको छिनोफानो।
(२)सम्भावित राजस्व चुहावट क्षेत्र, जिम्मेवार निकायको किटानी र सुधारको खाका।
(३)राजस्वको त्रैमासिक आँकडा तयार गर्न सक्ने कार्यालयको स्थापना।
(४)सरोकारवाला निकायहरूसँग राजस्वको बस्तुस्थिति नियमित छलफल गर्ने ब्यबस्था।
(५)प्रदेशका सबै निकायहरूका राजस्व र अर्थिक प्रशासन शाखामा समन्वय गर्ने।
(६) राजस्वको दायरामा नआएका क्षेत्र पहिचान गर्ने गरी अध्ययन टोली गठन।
(७)एक आपसमा रहेको सीप र सिकाइलाई साटासाट गर्ने ब्यबस्था मिलाउने।
नतिजा
दर, आधार र क्षेत्र सहित राजश्वको आंकडा
अनुमानित राजस्व
बास्तविक राजस्व
बाडफाँडबारे प्रष्टता
नियमहरू अध्यन
परिपत्रहरूको अध्यन
आईटी बारे ज्ञान
समसामयिक फेरबदललाई समेत ध्यानमा राखेर त्रैमासिक आँकडाको नियमित प्रकाशन
मध्यकालिक नतिजा
४ बर्षसम्म २०% थप राजस्व
दर र आधार बढाउन सकिने स्रोतहरूको
प्रदेश र जिल्ला कोलेनिकाहरु
प्रभाव
राजस्व दोब्बर
दिगो र स्पष्ट राजस्व संकलन
समृद्ध प्रदेश निर्माणमा सहयोग

यसरी राजस्व सुधारको निम्ति के के कुराहरूको तयारी गर्ने र कुन कुन कानुनी पाटाहरूमा सुधार गर्ने निर्क्योल गर्ने खालको आगतलाई निर्गतमा बदल्ने खाका बनाएपछि दुईवटा महत्त्वपूर्ण तह पार हुन्छ। जसमा मौजुदा राजस्व प्रशासनका सरकारी निकायहरूसँगको सहकार्यमा स्पष्ट कार्ययोजना बन्यो भने राजस्व सङ्कलनलाई दोब्बर पार्न सकिने देखिन्छ। अन्त्यमा आन्तरिक राजस्व परिचालन सुधार गर्न चालिएको कदमहरूको प्रभाव (Impact) स्वरूप राजस्व सङ्कलनमा भएको सुधार मापन गर्न सक्ने देखिन्छ। यसरी विभिन्न चरणमा राजस्व सुधार योजना बनाउन सकिन्छ। माथि उल्लेखित योजना चित्र ५.१ मा प्रष्ट्याइएको छ।

## ५.४ सारांश

यो परिच्छेदमा व्याख्या गर्न खोजिएको रणनीति वा योजना विकास अर्थशास्त्रको नीतिगत हस्तक्षेपको प्रभाव मूल्याङ्कनको धारणामा आधारित छ। त्यसको सारांश चित्र ५.१ मा प्रस्तुत छ। नीतिगत हस्तक्षेप एक पछि अर्को कदम र त्यसको परिणाम Theory of Change को अवधारणामा आधारित छ। यसले कुनै पनि नीतिगत हस्तक्षेपको प्रभाव मूल्याङ्कन र प्रभावकारिताको पूर्वआँकलन र अन्तिम मूल्याङ्कन गर्न सजिलो पार्दछ।

आन्तरिक राजस्व पहिचान र वृद्धिमा सबैभन्दा पहिले समग्र तयारी र तथ्यमा आधारित रणनीति बनाउन जरूरी छ। स्रोतको पहिचान, तथ्याङ्कको आधार र सम्पूर्ण सरोकारवालासँगको सहकार्यको अल्पकालीन र दीर्घकालीन योजना बन्न जरूरी छ। यहाँसम्मको प्रक्रियालाई आगत र निर्गत भनिएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालय र जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय जस्ता मौजुदा सरकारी संरचना र प्रत्येक मन्त्रालयमा रहेका योजना तथा मूल्याङ्कन शाखाहरूलाई प्रदेशस्तरको तथ्याङ्कसँग समन्वय गराउन सक्ने हो भने एउटा नतिजा दिने स्तरमा पुगिन्छ। राजस्व वृद्धिको दर निर्दिष्ट आकार र परिणाममा रहन्छ। अनि अन्त्यमा यसको परिणाम स्वरूप दोब्बर राजस्व उठ्ने स्तरमा प्रदेश सरकार पुग्न सक्ने देखिन्छ।

# परिच्छेद छः राजस्व प्रक्षेपण

## ६.१ विभिन्न परिदृश्यमा उठ्न सक्ने सम्भावित राजस्व र मान्यताहरू

माथिका परिच्छेदहरूमा व्याख्या गरिएको राजस्व रकम र राजस्वका स्रोतहरूको तथ्यहरूलाई आधार मानेर सम्भावित राजस्व सङ्कलनका पाँच परिदृश्यहरूको आँकलन गरिएको छ। तालिका ६.१ मा पाँच विभिन्न परिदृश्यहरू र सम्बन्धित परिभाषा वा मान्यताहरू प्रस्तुत गरिएको छ। विभिन्न स्थानीय निकायहरुमा भौतिकरूपमा उपस्थित भएर विषयविज्ञहरू, सम्बन्धित निकायका कर्मचारी र जनप्रतिनिधिहरुसँग गरिएको छलफलको आधारमा प्रमुख राजस्वका स्रोतहरुमा गर्न सकिने बढोत्तरीको आधारलाई मानेर विभिन्न पाँच परिदृष्यको आँकलन गरिएको हो।

आन्तरिक राजस्वको सबैभन्दा ठूलो स्रोत रहेको सवारी साधन करमा ३%, ६%, ९% र १२% बढाउन सकिने चार परिदृश्यहरू आँकलन गरिएको छ। चौथो भन्दा अरू १०% ले बढ्ने पाँचौं अति महत्वाकाङ्क्षी परिदृश्यको पनि आँकलन गरिएको छ। अन्य साना आकारका स्रोतहरुमा भने प्रशस्त बढोत्तरी हुनसक्ने रायसल्लाह प्राप्त भएकोले दोब्बर तेब्बर दरमा बढ्ने अनुमान गरी विभिन्न परिदृश्यहरुमा सूचीकृत गरिएको छ।

तालिका नं. ६.१ : विभिन्न परिदृश्य र उठ्न सक्ने सम्भावित राजस्व र मान्यताहरू

| परिदृश्यहरू | परिभाषा वा मान्यताहरू |
|---|---|
| आधार परिदृश्यः<br>३,२६,७५,००,०००<br>(१.७२%) | गत वर्ष उठेको रकमलाई आधार मानिएको र जुनजुन शीर्षकमा गतवर्ष कुनै पनि रकम उठेको थिएन त्यो शीर्षकमा विगत तीन वर्षको औसत रकम राखिएको छ। कम्तीमा पनि गत वर्ष वा विगत ३ वर्षको औसत बराबरको राजस्व उठ्ने र त्यो स्तरको राजस्व उठाउने प्रयत्न हुने देखिन्छ। |
| प्रथम परिदृश्यः<br>३,७१,०८,७५,०००<br>(१५.५२%) | (क) आन्तरिक राजस्व मध्येको सबै भन्दा ठूलो स्रोत सवारी साधन करमा ३% र विज्ञापन कर २५% ले वृद्धिको मान्यता,<br>(ख) घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुरमा, दहत्तर/बहत्तर, मनोरञ्जन कर र पर्यटन शुल्क दोब्बर उठ्न सक्ने (१००%) सम्भावना,<br>(ग) यातायात क्षेत्रको आम्दानी, व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहाल र पदयात्रा आयबाट राजस्वमा सामान्य ५% को सुधार ल्याउन सकिने आधार रहेको। |
| दोस्रो परिदृश्यः<br>४,१८,७६,३८,०००<br>(३०.३६%) | (क) सवारी साधन कर (६%),<br>(ख) दहत्तर/बहत्तर (२००%),<br>(ग) मनोरञ्जन कर र पर्यटन शुल्क (१५०%),<br>(घ) घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर र विज्ञापन कर (५०%), |

| | |
|---|---|
| | (ङ) यातायात क्षेत्रको आम्दानी , व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहालबाट र पदयात्रा (१०%), र<br>(च) चालक अनुमति पत्र, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व, व्यवसाय रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर पटके र परीक्षा शुल्क (५%) ले वृद्धि हुन सक्ने मान्यतामा आधारित। |
| तेस्रो परिदृश्यः<br>४,४४,३१,७५,०००<br>(३८.३२%) | (क) सवारी साधन कर (९%),<br>(ख) दहत्तर/बहत्तर, मनोरञ्जन कर र पर्यटन शुल्क (२००%),<br>(ग) घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर (७५%)<br>(घ) विज्ञापन कर (१००%),<br>(ङ) यातायात क्षेत्रको आम्दानी, व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहालबाट र पदयात्रा (१५%),<br>(च) चालक अनुमति पत्र, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व, व्यवसाय रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर पटके र परीक्षा शुल्क (१०%), र<br>(छ) प्रशासनिक दण्ड जरिवाना (५%) ले वृद्धि हुन सक्ने मान्यतामा आधारित। |
| चौथो परिदृश्यः<br>४,६९,८७,१२,०००<br>(४६.२७%) | (क) सवारी साधन कर (१२%),<br>(ख) दहत्तर/बहत्तर (२००%)<br>(ग) मनोरञ्जन कर र पर्यटन शुल्क (२५०%),<br>(ग) घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर (१००%)<br>(घ) विज्ञापन कर (१५०%),<br>(ङ) यातायात क्षेत्रको आम्दानी, व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहालबाट र पदयात्रा (२०%),<br>(च) चालक अनुमति पत्र, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व, व्यवसाय रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर पटके र परीक्षा शुल्क (१५%), र<br>(छ) प्रशासनिक दण्ड जरिवाना (१०%) ले वृद्धि हुन सक्ने मान्यतामा आधारित। |
| पाँचौ परिदृश्यः<br>५,०२,५४,६२,०००<br>(५६.४४%) | (क) चौथो परिदृश्यमा गरिएको आँकलन मध्ये सबैमा १०% भन्दा बढी अनुमान<br>(ख) अन्य १९ प्रकारका स्रोतमा पनि १०% को बढोत्तरीको आँकलन<br>(ग) हालसम्म कत्ति पनि रकम नउठेका (१) कृषि आयमा कर, (२) सडक निर्माण तथा सम्भार र (३) वन रोयल्टीमा पनि परिवर्तन नगरिएको |

| | |
|---|---|
| कोष्ठकभित्रको अङ्कले आ.व. २०७७/७८ को रकमको तुलनामा कति % ले बढी हो जनाउँदछ। | |

माथिको तालिका (क) मा लिएको मान्यताको आधारमा राजस्वको आँकलन गर्दा निम्न प्रकारको राजस्व उठ्न सक्ने आँकलन गर्न सकिन्छ। आधार रकम २०७७/७९ को वास्तविक भन्दा थोरै माथि देखिन्छ।केही शीर्षकमा विगत वर्षहरूमा रकम उठेको तर २०७७/७८ मा नउठेकोले त्यसको सट्टा विगतको औसतले प्रतिस्थापन गरिएकोले हो। प्रथम परिदृश्य अन्तर्गत रू. ३ अर्ब ७१ करोड ८ लाख ७५ हजार राजस्व उठ्न सक्ने देखिन्छ। जसको लागि केही महत्त्वपूर्ण शीर्षक अन्तर्गत मेहनत गरे पुग्ने देखिन्छ। प्रदेशको आन्तरिक राजस्व मध्येको सबैभन्दा ठूलो स्रोत सवारी साधन करबाट प्राप्त हुने रकमलाई मात्र ३% बढाउन सक्ने र विज्ञापन कर २५% ले उकास्न सक्ने हो भने पनि राजस्व प्रशस्त उठ्ने देखिन्छ।त्यस्तै घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर, दहत्तर/बहत्तर, मनोरञ्जन कर र पर्यटन शुल्क बापत राजस्व दोब्बर उठाउन सकिने अवस्था बारे विभिन्न छलफलमा जानकारी आएको थियो। तसर्थ, यो प्रथम परिदृश्य सजिलै हासिल हुन सक्ने देखिन्छ।यो रकम २०७७/७८ मा उठेको रकम को १५.५२% ले माथि रहेको छ।


पहिलो परिदृश्य भन्दा थोरै बढी आशावादी हुँदै सवारी साधन कर अझ बढी (६%) ले बढाउन पनि सकिने देखिन्छ।ढुङ्गा-गिट्टीबाट प्राप्त हुने राजस्वलाई दोब्बर मात्राले जम्मा गर्न पनि नसकिने होइन। गण्डकी प्रदेशमा मनोरञ्जन कर र पर्यटन शुल्क बापतको राजस्व पनि १५०% ले बढाउन सकिने देखिन्छ। त्यस माथि घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर र विज्ञापन कर (५०%); यातायात क्षेत्रको आम्दानी, व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहालबाट र पदयात्रा (१०%), चालक अनुमति पत्र, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व, व्यवसाय रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर, पटके कर र परीक्षा शुल्क (५%) ले वृद्धि हुने हो भने रू. ४ अर्ब १८ करोड ७६ लाख ३८ हजार राजस्व उठाउने लक्ष्य लिन सकिन्छ। यसलाई दोस्रो परिदृश्यको रूपमा लिन सकिन्छ। जहाँ पहिलोलाई भन्दा बढी मेहनत गर्नुपर्ने हुन्छ।यो २०७७/७८ मा उठेको राजस्व भन्दा ३०.३६% ले बढी रकम हो।

आन्तरिक स्रोतलाई अझ मजबुत बनाउने लक्ष्य राख्ने हो भने अघिल्लो भन्दा अझ बढी आशावादी पनि हुन सकिन्छ। यसरी तेस्रो परिदृश्य स्वरूप रू. ४ अर्ब ४४ करोड ३१ लाख ७५ हजार राजस्व उठाउन सकिने देखिन्छ। यो लक्ष्य प्राप्तिको लागि सवारी साधन कर (९%), दहत्तर/बहत्तर, मनोरञ्जन कर र पर्यटन शुल्क (२००%), घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर (७५%), विज्ञापन कर (१००%), यातायात क्षेत्रको आम्दानी, व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहालबाट र पदयात्रा (१५%), चालक अनुमति पत्र, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व, व्यवसाय रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर, पटके कर, परीक्षा शुल्क (१०%), र

प्रशासनिक दण्ड जरिवाना (५%) ले वृद्धि हुने देखिन्छ।यो परिदृश्य हो जुन २०७७/७८ मा उठेको राजस्व भन्दा ३८.३२% ले बढी छ।

तेस्रो परिदृश्यका केही राजस्व सम्बन्धी मान्यताहरूलाई अझ माथि तन्काउन सक्ने र राजस्व प्रशासनिक छरितोपनमा पनि सुधार ल्याउन सक्ने हो भने लगभग रू. ४ अर्ब ६९ करोड, ८७ लाख १२ हजार राजस्व उठाउन सकिने हुन्छ। त्यसको निम्ति सवारी साधन कर (१२%), दहत्तर/बहत्तर (२००%), मनोरञ्जन कर र पर्यटन शुल्क (२५०%), घर जग्गा लगायतको रजिस्ट्रेसन दस्तुर (१००%), र विज्ञापन कर (१५०%) बढी उठाउन सक्नुपर्छ। त्यस्तै गरी यातायात क्षेत्रको आम्दानी, व्यवसाय रजिस्ट्रेसन दस्तुर तथा व्यवसाय कर, सरकारी सम्पत्तिको बहालबाट र पदयात्रा (२०%), चालक अनुमति पत्र, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व, व्यवसाय रजिस्ट्रेसन दस्तुर, सवारी साधन कर, पटके कर, परीक्षा शुल्क (१५%), र प्रशासनिक दण्ड जरिवाना (१०%) ले वृद्धि हुनुपर्ने हुन्छ। यो आकारको राजस्व जम्मा गर्न त्यति सजिलो देखिँदैन। किनकी यो २०७७/७८ मा उठेको रकमको ४६.२७ % ले बढी हो।

चित्र नं. ६.१: राजस्व उठ्न सक्ने पाँच परिदृश्यहरू (हजारमा)




यो अति महत्वाकांक्षी परिदृश्य हो। जहाँ चौथो परिदृश्यमा गरिएको आँकलन वा मान्यतालाई दामासाहीले सबै शीर्षकमा १०% ले बढी राजस्व उठ्ने वा उठाउने अनुमान गरिएको छ। माथि उल्लेख गरिएका शीर्षक बाहेकका अन्य १९ प्रकारका स्रोतमा यो परिदृश्यले १०% को बढोत्तरी हुने आँकलन गरेको छ। तर हालसम्म राजस्व रकम उठ्दै नउठेका कृषि आयमा कर, सडक निर्माण तथा सम्भार र वन रोयल्टीबाट भने कुनै थप राजस्व आउने देखिएको छैन।यो परिदृश्य अन्तर्गत रहेर राजस्व उठ्न सक्ने हो भने रू. ५ अर्ब २ करोड, ५४ लाख ६२ हजार रकम राजस्व उठ्ने छ। जुन २०७७/७८ मा उठेको रकम भन्दा ५६.४४% ले बढी हो।

माथि ब्याख्या गरिएका पाँच परिदृश्यहरुलाई आधार परिदृश्य सहित चोत्र नं.६.१ मा प्रस्तुत गरिएको छ।

## ६.२ आगामी तीन वर्षमा उठ्न सक्ने आन्तरिक राजस्वको लेखाजोखा

गण्डकी प्रदेशको प्राप्त तीन वर्षको आँकडा हेर्दा; (क) चालक अनुमति पत्र, (ख) अन्य राजस्व, (ग) व्यवसाय रजिस्ट्रेसन दस्तुर र (घ) यातायात क्षेत्रको आम्दानी शीर्षकमा विभिन्न दरमा राजस्व घटेको पाईन्छ। प्रशासनिक सुधार र विभिन्न तहका सरकारहरू बिचको तारदम्य मिलाउने हो भने कमसेकम यी शीर्षक अन्तर्गतको राजस्व आ.व. २०७७/७८ को भन्दा घट्ने छैन भनेर मान्न सकिन्छ। तथ्याङ्कमा गत तीन वर्ष मध्ये (क) दहत्तर/बहत्तर, (ख) प्रशासनिक दण्ड जरिवाना, र (ग) अनुदान फिर्ता गरी तीन शीर्षकमा कम्तीमा कुनै एक वर्षको रकम उल्लेख छैन। यसरी खाली रहेको रकमको सट्टा पनि बाँकी वर्षहरू मध्येको औसत रहने भनेर मान्न सकिन्छ। यसरी तयार पारिएको आधारलाई लिएर तत् तत् शीर्षकको आगामी तीन वर्षमा हुन सक्ने राजस्वलाई आँकलन वा प्रक्षेपण गरी तालिका नं. ६.२ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ६.२ : आगामी वर्षहरूमा उठ्न सक्ने आन्तरिक राजस्वको प्रक्षेपण (हजारमा)

| क्र.सं. | शीर्षक | आधार | २०७८/७९ | २०७९/८० | २०८०/८१ | वृद्धिदर |
|---|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | १३७८६९० | १६२९३०३ | १९२५४७३ | २२७५४७८ | ०.१८ |
| २ | घर जग्गा रजिस्ट्रेसन | ६९५९११ | ८७८९३१ | १११००८४ | १४०२०३० | ०.२६ |
| ३ | चालक अनुमति पत्र | २४६५०६ | २४६५०६ | २४६५०६ | २४६५०६ | ०.०० |
| ४ | अन्य प्रशासनिक शुल्क | ३४०२८७ | ५११०७९ | ७६७५९३ | ११५२८५३ | ०.५० |
| ५ | अन्य राजस्व | ३६०० | ३६०० | ३६०० | ३६०० | ०.०० |
| ६ | दहत्तर/बहत्तर | १०९५९९ | १०९५९९ | १०९५९९ | १०९५९९ | ०.०० |
| ७ | व्यवसाय रजिस्ट्रेसन | ८१५५४ | ८१५५४ | ८१५५४ | ८१५५४ | ०.०० |
| ८ | प्रशासनिक दण्ड-जरिवाना | ३४४२६ | ३४४२६ | ३४४२६ | ३४४२६ | ०.०० |
| ९ | यातायात क्षेत्रको आम्दानी | ४६९६८ | ४६९६८ | ४६९६८ | ४६९६८ | ०.०० |
| १० | अनुदान फिर्ता | २५८६८.३ | २५८६८ | २५८६८ | २५८६८ | ०.०० |
| ११ | बेरुजु | ७६२८५ | २४७६३९ | ८०३८९६ | २६०९६३६ | २.२५ |
| १२ | अन्य | २५२०९ | २६९०५ | २८७१५ | ३०६४७ | ०.०७ |
| | कुल जम्मा | ३०६४९०३ | ३६३५८२७ | ४३१३१०१ | ५११६५३६ | ०.१९ |

माथि उल्लेखित मान्यताहरूको आधारमा हेर्दा आर्थिक वर्ष २०७८/७९ मा ३ अर्ब ६३ करोड ५८ लाख २७ हजार राजस्वको आँकलन गर्न सकिन्छ भने आर्थिक वर्ष २०७८/७९ मा उक्त रकम ४ अर्ब ३१ करोड ३१ लाख १ हजारमा उक्लने छ। त्यसरी नै आर्थिक वर्ष २०८०/८१ मा यो रकम ५ अर्ब ११ करोड ६५ लाख ३६ हजार रहने अनुमान गर्न सकिन्छ। यसरी हेर्दा यो वृद्धि १९ % (ज्यामितीय औसतमा) हो। यो रकम यसै परिच्छेदको अघिल्लो भागमा तयार पारिएको अति महत्वाकांक्षी परिदृश्यको नजिक छ।

# परिच्छेद सातः निष्कर्ष तथा सुझावहरू

## ७.१ निष्कर्ष

गण्डकी प्रदेशको कुल राजस्वमा आफ्नो आन्तरिक स्रोतको राजस्वको योगदान तेह्र प्रतिशत भएबाट प्रदेश सरकारको केन्द्र सरकारसँगको परनिर्भरता ठूलो मात्रामा देखिन्छ। अन्य प्रदेशहरुको तुलनामा गण्डकी प्रदेशको आन्तरिक राजस्व माथिको पकड कमजोर देखिन्छ। अधिकांश परिसूचकहरुले आन्तरिक राजस्वमा सातवटै प्रदेशहरुको तुलनामा गण्डकी प्रदेशलाई पाँचौ नम्बरमा स्थापित गरेको पाइन्छ। अतः आन्तरिक राजस्व बढाउने अवयवहरुको खोजी हुन जरुरी छ। प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतको राजस्व बढाउन सकेमा सङ्घीय सरकारको वित्तीय सङ्घीयता बढी अर्थपूर्ण र प्रभावकारी देखिन्छ। प्रदेश सरकारका प्रमुख आन्तरिक कर राजस्वका स्रोतहरुमा सवारी साधनकर, घरजग्गा रजिस्ट्रेसन, दहत्तर बहत्तर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर मात्र पर्दछन्। कृषि आयमा कर शून्य देखिन्छ भने मनोरञ्जन कर र विज्ञापन करको योगदान नगन्य देखिन्छ। दहत्तर बहत्तर कानूनी हिसाबमा विवादास्पद छ। हालसम्मको स्थितिमा आन्तरिक कर राजस्वका स्रोतहरुमा सवारी साधनकर र घरजग्गा रजिस्ट्रेसनले ठूलो हिस्सा ओगटेको देखिन्छ। गैरकर राजस्वमा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना पर्दछन्। अतः आन्तरिक राजस्व बढाउन यिनै शीर्षकहरुमा खेल्नुपर्ने र प्रयास गर्नुपर्ने हुन्छ। आन्तरिक स्रोतको राजस्वको योगदान न्यून भएतापनि यसलाई बढाउन सक्ने सम्भावनाहरु प्रशस्त छन्। स्थलगत निरीक्षणबाट प्राप्त नतिजा अनुसार ढुङ्गागिट्टी बालुवा र दहत्तर बहत्तरको योगदान तीन गुणासम्म बढाउन सक्ने सम्भावना छ भने घरजग्गा रजिस्ट्रेसनको राजस्व पचास प्रतिशतले बढ्ने सम्भावना छ। सवारी साधन करमा चुहावट नियन्त्रणको वलियो सम्भावना छ। स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार मनोरञ्जन कर र विज्ञापन करको योगदान दोब्बर भन्दा माथि बढाउन सकिने छ। प्रशासनिक दक्षता र आधुनिक प्रबिधिको प्रयोगले गैरकर राजस्व (सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानालाई) बढाउन सकिने सम्भावना छ। प्राकृतिक सम्पदाको हिसाबमा गण्डकी प्रदेश धनी मानिन्छ। सङ्घीय सरकारबाट प्राप्त हुने रोयल्टी अन्य प्रदेशहरुको तुलनामा यो प्रदेशको उच्च छ।

आन्तरिक स्रोतको राजस्व बढाउन ढुङ्गागिट्टी बालुवा सहितको दहत्तर बहत्तर विगतमा कानूनी रुपमा प्रदेश सरकारको आन्तरिक राजस्वको स्रोत रहेको हुनाले यसलाई पुनः आन्तरिक राजस्वको स्रोत कायम गर्न अरु प्रदेश सरकारसँग सहकार्य गर्दै कानुन संशोधन गर्ने रणनीति अवलम्वन गर्ने मनोरञ्जन कर र विज्ञापन करको दायरा बढाउन प्रशिक्षण कार्यमा व्यापकता ल्याउने सवारी साधनकर छल्ने प्रवृत्ति निरुत्साहित गर्ने घरजग्गा रजिस्ट्रेसनको मूल्याङ्कन परिमार्जन गर्दै घर घडेरी तथा शहरी विकासका कार्यहरुलाई समानान्तर रुपमा विकसित गर्ने सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, र दण्ड जरिवानालाई आधुनिक प्रविधिसँग गाँस्दै असुलीमा प्रभावकारिता ल्याउने र राजस्व प्रशासन राजस्व मैत्री र प्रविधि प्रयोगमा सक्षम वनाउने रणनीतिहरु अवलम्वन गर्नुपर्ने हुन्छ।

## ७.२ प्रदेश सरकारको कर राजस्वका स्रोतबारे सुझावहरू

### ७.२.१ मनोरञ्जन कर

- सिनेमा, डकुमेन्ट्री, मेला महोत्सव, नाचगृह, फनपार्क, आदि ठाउँहरूमा यो कर लगाउन सकिने छ। अतः प्रदेश सरकारले स्थानीय सरकारसँग मिली सिनेमा, डकुमेन्ट्री, मेला महोत्सव, नाचगृह, फनपार्क, आदिको विकास र निर्माणमा जोड दिँदा मनोरञ्जन करको आयको मात्रा पनि बढ्ने छ।
- डुङ्गा चलाउने, ऱ्याफ्टिङ्ग गर्ने, बन्जीजम्प, प्याराग्लाइडिङ, खेल दर्शन, गायन महोत्सव, तिरेर पाइने टि.भी. सेवा आदि कार्यहरूमा पर्यटन शुल्कसँग नदोहोरिने गरी मनोरञ्जन कर लगाउने सम्भावना छ।
- शुक्लागण्डकी नगरपालिकामा आएको सुझाव अनुसार केही कार्यक्रमहरू जस्तै रक गार्डेन, सहिद लालध्वज पार्क, एक्ले डाँडा एकीकृत पर्यटकीय क्षेत्रहरूमा प्रदेश तथा स्थानीय पालिकाहरूले संयुक्त लगानी गरी सो क्षेत्रको विकास निर्माण गरेमा त्यसबाट प्राप्त हुने आयमा वृद्धि भई त्यसले संयुक्त रूपमा कर आय बढ्ने देखिन्छ। अतः यस्ता कार्यक्रमहरू अरू पालिकाहरूमा पनि लागु गर्न सकिने छ।
- छिमेकी मुलुक भारतमा प्रदेशगत मनोरञ्जन कर फरक फरक लगाएको पाइन्छ। पर्यटकीय स्थानको बाहुल्य रहेको गण्डकी प्रदेशले अरू प्रदेशको भन्दा फरक दरको मनोरञ्जन कर पनि लगाउन सक्ने छ। मनोरञ्जन करको दर तोक्ने अधिकार प्रदेश सरकारलाई छ।
- अधिकांश पालिकाहरूमा मनोरञ्जन कर राजस्व शून्य उठेको देखिन्छ। यो करको सम्भावना सहरी क्षेत्रमा ज्यादा देखिन्छ। त्यसैले नगरपालिकाका क्षेत्रहरूमा मनोरञ्जन करको सम्भावना र कर लगाउने विधिबारे प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु राम्रो हुनेछ।

### ७.२.२ विज्ञापन कर

- अधिकांश पालिकाहरूमा विज्ञापन कर पनि शून्य उठेको देखिन्छ। यो कर पनि सहरी क्षेत्रमा बढी केन्द्रित भएको देखिन्छ। एफएमहरूमा प्रशारण हुने विज्ञापनमा पनि विज्ञापन कर लगाउन सकिनेछ। छापाहरूमा (किताब, पत्रिका, मुखपत्र) हुने विज्ञापनहरूमा कर लगाउन सकिने छ।
- पुतलीबजार, व्यास आदि नगरपालिकाहरूमा विज्ञापन कर उठाउन ठेक्कामा दिने गरेको पाइएको छ। जिल्ला सदरमुकामस्थित नगरपालिकाहरूले ठेक्कामा दिनु भन्दा विज्ञापन युनिटको कार्यालय छुट्टै खोलेर कर उठाएमा विज्ञापन कर राजस्वमा वृद्धि गर्न सकिनेछ। कानुनतः विज्ञापन करको दर स्थानीय सरकारले तोक्ने र उठाउने जिम्मा पनि स्थानीय सरकारलाई दिइएको छ।
- प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन र नियमन सूचना र सञ्चार हेर्ने मन्त्रालयले गर्नुपर्ने प्रावधान छ। विज्ञापन ऐन विपरीत काम गर्ने व्यक्तिलाई रु. एक लाखसम्म जरिवाना गर्न सक्ने भएको हुँदा सूचना तथा सञ्चार मन्त्रालयले बेलाबखत अनुगमन गर्न उचित रहनेछ।
- स्थानीय स्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन र नियमन सूचना र सञ्चार हेर्ने स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। विज्ञापन नियमन गर्ने ऐन, २०७६ विपरीत काम गर्ने

व्यक्तिलाई स्थानीय तहको न्यायिक समितिको आदेशले एक लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। यसको कार्यान्वयन कतै भएको पाइएन। महानगरपालिकामा यो नियमको अभ्यास गर्न सकिने छ।

- अधिकांश पालिकाहरूमा विज्ञापन कर पनि शून्य उठेको देखिन्छ। स्थानीय तह विज्ञापन करका बारेमा अलि अनविज्ञ रहेकाले यस सम्बन्धमा प्रशिक्षण दिन अनिवार्य देखिन्छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को (ग) का अनुसार विज्ञापन करको दर निर्धारण र सङ्कलन गाउँपालिका वा नगरपालिकाले गर्ने भनिएको छ। भारतमा पनि विज्ञापन करको दर निर्धारण गर्ने जिम्मा स्थानीय निकायहरुलाई दिइएको छ। अतः स्थानीय निकायहरुलाई यो कार्यमा सक्षम बनाउन जरुरी छ।

### ७.२.३ ढुङ्गा, गिट्टी र बालुवामा दहत्तर/बहत्तर

- स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार गाउँपालिका तथा नगरपालिकाहरूले वार्षिक ठेक्कामा परिमाण तोकेर ढुङ्गागिट्टी, बालुवा उठाउन दिने वा बिक्री गर्ने चलन छ।ठेकेदारले के कति मात्रामा ढुङ्गागिट्टी, बालुवा उठायो भनी अनुगमन गर्ने चलन छैन। गाउँपालिकाको रोहबरमा गिट्टी, बालुवा उठाएको मात्राको नापजोख भएको पनि देखिँदैन। स्थानीय वासिन्दाका अनुसार तोकिएको परिमाण भन्दा धेरै बढी मात्रामा ढुङ्गागिट्टी, बालुवा उठाएको पाइन्छ। नापजोख र अनुगमन गर्ने गरेमा हालको भन्दा राजस्व तीन गुणा बढ्न सक्ने सम्भावना छ।
- केही गाउँ तथा नगरपालिकाहरूमा मापदण्ड विपरीत स्थापना भएका क्रसर उद्योगहरू छन्। ढुङ्गागिट्टी, बालुवा सम्बन्धी उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ को उपदफा १ का अनुसार क्रसर उद्योगहरू राजमार्ग तथा नदी किनारबाट ५०० मिटरको दूरी भन्दा टाढा हुनुपर्ने भनिएको छ। उदाहरणका लागि शुक्लागण्डकी नगरपालिकामा सञ्चालित क्रसर उद्योग यो मापदण्ड विपरीत देखिन्छ। मापदण्ड विपरीतका क्रसर उद्योगहरूको स्थापनाले चोरी निकासीको सम्भावना बढी हुने र चोरी निकासीको आशङ्का गर्ने ठाउँ पनि दिन्छ। अतः यस्ता उद्योगहरूको वैधताको छानबिन गर्नुपर्ने हुन्छ। यो भएमा राजस्व बढ्ने छ।
- प्रदेश सरकारले दररेट तोके तापनि गाउँ तथा नगरपालिकाहरूले आ-आफ्नो हिसाबले निर्धारण गरेको पाइएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदेश सरकारलाई दररेट तोक्ने अधिकार दिएको छ। अतः यसमा एकरूपता कायम हुन आवश्यक छ।

### ७.२.४ ऐन संशोधन

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ लाई आर्थिक ऐन, २०७५ को दफा ३४ ले खारेज गरिदिंदा प्रदेश सरकारको राजस्वमा ठूलो धक्का लाग्ने देखिन्छ। अतः अन्य प्रदेशसँग मिली संयुक्तरूपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को पुन स्थापनाका लागि लबिङ गर्न अत्यन्त जरुरी छ।
- यो दफामा प्रदेश वा गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँटको शीर्षक राखिएको छ। यस शीर्षकको उपदफा (१) (घ) अनुसार ढुङ्गा,

गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने भनिएको छ। यसबाट प्रष्ट हुन्छ कि ढुङ्गा, गिट्टी, र बालुवामा प्रदेश र स्थानीय सरकारको दोहोरो स्वामित्व रहन्छ। यो दफा रहँदासम्म गण्डकी प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ का अनुसार रोडा, ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ भन्ने प्रावधान विधिसम्मत देखिन्छ। आर्थिक ऐन, २०७५ को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ खारेज गरेको हुँदा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, दहत्तर बहत्तर आदिमा प्रदेश सरकारको साझा अधिकारको क्षेत्रमा अन्योलता भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ पुनर्जीवित गर्न आवश्यक छ।

- यो दफाको खारेजीले मनोरञ्जन कर विज्ञापन कर र पर्यटन शुल्कमा समेत अन्यौलता प्रदान गर्नेछ। अतः यो दफाको बचाउ जरुरी छ।
- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन गरिएको छ। यो संशोधनमा दफा ६२ पछि ६२ (क) थपिएको छ। संशोधन पछिको दफा ६२ (क) का अनुसार गाउँपालिका वा नगरपालिकाले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बिक्री गर्न सक्नेछन् र बिक्रीबाट प्राप्त रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ। यसैलाई आधार मानी केही नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बिक्रीबाट प्राप्त रकमको ४० प्रतिशत रकम प्रदेश सरकारमा नपठाएको पाइएको छ। अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) को नम्बर ३ संशोधन गर्नुपर्ने देखिन्छ।

### ७.२.५ घर जग्गा रजिस्ट्रेसन

- स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार सहरी क्षेत्रका घर जग्गाहरूको मूल्याङ्कन बजार मूल्य भन्दा न्यून हुने गरेको छ। सरकारी मूल्याङ्कन बजार मूल्यको २५ प्रतिशत भन्दा पनि कम हुने हुँदा घर जग्गा रजिस्ट्रेसन गर्ने काम सरकारी दरबाटै हुने गरेकाले यसबाट प्राप्त हुने राजस्व कम हुने गरेको हो। समय सन्दर्भअनुसार घर जग्गाहरूको मूल्याङ्कन दर पनि पुनरावलोकन गर्नुपर्ने हुन्छ। प्राप्त सूचना अनुसार प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा बस्ने समितिले मूल्याङ्कन दर निर्धारण गर्ने गर्दछ। यसको पुनर्मूल्याङ्कन डेढीले मात्रै बढाए पनि सरकारी दर बजार मूल्यको लगभग ३७ प्रतिशत हुने गर्दछ। यसो गरेमा घर जग्गा रजिस्ट्रेसनबाट प्रदेश सरकारलाई प्राप्त हुने राजस्व ३५ करोडले बढ्ने छ।
- घर जग्गाहरूको सरकारी मूल्याङ्कन दर निर्धारण गर्दा पक्की तथा कच्ची बाटोले ठूलो असर पारेको हुन्छ। पक्की बाटोमा परेका घर जग्गाहरूको मूल्याङ्कन दर उच्च हुने र कच्ची बाटोमा परेका घर जग्गाहरूको दर न्यून हुने गर्दछ। प्रदेश सरकारको प्रमुख काम भनेको प्रदेशभित्र पक्की सडकको सञ्जाल विकास गर्नु पनि हो। त्यसैले नगरपालिकाको बस्तीहरूमा पक्की सडक

विस्तार गर्ने काममा नगरपालिकालाई प्रेरित गरेमा प्रदेश सरकारको र स्थानीय तहको राजस्व बढ्ने हुन्छ।

- घर जग्गाहरूको कारोबारमा प्राइभेट वकिलहरूको पनि त्यतिकै सक्रियता देखिन्छ। बिचौलियाहरूको ठूलो चलखेल भएको देखिन्छ। यसको सट्टामा मालपोत कार्यालयमा सरकारी तहबाटै कर्मचारीहरू खटाई एउटा छुट्टै कार्यालय खडा गरी सेवा प्रदान गरेमा राजस्व बढ्ने सम्भावना भएको हुँदा यसको छुट्टै लघु अनुसन्धान गर्नु राम्रो हुनेछ।

### ७.२.६ सवारी साधन कर

- प्रदेश सरकारको प्रमुख राजस्वको स्रोत भनेको सवारी साधन कर हो। सवारी साधनमा धेरै करका दरहरू छन्। यस्तो दर सवारी साधनको मूल्य, सवारी साधनको सी.सी. आदिमा भर पर्दछ। अन्य मुलुकका तुलनामा नेपालमा सवारी साधन कर उच्च रहेको भनिन्छ। देशभित्र सवारी साधन नबन्ने भएका कारणले सवारी साधनको करको दर बढाउन प्रत्युपादक हुनेछ।
- नेपालमा पुराना गाडीहरूको बाहुल्यता रहेको हुनाले दुर्घटनाको दर पनि उच्च रहने र वातावरण प्रदूषण पनि उच्च रहने गरेको छ। यसैले यसलाई नियन्त्रण गर्न सवारी साधनहरूको आयु र तिनले पार गरेको दूरीको आधारमा सवारी साधनको करको दर आनुपातिक हिसाबमा बढाउँदै लैजान उपयुक्त हुनेछ।
- गण्डकी प्रदेश सरकारको प्रमुख स्रोतको रूपमा सवारी साधन कर रहेको देखिन्छ। तथापि कार्यालयगत तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा दर्ता भएका सवारी साधनको तथ्याङ्क अनुसार कम्तीमा २ अर्ब उठ्नु पर्ने सवारी साधन कर १ अर्ब ३७ करोड मात्र सङ्कलन भएको देखिन्छ। यस अर्थमा गण्डकी प्रदेशमा दर्ता भएका सबै सवारी साधन धनीले कर नबुझाएको प्रष्ट हुन्छ। तसर्थ दर्ता भई नवीकरण नभएका सवारी साधनहरूको विवरण तयार गरी सवारी धनीहरूलाई कर तिर्न ताकेता गर्न सकिन्छ। ट्राफिक प्रहरीको सहयोगमा उक्त सवारी साधनहरूलाई प्रयोगको बखत जरिवाना सहित कर उठाउने व्यवस्था गर्न सकिन्छ। प्रविधिको प्रयोग मार्फत सवारी साधन कर बुझाउने प्रक्रिया सहज बनाई कर तिर्न प्रोहत्साहन गर्न सकिन्छ।
- हरेक गाउँ तथा नगरपालिकाहरूमा प्राइभेट (निजी) क्षेत्रले डोजरहरू किन्ने र भाडामा लगाएर आय आर्जन गरेको पाइन्छ। यस्ता डोजरहरू दर्ता त हुने तर नवीकरण नगर्ने र कर पनि नतिर्ने प्रवृति देखिएको छ। सार्वजनिक निर्माणको ठेक्का सम्झौतामा सवारी साधन र मेसिनरीको अनिवार्य नवीकरण पेश गर्नुपर्ने प्रावधान राखेमा वा त्यस्ता प्रावधान कडाइकासाथ कार्यान्वयन गरेमा थप राजस्व सङ्कलन हुने देखिन्छ।
- निर्माण उद्योगहरूमा प्रयोग हुने Cement Roller गाउँ तथा नगरपालिकामा घर निर्माण तथा अन्य निर्माणका कार्यमा व्यापक रूपमा प्रयोग हुँदै आएको पाइन्छ। यस्तो उपकरण करको दायरामा नआएको हुँदा ल्याउन जरुरी छ। यसले प्रदेश सरकारको राजस्व वृद्धिमा ठूलो सहयोग गर्नेछ।

### ७.३ प्रदेश सरकारको गैरकर  राजस्वका स्रोतबारे सुझावहरू

#### ७.३.१ सेवा शुल्क दस्तुर

- प्रदेश सरकार अन्तर्गतको कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयले एफएम रेडियो, टेलिभिजन लगायतका अनुमति तथा नवीकरण गर्नुपर्ने कार्य गरिरहे तापनि कानुनको अभावमा उक्त क्षेत्रबाट सेवा शुल्क लिन सकिएको छैन। तसर्थ यथाशीघ्र प्रदेश सरकारले यसतर्फ ध्यान दिन जरुरी देखिन्छ।
- लघु, घरेलु तथा साना उद्योग दर्ता सम्बन्धमा धेरै उद्योग स्थानीय स्तरमा मात्र दर्ता भएकोले प्रदेश सरकारको कार्यक्रमको नीतिमा नै प्रदेशमा दर्ता हुन प्रेरित गर्नुपर्छ। यसबाट प्रदेशमा सञ्चालित उद्योगहरूको तथ्याङ्क उपलब्ध हुन्छ र नवीकरणका लागि सोही अनुसार ताकेता, नवीकरण बिलम्ब दस्तुर लगायतका सेवा शुल्क तथा दस्तुर प्राप्त गर्न सकिन्छ।
- प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम जस्तैः सीप विकास तालिम, व्यवसाय सूचीकरण तथा अन्य सम्भावित वार्षिक कार्यक्रम (व्यवसाय लक्षित र विपन्न लक्षित रहित) मा दर्ता शुल्क भनी नयाँ स्रोत सङ्कलनको व्यापक सम्भावना रहेको देखिन्छ।

#### ७.३.२ पर्यटन शुल्क

- सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तर्गत रहेको र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले पनि राजस्व प्रशासन सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको क्षेत्र पर्यटन शुल्क हो। गण्डकी प्रदेश सरकारले पर्यटकीय क्षेत्रमा प्रत्येक वर्ष ठूलो लगानी गरेको छ र यस प्रदेशमा पर्यटकीय सम्भावना पनि अत्यधिक नै छ। तथापि सरकारको लगानीलाई सरकारको राजस्वसँग जोड्न सकिएको छैन।
- स्थानीय स्तरमा प्रदेश कार्यालय नरहेको अवस्थामा थप कार्यालय भन्दा एकल कर प्रशासनलाई प्रदेश सरकारले लागु गरी स्थानीय तहमार्फत पर्यटकीय स्थल पहिचान, राजस्व सङ्कलन तथा बाँडफाँटको व्यवस्था गर्न उपयुक्त देखिन्छ।
- स्थानीय सरकार सञ्चालन  ऐन, २०७४ को दफा ६४ को  उपदफा १ (ङ) का अनुसार पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सङ्कलन गर्ने भनिएको छ। यसैमा उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र सङ्कलन गर्ने भनिएको छ। दफा ६४ को शीर्षक पनि "प्रदेश वा गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँट" राखिएकोबाट सहलगानी र प्रतिफलको बाँडफाँटको सम्भावना रहन्छ। सहलगानी तथा प्रतिफल बाँडफाँटका माध्यमबाट पर्यटन क्षेत्रको विकास, सम्वर्द्धन र संरक्षणका साथै दुवै तहको सरकारको आम्दानीको मुख्य स्रोतका रूपमा यसलाई विकास गर्न सकिने देखिन्छ।

#### ७.३.३ दण्ड जरिवाना

- प्रदेश कानुन बमोजिम उल्लेखित कर तथा गैरकर राजस्व समयमा नबुझाउने तथा प्रदेश कानुन उल्लङ्घन गर्ने समयमा दण्ड स्वरूप जरिवाना लिने विश्वव्यापी प्रचलन रहेको छ। यसका लागि

प्रत्येक क्षेत्रको तथ्याङ्क अध्यावधिक हुनु जरुरी छ। जस्तै घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका, दर्ता नभई सञ्चालनमा रहेका तथा नवीकरण नभएका उद्योगको तथ्याङ्क यकिन गर्न सकिएमा सोही अनुसार जरिवाना निर्धारण गरी शुल्क असुल गर्न सकिन्छ।

- यसैगरी यातायात क्षेत्रमा सवारीको तथ्याङ्क, नवीकरण नभएका सवारी चालक अनुमति पत्रका तथ्याङ्क, दर्ता भई नवीकरण नभएका यातायात सेवाका तथ्याङ्क, प्रदेशबाट अनुमति प्राप्त गरेका तर नवीकरण नभएका एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिकाको तथ्याङ्क आदिको विवरण उपलब्ध भएमा दण्ड जरिवानालाई प्रभावकारी स्रोतको रूपमा विकास गर्न सकिन्छ। यसैले प्रदेश सरकारलाई यथाशक्य छिटो यी तथ्याङ्कहरू अपडेट राख्न सुझाव दिइएको छ।
- यसका साथै नियम कानुन उल्लङ्घन जस्तै सवारी चलाउँदा फोन प्रयोग गरेको लगायतका पहिचान भइसकेका विषयहरूमा कडा अनुगमन र सङ्कलनको संयन्त्र तयार गर्न सकिन्छ। सार्वजनिक स्थानमा धुम्रपान, मदिरा सेवन गरी सार्वजनिक कार्यक्रममा सहभागी भएको लगायतका आवश्यक विषयहरू पहिचान गरी जरिवानाको व्यवस्था गर्नुपर्छ।

### ७.३.४ प्रविधि र राजस्व प्रशासन

- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम सूचना प्रविधिको जिम्मेवारी प्राप्त संस्था (मन्त्रालय) मा प्राविधिक जनशक्तिको रुपमा १ जना सूचना प्रविधि अधिकृतस्तर आठौं मात्र रहेकोमा मन्त्रालयमा सूचना प्रविधिको छुट्टै महाशाखा खडा गरी सोही अनुसारको दरबन्दी व्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ। राजस्व प्रशासनलाई प्रविधिमा जोड्नु जरुरी छ।
    - प्रशासनमा सूचना प्रविधिलाई समाहित गरी सार्वजनिक प्रशासन तथा सेवा प्रवाह सरलीकरणको पहिलो शर्त भनेको नै स्पष्ट Business Process हो। अतः मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर र पर्यटन शुल्कको business process निर्माण गर्नु उपयुक्त हुनेछ।
    - प्रदेश सरकारको राजस्व प्रशासनको सबैभन्दा ठूलो क्षेत्र यातायात क्षेत्रको आम्दानी अन्तर्गतका सवारी साधन कर, सवारी साधन अनुमति पत्रको आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र, बाटो इजाजत दस्तुर लगायतका कर तथा गैरकर राजस्व तिर्न समेत लाइनमा बस्नुपर्ने अवस्था हटाउन मौजुदा प्रणाली EDLVRS मा e–payment को integration आवश्यक छ।
    - सवारी चालक अनुमति पत्रको भुक्तानी e–payment मार्फत हुन सकेमा समयमा नै शुल्क प्राप्त गरी राजस्वको निर्धारित लक्ष्य हासिल गर्न सकिन्छ। यसका साथै यस क्षेत्रका अन्य आम्दानी जस्तैः सडक रुट इजाजत, यातायात सेवा पञ्जीकरण, प्रमाणीकरण, पटके दस्तुर लगायतका सेवाहरु प्रणालीमा आबद्ध गरेमा राजस्व प्रशासनमा व्यापक सुधार हुने देखिन्छ।
    - राजस्व प्रशासन सम्बद्ध कार्यालयहरूको स्तरोन्नति (Digital citizens charter, Waiting room with free wifi, Washroom, Drinking water, e–Token System etc ) गर्नु जरुरी छ। प्रत्येक कार्यालयहरूमा सहायता कक्षको व्यवस्था गर्नुपर्ने छ।

- प्रविधिमैत्री कर्मचारीको छनौट गरी प्रोत्साहन सहित सेवा प्रदायक कार्यालयहरूमा व्यवस्थापन गर्दा राजस्व अभिवृद्धि हुनेछ।
- राजस्व प्रशासन तथा सेवा प्रदायक कार्य प्रक्रियामा सरलीकरण (उदाहरणः विवरण भर्नुपर्ने फारमहरूको ढाँचा सरलीकरण, Online Form, एकद्वार प्रणालीको कार्यान्वयन आदि) गर्नु राम्रो हुनेछ।
- Province Data Center को कार्यलाई तीव्रता प्रदान गरी समानान्तर रूपमा प्रणाली विकास तथा कार्यान्वयन गर्नु पर्नेछ।

राजस्व प्रशासनसँग सम्बन्धित तथ्याङ्कको डाटाबेस तयार गरी क्षेत्रगत रूपमा उठ्नु पर्ने राजस्वको विवरण तथा सङ्कलित राजस्वको तुलनात्मक अध्ययन मार्फत थप सुधारतर्फ अग्रसर हुनु पर्दछ। (उदाहरणः गण्डकी प्रदेशमा दर्ता भएका सवारीको विवरण र वार्षिक सवारी साधन कर सङ्कलनको तुलनात्मक विश्लेषण गर्ने, नवीकरण नभएका सवारीको विवरण तयार गर्ने, प्रत्येक ट्राफिक प्रहरीसमक्ष उक्त विवरण पुऱ्याउने र प्रहरीले स्थलगत अनुगमन तथा कारबाही गरी सवारी साधन करका अतिरिक्त थप जरिवाना प्राप्त गर्न सकिन्छ।

राजस्वको वृद्धिमा मद्दत पुग्ने गरी बजेट तथा कार्यक्रम तयार पार्ने, राजस्व प्रशासनमा सुधार गर्ने, प्रदेशको अधिकार भित्रका क्षेत्रमा राजस्व संकलन कार्यलाई तदारुकता दिने, स्थानीय तह तथा सङ्घ सरकारसँग राजस्व संकलनका सम्बन्धमा सहकार्य तथा अधिकारको उपयोग गर्ने, सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गरी नागरिकलाई आकर्षित गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने, राजस्व वृद्धिको दीर्घकालीन रणनीतिक योजना बनाई राजस्वको नियमित वृद्धिमा जोड दिन सकेमा प्रदेश सरकारको प्रभावकारिता वृद्धि हुनुका साथै वित्तीय सङ्घीयता सफल हुने देखिन्छ।

## सन्दर्भ सामाग्री

नेपाल सरकार (२०७४)। *स्थानीय सरकार सञ्चालन ऐन २०७४*। सिंहदरवार: नेपाल सरकार

गण्डकी प्रदेश सरकार (२०७५)। *गण्डकी प्रदेशको कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५*। पोखरा: गण्डकी प्रदेश सरकार।

नेपाल सरकार (२०७७)। *ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७*। सिंहदरवार : नेपाल सरकार

कुश्मा नगरपालिका (२०७७)।*राजस्व सुधार कार्य योजना*। कुश्मा: कुश्मा नगरपालिका।

पोखरा महानगरपालिका (२०७७)। *राजस्व सुधार कार्य योजना*। पोखरा: पोखरा महानगरपालिका।

नेपाल सरकार (२०७६)। *विज्ञापन (नियमन गर्ने) ऐन, २०७६*। सिंहदरवार : नेपाल सरकार।

नेपाल सरकार (२०७६)। *अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४*। सिंहदरवार: नेपाल सरकार।

नेपाल सरकार (२०७५)। आर्थिक ऐन, २०७५। *नेपाल राजपत्र, भाग २, खण्ड ६८, अतिरिक्ताङ्क १४*।

नेपाल सरकार (२०७२)। *नेपालको संविधान, २०७२*। सिंहदरवार: नेपाल सरकार।

नेपाल सरकार (२०७६)। *विज्ञापन (नियमन गर्ने) ऐन, २०७६*। सिंहदरवार: नेपाल सरकार।

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७५

गण्डकी प्रदेश सरकार ( २०७८)। *आर्थिक ऐन, २०७८*। पोखरा: गण्डकी प्रदेश सरकार

https://doit.gov.np/np/page/objectives
https://mocit.gov.np/pages/work-area
https://molcpa.gandaki.gov.np/pages/about-us
https://nitc.gov.np/assets/img/fileSystem/download/20-11-09-125331-ICT-Policy-2072.pdf
https://rajaswa.fcgo.gov.np/#/auth/login
https://www.dolrm.gov.np/office/dept/content/description-of-public-access-module-१६३४७२४३६६

https://www.fcgo.gov.np/storage/uploads/publications/20210120231033_राजस्व-व्यवस्थापन-सूचना-प्रणाली-सञ्चालन-पुस्तिका_अन्तिम_(wecompress.com)1.pdf

https://www.lawcommission.gov.np/np/?lsvr_document_cat=मौजुदा-कानुनहरु-ऐनहरु

NeGIF Framework for Nepal

Pre-feasibility study report for Datacenter of Gandaki Province, Ministry of Finance, Gandaki Province

# अनुसूची १

## क. पर्वतारोहणबाट प्राप्त रोयल्टी हिस्सा

| क्र. स. | हिमचुलीको नाम | प्रदेश | रोयल्टीको हिस्साको बाँडफाँड |
|---|---|---|---|
| १ | Annapurna 4 (7525 m.) | गण्डकी प्रदेश | १ |
| २ | Ariniko Chuli (6039m.) | गण्डकी प्रदेश | ०.५४३१६१८ |
| ३ | Bhrikuti (6476 m.) | गण्डकी प्रदेश | ०.८९६१३२८ |
| ४ | Chulu East (6584m.) | गण्डकी प्रदेश | १ |
| ५ | Chulu West (6419m.) | गण्डकी प्रदेश | १ |
| ६ | Dhaulagiri I (8167 m.) | गण्डकी प्रदेश | ०.९३९९९८० |
| ७ | Gangapurna (7455m) | गण्डकी प्रदेश | १ |
| ८ | Gaugiri (6110 m.) | गण्डकी प्रदेश | ०.८९६१३२२८ |
| ९ | Himlung (7126m.) | गण्डकी प्रदेश | १ |
| १० | Hiunchuli (6434m.) | गण्डकी प्रदेश | १ |
| ११ | Jarkya Peak | गण्डकी प्रदेश | १ |
| १२ | Manaslu (8163 m.) | गण्डकी प्रदेश | १ |
| १३ | Mt. Amotsang (6393m.) | गण्डकी प्रदेश | १ |
| १४ | Mt. Annapurna III (7555m.) | गण्डकी प्रदेश | १ |
| १५ | Mt. GandharvaChuli (6248m.) | गण्डकी प्रदेश | १ |
| १६ | Mt. Hongde (6556m.) | गण्डकी प्रदेश | ०.५४४८७९१ |
| १७ | Mt. Langju Peak (6426m.) | गण्डकी प्रदेश | १ |
| १८ | Mt. Lugula (6899m.) | गण्डकी प्रदेश | १ |
| १९ | Mt. Nemjung (7139m.) | गण्डकी प्रदेश | १ |
| २० | Mt. Panpoche II (6504m.) | गण्डकी प्रदेश | १ |
| २१ | Mt. Panpoche-I (Pang Phunch 6620m.) | गण्डकी प्रदेश | १ |
| २२ | Mt. Pokharkhang (6348m.) | गण्डकी प्रदेश | १ |
| २३ | Mt.Larkya Peak (6416m.) | गण्डकी प्रदेश | १ |
| २४ | MukotHimal (6087 m.) | गण्डकी प्रदेश | ०.५९०८७८५ |
| २५ | Mustang Himal I (6195 m.) | गण्डकी प्रदेश | १ |
| २६ | Paldor Peak (5903m.) | गण्डकी प्रदेश | ०.१०१४९३३ |
| २७ | Pisang Peak (6091m.) | गण्डकी प्रदेश | १ |
| २८ | PuthaHiunchuli (7246 m.) | गण्डकी प्रदेश | ०.३६६२७८८ |
| २९ | Saribung (6346m.) | गण्डकी प्रदेश | ०.९४०८५६६ |
| ३० | ShiguChuli(fluted peak) (6501m.) | गण्डकी प्रदेश | १ |
| ३१ | Thapa Peak (6012m) | गण्डकी प्रदेश | १ |
| ३२ | Thorong Peak (5751 m.) | गण्डकी प्रदेश | ०.९६२५४८४ |
| ३३ | Tilicho Peak (7134m.) | गण्डकी प्रदेश | १ |
| ३४ | Tobsar Peak (6100 m.) | गण्डकी प्रदेश | १ |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

### ख. विद्युतबाट प्राप्त रोयल्टी हिस्सा

| क्र. स. | आयोजनाको नाम | क्षमता मे. वा. | प्रदेश | रोयल्टीको हिस्साको बाँडफाँट |
|---|---|---|---|---|
| १ | AndhiKhola | ९.४ | गण्डकी प्रदेश | ०.८०६४५१६ |
| २ | Bijayapur-1 | ४.५ | गण्डकी प्रदेश | १ |
| ३ | ChhandiKhola | २ | गण्डकी प्रदेश | १ |
| ४ | DaramKhola-A | २.५ | गण्डकी प्रदेश | १ |
| ५ | Daraundi A | ६ | गण्डकी प्रदेश | १ |
| ६ | Fewa | १.००८ | गण्डकी प्रदेश | १ |
| ७ | Gandak | १५ | गण्डकी प्रदेश | ०.२१३५७९ |
| ८ | Kali Gandaki A | १४४ | गण्डकी प्रदेश | ०.४९५०१३५ |
| ९ | KhudiKhola | ४ | गण्डकी प्रदेश | १ |
| १० | Lower Modi -1 | १० | गण्डकी प्रदेश | १ |
| ११ | Madhya Marsyangdi | ७० | गण्डकी प्रदेश | १ |
| १२ | MadkyuKhola | १३ | गण्डकी प्रदेश | १ |
| १३ | Mardi Khola | ४.८ | गण्डकी प्रदेश | १ |
| १४ | Marsyangdi | ६९ | गण्डकी प्रदेश | १ |
| १५ | MidimKhola | ३ | गण्डकी प्रदेश | १ |
| १६ | ModiKhola | १४.८ | गण्डकी प्रदेश | १ |
| १७ | Radhi Small | ४.४ | गण्डकी प्रदेश | १ |
| १८ | RidiKhola | २.४ | गण्डकी प्रदेश | ०.०८१६३२७ |
| १९ | Rudi A | ८.८ | गण्डकी प्रदेश | १ |
| २० | SardiKhola | ४ | गण्डकी प्रदेश | १ |
| २१ | Seti | १.५ | गण्डकी प्रदेश | १ |
| २२ | SiuriKhola | ५ | गण्डकी प्रदेश | १ |
| २३ | Tatopani | २ | गण्डकी प्रदेश | १ |
| २४ | ThapaKhola | ११.२ | गण्डकी प्रदेश | १ |
| २५ | TheuleKhola HPP | १.५ | गण्डकी प्रदेश | १ |
| २६ | Upper Madi | २५ | गण्डकी प्रदेश | १ |
| २७ | Upper Mardi | ७ | गण्डकी प्रदेश | १ |
| २८ | Upper Marsyangdi A | ५० | गण्डकी प्रदेश | १ |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

## ग. वनवाट प्राप्तहुने रोयल्टीको हिस्सा

. राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टीको हिस्सा

| क.सं. | प्रदेश | रोयल्टी हिस्साको बाँडफाँट |
|---|---|---|
| १ | गण्डकी प्रदेश | १ |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

## घ संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टीको हिस्सा

| क.सं. | संरक्षित क्षेत्रको नाम | प्रदेश | रोयल्टी हिस्साको बाँडफाँट |
|---|---|---|---|
| १ | CHITWAN NP | गण्डकी प्रदेश | ०.३२६०८९५ |
| २ | DHORPATAN HR | गण्डकी प्रदेश | ०.३९२ |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

## ङ. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सम्बन्धमा

| क.सं. | उत्खनन् अनुमति पत्र | खनिज पदार्थ | प्रदेश | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|
| १ | १४८७ ३९३ ०३२ | चुन ढुङ्गा | गण्डकी प्रदेश | ०.३५४१६६४ |
| २ | १७५ ०७१ ७२ | रातो माटो | गण्डकी प्रदेश | १ |
| ३ | ५५ ०७४ ७५ | क्वारजाइट | गण्डकी प्रदेश | १ |
| ४ | ३५ ०६३ ६४ | चुन ढुङ्गा | गण्डकी प्रदेश | १ |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग*

# अनुसूची २

**गण्डकी प्रदेशको आन्तरिक राजस्व रु. हजारमा**

| राजस्व शीर्षक नं. | शीर्षक | ०७५/७६ प्राप्ति | ०७६/७७ प्राप्ति | ०७७/७८ प्राप्ति |
|---|---|---|---|---|
| ११११४ | कृषि आयमा कर | ० | ० | ० |
| ११३१५ | घरजग्गा लगायतको रजिष्ट्रेशन | ४३६२६६ | ५७२४२९ | ६९५९११ |
| ११४५१ | सवारी साधन कर पटके | ५६७२ | ६५० | ० |
| ११४५४ | सडक निर्माण तथा सम्भार | | | |
| ११४७१ | मनोरञ्जन कर | ११२३ | १३९० | ० |
| ११४७२ | विज्ञापन कर | ३९५२ | ३५२१ | १५ |
| ११६१२ | एजेन्सी रजिष्ट्रेशन | ९४४७ | | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर | | १९५९७ | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | १ |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट | | ११९६ | १४४६ |
| १४१५७ | दहत्तर/बहत्तर | | १०४९६८ | २२३८२९ |
| १४१७१ | वन रोयल्टी | | | |
| १४१७१ | वन रोयल्टी | | १२४० | |
| १४१७८ | सवारी साधन कर | | २०७०३ | |
| १४१९१ | पर्यटन शुल्क | २० | ४६ | ० |
| १४१९२ | पदयात्रा | | १४०४ | ५५१ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट | २०७ | ४०९ | ४९८ |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्री | | ७४० | १५४२ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त गैरकर | | ३३६ | १२८२ |
| १४२१७ | नहर तथा कुलो उपयोग बापतको शुल्क | | ६४८ | |
| १४२१८ | विद्युत सेवा शुल्क | | | ७ |
| १४२१९ | अन्य सेवा शुल्क बिक्री | १४१८ | १९७७ | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २९२ | ९३२ | ७६६ |
| १४२२४ | परीक्षा शुल्क | | ८६२ | २६५० |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ६११६६ | ३७२४१ | ४६९६८ |
| १४२२९ | अन्य प्राशासन सेवा शुल्क | १५०८५५ | १९४१८८ | ३४०२८७ |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ८५८९१ | ६१५५३ | ८१५५४ |
| १४२५६ | चालक अनुमति पत्र | २८३११४ | २४९३७२ | २४६५०६ |
| १४२६४ | वन क्षेत्रको अन्य आय | | २० | ५६० |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | | १५ | २ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना | | ५१२८५ | ५१९९३ |
| १४३१३ | धरौटी सदरस्याहा | | ११७ | २२० |
| १४५२९ | अन्य राजस्व | ५७६०९२ | २४८ | ३६०० |
| १५१११ | बेरुजु | ७२३९ | २८३६२ | ७६२८५ |

| | | | | |
|---|---|---|---|---|
| १५११२ | निकासा फिर्ता | | २९०८ | १५६६९ |
| १५११३ | अनुदान फिर्ता | | ३६१०४ | ४१५०१ |
| ३३३४१ | सवारी साधन कर | ९८७१७९ | १०१६०१५ | १३७८६९० |
| | कूल जम्मा | २६०९९३३ | २४१०४७६ | ३२१२३३३ |

*स्रोतः अर्थ मन्त्रालय गण्डकी प्रदेश*

# अनुसूची ३

**गण्डकी प्रदेशले प्राप्त गरेको अनुदान  रु. हजारमा**

| राजस्व शीर्षक | राजश्व शीर्षक | ०७५/७६ प्राप्ति | ०७६/७७ प्राप्ति | ०७७/७८ प्राप्ति |
|---|---|---|---|---|
| १३३११ | समानीकरण अनुदान | ६७७६७०० | ७११२२०० | ७११२६०० |
| १३३१२ | सशर्त अनुदान चालु | ४८५६६४९ | ६०२४०३३ | ४८१६९६० |
| १३३१४ | विशेष अनुदान चालु | १८२३०० | ८६०००० | ५४०००० |
| १३३१६ | समपुरक अनुदान चालु | १२२२०० | ११११६०० | १४९८९०० |
| जम्मा | | ११९३७८४९ | १५१०७८३३ | १३९६८४६० |

*स्रोतः अर्थ मन्त्रालय गण्डकी प्रदेश*

# अनुसूची ४

**गण्डकी प्रदेशलाई बाँडफाँट भई प्राप्त हुने मु.अ. कर र अन्तः शुल्क रु. हजारमा**

| राजस्व शीर्षक | राजश्व शीर्षक | ०७५/७६ प्राप्ति | ०७६/७७ प्राप्ति | ०७७/७८ प्राप्ति |
|---|---|---|---|---|
| ११४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ. कर | ४९०९७७२ | ३७१२३६१ | ५०३३९४७ |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | ११८९६१४ | ११०४७०२ | १४५७१७९ |
| | जम्मा | ६०९९३८६ | ४८१७०६३ | ६४९११२६ |

*स्रोतः अर्थ मन्त्रालय गण्डकी प्रदेश*

## अनुसूची ५

**गण्डकी प्रदेशलाई बाँडफाँट भई प्राप्त हुने रोयल्टी रु. हजारमा**

| राजस्व शीर्षक | राजस्व शीर्षक | ०७५/७६ प्राप्ति | ०७६/७७ प्राप्ति | ०७७/७८ वैशाख सम्म प्राप्ति |
|---|---|---|---|---|
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ० | १५०००० | ६०९६२ |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | १०००० | ४२७ |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | | १०००० | |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | | ११५८८९ | २३४१६२ |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | | ० | ११२०२ |
| जम्मा | | ० | २८५८८९ | ३०६७५३ |

*स्रोतः अर्थ मन्त्रालय गण्डकी प्रदेश*

# अनुसूची ६

## स्थानीय तहसँग छलफलका लागि प्रश्नहरु

**मनोरञ्जन कर**

- मनोरञ्जन कर के के मा लगाउनु भएको छ ?
- मनोरञ्जन कर बापत उठेको रकम कुन कुन कोषमा राख्नु भएको छ ?
- मनोरञ्जन कर बापत उठेको रकम स्थानीय सञ्चित कोषमा र प्रदेश सञ्चित कोषमा के कति राख्नु भएको छ ? छ भने कति छ ?

**विज्ञापन कर**

- विज्ञापन कर का प्रमुख श्रोतहरु के के हुन ?
- विज्ञापन कर बापत उठेको रकम कुन कुन कोषमा राख्नु भएको छ ?
- विज्ञापन कर बापत उठेको रकम स्थानीय सञ्चित कोषमा र प्रदेश सञ्चित कोषमा के कति राख्नु भएको छ ? छ भने कति छ ?

**दहत्तर बहत्तर शुल्क**

- दहत्तर बहत्तर शुल्क लगाउनु भएको छ ?
- दहत्तर बहत्तर शुल्क बापत उठेको रकम कुन कुन कोषमा राख्नु भएको छ ?
- दहत्तर बहत्तर शुल्क बापत उठेको रकम स्थानीय सञ्चित कोषमा र प्रदेश सञ्चित कोषमा के कति राख्नु भएको छ ? छ भने कति छ ?

**रोडा, ढुङ्गा, गिट्टी, बालुवा**

- रोडा, ढुङ्गा, गिट्टी, बालुवा उठाउने वा उठाउन लगाउनु भएको छ ?
- रोडा, ढुङ्गा, गिट्टी, बालुवा उठाउने वा उठाउन लगाउँदा प्रदेश सरकारसँग स्वीकृति लिनु भएको छ ?
- रोडा, ढुङ्गा, गिट्टी, बालुवा बापत उठेको रकम कुन कुन कोषमा राख्नु भएको छ ?
- रोडा, ढुङ्गा, गिट्टी, बालुवा बापत उठेको रकम स्थानीय सञ्चित कोषमा र प्रदेश सञ्चित कोषमा के कति राख्नु भएको छ ? छ भने कति छ ?

**सवारी साधन कर**

- सवारी साधन स्थानीय तहमा के कति दर्ता हुने गरेको छ ?
- सवारी साधन कर के कति उठ्ने गरेको छ ?
- सवारी साधन कर स्थानीय स्तरमा के कसरी उठाउने गरेको छ ?

**जग्गा रजिष्ट्रेशन शुल्क**

- जग्गा रजिष्ट्रेसन स्थानीय तहमा हुन्छ वा मालपोतमा हुन्छ ?
- जग्गा रजिष्ट्रेसन बापत उठेको रकम कुन कुन कोषमा राख्नु भएको छ ?
- जग्गा रजिष्ट्रेसनबाट उठेको रकम स्थानीय सञ्चित कोषमा र प्रदेश सञ्चित कोषमा के कति राख्नु भएको छ ? छ भने कति छ ?

**सशर्त अनुदानको रकमको उपयोगको स्थिति**

**विगत तीन वर्षको राजस्वको स्थिती** Excell Sheet **मा दिनु होला ।**

# अनुसूची ७

## प्रदेश स्तरमा छलफलका लागि प्रश्नहरु

**कृषि आय**

- कृषि आयमा कर लगाउने चलन छ ?
- के कस्तो कृषि आयमा कर लगाउने गरिएको छ ?
- कृषि आयमा कर विस्तार गर्ने सभावना कस्तो छ ?

**सवारी साधन कर**

- सवारी साधन प्रदेश तहमा  के कति दर्ता हुने गरेको छ ?
- सवारी साधन कर के कति उठ्ने गरेको छ ?
- सवारी साधन कर  प्रदेश  स्तरमा के कसरी उठाउने गरेको छ ?

सेवा शुल्क दस्तुर

- के कस्ता सेवा शुल्क लगाउनु भएको छ ?
- नयाँ सेवा शुल्कको सम्भावना कस्तो छ ?
- अन्य प्रशासनिक सेवा शुल्क भन्नाले के बुझिन्छ ? यस अन्तर्गत के के शीर्षकहरु पर्दछन् ?

**पर्यटन शुल्क**

- प्रदेश स्तरका के कस्ता पर्यटन शुल्क उठाउने गर्नु भएको छ ?
- प्रदेश स्तरका के कस्ता नयाँ पर्यटन शुल्क उठाउने सम्भावना  छ ?
- प्रदेशस्तरीय पर्यटकीय स्थलहरु कहाँ कहाँ छन् ?

**दण्ड जरिवाना**

- प्रदेश स्तरका के कस्ता दण्ड जरिवाना उठाउने गर्नु भएको छ ?
- प्रदेश स्तरका के कस्ता नयाँ दण्ड जरिवाना उठाउन सक्ने सम्भावना  छ ?

**जग्गा रजिष्ट्रेशन शुल्क**

- जग्गा रजिस्ट्रेसनको राजस्व बढाउने सम्भावनाहरु के के छन् ?

**मनोरञ्जन कर**

- मनोरञ्जन करका नयाँ सम्भावनाहरु के के छन?
- मनोरञ्जन करका दर परिवर्तन गर्न सकिने सम्भावना कस्तो छ ?

**विज्ञापन कर**

- विज्ञापन करका नयाँ सम्भावनाहरु के के छन् ?
- विज्ञापन करका दर परिवर्तन गर्न सकिने सम्भावना कस्तो छ ?

**विगत तीन वर्षको प्रदेश सरकारको राजस्वको स्थिति** Excell Sheet **मा दिनु होला ।**

# अनुसूची ८

**छलफलमा सहभागीहरुको नामावली**

**शुक्लागण्डकी नगरपालिका, तनहुँ,**

| | | |
|---|---|---|
| १ लिलावल्लभ न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | | मोबाइल नं. ९८५६०००४११ |
| २ अनिता खनाल | आ.ले.प. अधिकृत | मोबाइल नं. ९८५६०४३४१७ |
| ३ रामचन्द्र सुवेदी | शाखा अधिकृत | मोबाइल नं. ९८५६०३८२२९ |
| ४ लक्ष्मण लम्साल | शाखा अधिकृत | मोबाइल नं. ९८५६०१४३०५ |
| ५ कपिला पौडेल | लेखा अधिकृत | मोबाइल नं. ९८४९७००२१५ |
| ६ ई.तारापती भट्टराई | इञ्जिनियर | मोबाइल नं. ९८५६०८६३४५ |
| ७ कृष्ण प्रसाद अवस्थी | PFME PLGSP | मोबाइल नं. ९८५६०५६१६० |
| ८ प्रा.डा. राम प्रसाद ज्ञवाली | प्राध्यापक त्रि.वि. | मोबाइल नं. ९८४१८०१८७५ |

**व्यास नगरपालिका, तनहुँ,**

| | | |
|---|---|---|
| १ डिल्लीराम सिग्देल | प्रमुख प्रशासकीय अधिकृत | मोबाइल नं. ९८५६०२९३९९ |
| २ हेमन्त गुरुङ | लेखा. अधिकृत | मोबाइल नं. ९८५६०००३०३ |
| ३ विमला गिरी | शाखा अधिकृत | मोबाइल नं. ९८५६०६०१७३ |
| ४ अर्जुन कुमार श्रेष्ठ | ना.सु. | मोबाइल नं. ९८४६०९०००४ |
| ५ सन्तोष गोडार | वडा सचिव | मोबाइल नं. ९८४०६५५००९ |
| ६ कृष्ण प्रसाद अवस्थी | PFME PLGSP | मोबाइल नं. ९८५६०५६१६० |
| ७ प्रा.डा. राम प्रसाद ज्ञवाली | प्राध्यापक त्रि.वि. | मोबाइल नं. ९८४१८०१८७५ |

**पुतली वजार नगरपालिका, स्याङ्जा**

| | | |
|---|---|---|
| **१** सृजना लामिछाने | लेखापाल, | मोबाइल नं. ९८४६०५२८७८ |
| २ भोजराज ढकाल | लेखा अधिकृत | मोबाइल नं. ९८५६०३१२५५ |
| ३ रमेश घर्ती | प्रमुख प्रशासकीय अधिकृत ` | मोबाइल नं. ९८५६०७५१११ |
| ४ डा.रेशम बहादुर थापा पराजुली | सह प्राध्यापक, त्रि.वि. | मोबाइल नं. ९८४१७००९०५ |
| ५ प्रा.डा. राम प्रसाद ज्ञवाली | प्राध्यापक त्रि.वि. | मोबाइल नं. ९८४१८०१८७५ |

**विनयी त्रिवेणी गाउँपालिका**

| | | |
|---|---|---|
| **१.**डम्मर बहादुर जिसी | गा.पा. प्रमुख | मोबाइल नं. ९८४७००६८०२ |

| | | |
|---|---|---|
| २ राजु सुवेदी | लेखा अधिकृत | मोबाइल नं. ९८४७१४६१७६ |
| ३ कृष्ण प्रसाद अर्याल | स्थानीय | मोबाइल नं. ९८५७०४६८२१ |
| ४ कृष्ण रेग्मी उपप्राध्यापक | राममणि बहुमुखी क्याम्पस | मोबाइल नं. ९८५७०३५५८३ |

**कुश्मा नगरपालिका**

| | | |
|---|---|---|
| **१.** ढाकाराम लामिछाने | लेखा अधिकृत | मोबाइल नं. ९८४७६२०९९० |
| २. धनपानी पौडेल | लेखा अधिकृत | मोबाइल नं. ९८५७६३६०१९ |
| ३. ध्रुवराज पौडेल | प्रशासकीय अधिकृत | मोबाइल नं. ९८५७६२०१४१ |
| ४.डा.रेशम बहादुर थापा पराजुली | सहप्राध्यापक, त्रि.वि. | मोबाइल नं. ९८४१७००९०५ |

**वागलुङ्ग नगरपालिका**

| | | |
|---|---|---|
| १ पुरुषोत्तम सापकोटा | प्रशासकीय अधिकृत | मोबाइल नं. ९८५७६२०४१६ |
| २ गीता सापकोटा | आ.ले.प. अधिकृत | मोबाइल नं. ९८४७६२१७७१ |
| ३.अर्जुन गौतम | आ.ले.प. अधिकृत | मोबाइल नं. ९८५७६३०४१६ |
| ४ धन प्रसाद पोखरेल | सुचना अधिकारी | मोबाइल नं. ९८५६०३७७३७ |
| ५.डा.रेशम बहादुर थापा पराजुली | सहप्राध्यापक, त्रि.वि. | मोबाइल नं. ९८४१७००९०५ |

**अर्थमन्त्रलय**

| | | |
|---|---|---|
| १ बैकुण्ठ प्रसाद अर्याल | प्रदेश सचिव | मोबाइल नं. ९८५११३८७४४ |
| २ वसन्त राज तिवारी | प्रमुख राजस्व | मोबाइल नं. ९८५६०८३६८३ |
| ३ गीता धिमिरे | शा.अ. | मोबाइल नं. ९८४९७८८७११ |
| ४ कल्पना देवी सापकोटा | अधिकृत | मोबाइल नं.९८४७६३३७४७ |
| ५ कृष्ण प्रसाद पौडेल | अधिकृत | |
| ६ कृष्ण प्रसाद पोखरेल | लेखा अधिकृत | |
| ७ नारायण प्रसाद बास्तोला | शाखा अधिकृत स्तर सातौ | |
| ८.उदयराज भट्टराई | शाखा अधिकृत | |
| ९. रामेश्वर ढुंगाना | अधिकृत छैठौ | |
| १० बसन्त राज ढकाल | अधिकृत छैठौ | |
| ११.डा.रेशम बहादुर थापा पराजुली | सहप्राध्यापक, त्रि.वि. | मोबाइल नं. ९८४१७००९०५ |
| १२ प्रा.डा. राम प्रसाद ज्ञवाली | प्राध्यापक, त्रि.वि. | मोबाइल नं. ९८४१८०१८७५ |

**मुख्यमन्त्रीको कार्यालय**

**१** मनमाया भट्टराई पंगेनी सचिव

**२०७९/०३/१७ को कार्यशाला गोष्ठीमा सहभागी महानुभावहरु**

| | | | |
|---|---|---|---|
| १ | डा. रघुराज काफ्ले | उपाध्यक्ष | प्रदेश नीति तथा योजना आयोग |
| २ | डा. सुवास अधिकारी | सदस्य | प्रदेश नीति तथा योजना आयोग |
| ३ | श्री माया तिम्सिना | सदस्य | प्रदेश नीति तथा योजना आयोग |
| ४ | श्री मनमाया भट्टराई पंगेनी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ५ | श्री बैकुण्ठ प्रसाद अर्याल | सचिव | अर्थ मन्त्रालय |
| ६ | श्री प्रेम राज गिरी | सचिव | प्रदेश नीति तथा योजना आयोग |
| ७ | श्री बद्रीराज ढुङ्गाना | सचिव | वन वातावरण तथा भू संरक्षण मन्त्रालय |
| ८ | श्री केशवराज ढकाल | प्र.ले.नि. | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| ९ | श्री यामप्रसाद सुवेदी | उप सचिव | आन्तरिक मामिला मन्त्रालय |
| १० | श्री वसन्तराज तिवारी | उप सचिव | अर्थ मन्त्रालय |
| ११ | डा. गृष्म नेउपाने | उप सचिव | भू.व्य.कृ.स.ग.नि. मन्त्रालय |
| १२ | श्री राज कुमार श्रेष्ठ | सि.डि.ई. | भौतिक पूर्वाधार, श.वि.तथा या.व्य.मन्त्रालय |
| १३ | श्री मुक्ति नारायण भण्डारी | उप सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १४. | श्री प्रवीण ढकाल | उप सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १५ | भोजराज न्यौपाने | उप सचिव | शि.सं. वि. प्र. तथा सामाजिक विकास मन्त्रालय |
| १६ | श्री पशुपति सुवेदी | को.अडिटर | EPI |
| १७ | श्री प्रवेश गौतम | सहायक निर्देशक | पोखरा उद्योग वाणिज्य संघ |
| १८ | श्री दिनेश प्रसाद आचार्य | उप सचिव | पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| १९ | श्री घनश्याम पौडेल | उप सचिव | युवा तथा खेलकुद मन्त्रालय |
| २० | प्रा.डा. राम प्रसाद ज्ञवाली | प्राध्यापक | अर्थशास्त्र केन्द्रीय विभाग त्रि.वि. |
| २१ | डा. रेशम थापा पराजुली | सह प्राध्यापक | अर्थशास्त्र केन्द्रीय विभाग त्रि.वि |
| २२ | श्री रमेशचन्द्र पौडेल | सह प्राध्यापक | अर्थशास्त्र केन्द्रीय विभाग त्रि.वि |
| २३ | श्री गीता घिमिरे | रा.अधिकृत | अर्थ मन्त्रालय |
| २४ | श्री कल्पना सापकोटा | रा.अधिकृत | अर्थ मन्त्रालय |

| | | | |
|---|---|---|---|
| २५ | श्री रजनी थापा मगर | ........ .. | PLGSP |
| २६ | श्री वीरेन्द्र पराजुली | .......... | PLGSP |
| २७ | श्री अनुजय भट्टराई | विद्यार्थी | |
| २८ | श्री कृष्णप्रसाद सुवेदी | अधिकृत | पोखरा महानगरपालिका |
| २९ | श्री रामप्रसाद वाग्ले | अधिकृत आठौ | प्रदेश नीति तथा योजना आयोग |
| ३० | श्री मोतिलाल ढकाल | अधिकृत छैठौ | प्रदेश नीति तथा योजना आयोग |
| ३१ | श्री नवराज पौडेल | अधिकृत | प्रदेश नीति तथा योजना आयोग |
| ३२ | श्री मेघ बहादुर बस्नेत | लेखापाल | प्रदेश नीति तथा योजना आयोग |
| ३३ | श्री सिर्जना थापा | कम्प्युटर अपरेटर | प्रदेश नीति तथा योजना आयोग |
| ३४ | श्री इन्द्र कुमारी जिसी | सहायक स्तर पाँचौ | |

**प्रदेशगत राजस्व विज्ञ**

| | | |
|---|---|---|
| १ श्री बैकुण्ठ प्रसाद अर्याल | सचिव | अर्थ मन्त्रालय, गण्डकी प्रदेश |
| २ डा खिमलाल देवकोटा | सांसद | राष्ट्रिय सभा |
| ३.डा.गोपीकृष्ण खनाल | सह सचिव | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |